- **सम्पादकीय**
  लोकतान्त्रिक गणतन्त्रको लहर २
- **आवरण**
  लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान किन ? - **युवराज कार्की** ३
  जनअभियानको उद्देश्य तथा कार्यक्रम ५
  सिंगो पङ्क्तिलाई गणतन्त्रको पक्षमा परिचालन गर्छौं - **वामदेव गौतम** ७
- **राष्ट्रिय राजनीति**
  पुनःस्थापित प्रतिनिधिसभाका चार महिना – **भरतमोहन अधिकारी** ८
- **प्रतिवेदन**
  राजनीतिक प्रतिवेदनका मुख्य अंश ११
  संविधानसभाको निर्वाचनका सन्दर्भमा पार्टी नीति १५
- **विश्लेषण**
  अन्तरिम संविधान र नेकपा (एमाले) को सुझाव – **टीकाराम भट्टराई** १६
- **दृष्टिकोण**
  राज्यको पुनःसंरचना र पार्टी नीति - **शंकर पोखरेल** १८
- **वहस**
  संविधानसभामा महिलाको भूमिका– **नारायणी शर्मा** २१
- **चिनारी**
  चुलाई महरा २३
- **सम्मेलन सन्दर्भ**
  समसामयिक सवालमा विद्यार्थी दृष्टिकोण – **खिमलाल भट्टराई** २४
- **विश्व**
  कसरी सेलायो स्पेनमा कम्युनिस्ट आन्दोलन – **अग्निशिखा** २६
- **कविता**
  जलप्रवाह – **बासुदेव अधिकारी** २७
- **संस्कृति**
  परिवर्तित परिस्थिति र नयाँ राष्ट्रिय गान– **अमर गिरी** २८
- **टिप्पणी**
  खबरदारी र साझेदारी नागरिक समाजको भूमिका – **डा. अर्जुन कार्की** २९
  पेट्रोलियम पदार्थको मूल्यबृद्धिको सङ्केत – **कोमल भट्टराई** ३१
- **सरोकार**
  सामुदायिक वनः समस्या र समाधान – **आनन्दप्रसाद पोखरेल** ३२
- **कथा**
  घर छ/ घर छैन – **विष्णु रिजाल** ३४
- **कृति**
  स्वप्निल सहर ३६

# लोकतान्त्रिक गणतन्त्रको लहर

*मुलुकको राजनीति अझै अस्थीर छ, अन्यौलपूर्ण छ । आन्दोलनताका एक भएको शक्ति नजानिदो ढङ्गले विभाजित हुँदैछ, बिखण्डित हुँदैछ । अहिले यस्तो नभैदिए हुन्थ्यो भन्ने पवित्र चाहना परिवर्तनकामी जनताको हृदयमा कुँदिएको छ । तर नेपालको राजनीतिसँग जनभावनाको सम्मान गर्नसक्ने साहस जुटिसकेको छैन । त्यो प्रायः आफैँ भित्रका अन्तरविरोधहरूमा हराउँछ र बेथितिपूर्ण कामकारबाहीहरू गर्छ । यतिमात्र होइन, मूल उद्देश्यका लागि एक भएका राजनीतिक शक्तिहरू त्यो उद्देश्य प्राप्त नहुँदै आ-आफ्नो बाटोतिर तन्किन्छन्, आफ्नो बाटा बनाउन थाल्छन् ।*

*नेपालमा अहिले यही भएको छ । जमिन्दार पूँजीपतिहरूको वर्गीय हीतको स्वार्थरक्षा गर्ने राजनीतिक शक्तिहरू एउटा कित्तामा समेटिने कोशिस गरिरहेका छन् भने श्रमजीवी जनताप्रति पक्षधरता रहेका राजनीतिक शक्तिहरू अर्को कित्तामा समेटिने प्रयत्नमा छन् । सम्बैधानिक राजा र लोकतान्त्रिक गणतन्त्र बीचको विवाद यही वर्गीय सङ्घर्षको द्वन्द हो । शोषणको कित्तालाई समेट्नेजति सबै सम्बैधानिक राजातिर तानिन थालेका छन् भने शोषणविरोधी कित्ताका पक्षधरहरू लोकतान्त्रिक गणतन्त्रको मार्गमा अग्रसर भैरहेका छन् ।*

*विचार अभिव्यक्तिलाई कहिल्यै पनि तिरस्कार गरिनु हुन्न । मुखले प्रजातन्त्रको गीत गाउने र व्यवहारमा सामन्तवादको निरन्तरतालाई तन्काइरहने पुँजीपति वर्गका राजनीतिक खेलाडीहरूको जस्तो व्यवहार जनपक्षीय राजनीति गर्नेहरूले देखाउनु हुँदैन । हामीले एक्लो दौडमा प्रथम हुने होइन, दर्जनको दौडमा पहिलो हुने गरी मिहिनेत गर्नुपर्छ ।*

*यही मिहिनेतको सम्बोधन हो लोकतान्त्रिक गणतन्त्रको जनअभियान । केन्द्रीय कमिटीको बाह्रौँ बैठकले सर्वसम्मतीबाट गरेको यो निर्णयको कार्यान्वियनको खाका पनि बनिसकेको छ । उक्त खाकालाई हामीले नवयुगको यसै अङ्कमा समावेश गरेका छौँ । लोकतान्त्रिक गणतन्त्रको जनअभियानमा पाठ्यसामग्रीको अनिकाल नलागोस् भन्ने उद्देश्यले हामीले यस अङ्कमा लोकतान्त्रिक गणतन्त्रको जनअभियानको अवधारणा, पार्टी केन्द्रीय कमिटीले गरेका निर्णयहरूसँगसँगै गएको चार महिनामा जनआन्दोलनको बलमा पुनःस्थापित भएको प्रतिनिधिसभाले गरेका महत्वपूर्ण जनपक्षीय कामकारबाहीलाई पनि समेटेका छौँ ।*

*नेपाली राजनीतिमा अध्ययनहीनताको विमारी लागेको छ अहिले पनि । नवयुग पढ्न नपाउनु पार्टीका महत्वपूर्ण एवम् आधिकारिक निर्णयको जानकारी नपाउनु हो भन्ने चेतना हाम्रो पार्टीका आधा भन्दा बढी जिल्ला कमिटीहरूमा पलाउनै सकेको छैन । तिनीहरू पछाडिँदै जानेछन् भन्ने हामीलाई थाहा छ । किनभने राजनीति अखबारका टाउका हेरेर सञ्चालित हुँदैन । त्यसका लागि पार्टीको राजनीतिक अवधारणा, पार्टीको कार्यनीतिक सोच र त्यसको निरन्तरताका सम्भावनाहरूको अध्ययन अत्यन्तै जरुरी हुन्छ । नेपालमा नवयुग बाहेक अर्को कुनै पनि पत्रिकाले आधिकारिकताको यस्तो सुनिश्चितता गर्दैन ।*

*अध्ययनको यही गम्भिरतालाई बुझेर ग्राहक अभियान सञ्चालन गरेर, आफूले पाउने कमिशनलाई पनि ग्राहक प्रतिमा रूपान्तरित गरेर अध्ययनको अभियानलार्य फैलाउनु आवश्यक छ ।*

# लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान किन ?

**' युवराज कार्की**

कुनै पनि वस्तु, घटना या प्रक्रियाको विकास मानिसको इच्छाभन्दा स्वतन्त्र आफ्नै नियमको आधारमा हुन्छ । मार्क्सवादले मान्दै आएको यो नियम हालै सम्पन्न हाम्रो देशको ऐतिहासिक जनआन्दोलनको सन्दर्भमा पनि लागू हुन्छ । राजा ज्ञानेन्द्रको तानाशाही शासनका विरुद्ध आन्दोलन सुरु गर्दा हामीले यसलाई जनक्रान्तिकै स्तरमा पुऱ्याउँला भनेर कुनै योजना बनाएका थिएनौं । तर, नेपाली जनताले निरङ्कुश राजतन्त्रविरुद्धको आन्दोलनलाई सात दलको पूर्वयोजनाभन्दा अघि बढेर शान्तिपूर्ण जनक्रान्तिको उचाइमा पुऱ्याइदिए र नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहासमा नयाँ कीर्तिमान कायम गरिदिए । मुलुकको लोकतान्त्रीकरण र अग्रगामी रूपान्तरणको पक्षमा रहेका जोसुकैले पनि यो यथार्थलाई स्वीकार गर्नैपर्छ ।

चालू जनक्रान्तिको उद्देश्य सामन्तवादको प्रतिनिधिका रूपमा दुई सय ३७ वर्षदेखि नेपाली जनतामाथि शोषण, दमन, उत्पीडन चलाउँदै आएको शाही राजतन्त्रलाई अन्त्य गरेर मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नु हो । पहिले नै त्यस्तो योजना नबनाइएको भए पनि अग्रगतिको क्रममा चालू शान्तिपूर्ण जनक्रान्तिका दुईटा उपचरण स्पष्ट रूपमा देखापरेका छन् । पहिलो उपचरणमा राजाको हातमा रहेका सम्पूर्ण अधिकारहरू खोसिँदैछन् र राजसंस्थालाई अन्तरिम बनाउने प्रक्रिया जारी छ । अहिले हामीहरू यही उपचरणबाट अघि बढिरहेका छौँ । जनआन्दोलनको बलमा पुनःस्थापित प्रतिनिधिसभाले गत जेठ ४ गते गरेको ऐतिहासिक घोषणा यसै दिशातर्फको एउटा महत्त्वपूर्ण कदम हो । प्रतिनिधिसभाको घोषणाले राजालाई संसद्को संरचनाबाट अलग्याउने, कार्यकारिणी अधिकारबाट वञ्चित गर्ने र किङ् इन पार्लियामेन्टको अवधारणालाई समाप्त पार्ने काम गरेको छ । यो घोषणाले राजतन्त्रको आधारलाई कमजोर बनाएको छ र अग्रगामी परिवर्तनको पक्षमा अनुकूल वातावरण सिर्जना गरेको छ । वर्तमान संयुक्त सरकार र प्रतिनिधिसभा दुवै जनआन्दोलनको जनादेश प्राप्त संस्थाहरू हुन् । यी दुवै संस्थाहरू जनक्रान्तिका कार्यभार पूरा गर्ने औजार पनि हुन् । त्यसैले यी दुवै संस्थाले झिनामसिना सुधारमा अल्झिनुभन्दा जनआन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्न र मुलुकलाई अग्रगमनतर्फ लैजान केन्द्रित भएर लाग्नुपर्छ । शान्तिपूर्ण जनक्रान्तिको यो पहिलो उपचरणमा राजतन्त्रलाई जति ताछ्न र कमजोर बनाउन सकिन्छ, त्यति नै सजिलो गरी दोस्रो चरणमा पुगेर यसलाई निर्मूल गर्न सकिन्छ ।

चालू शान्तिपूर्ण जनक्रान्तिको दोस्रो उपचरणमा संविधानसभाको प्रक्रियाबाट शाही राजतन्त्रको अन्त्य गरिनुपर्छ । त्यसैले यो चालू जनक्रान्तिको निर्णायक उपचरण हो । यो उपचरण पूरा भएपछि मात्र वर्तमान जनक्रान्तिले एउटा सिङ्गो चरण पार गर्नेछ र पूर्णता पनि प्राप्त गर्नेछ । जनक्रान्तिको दोस्रो उपचरण पूरा गर्न सकिएन भने पहिलो उपचरणमा प्राप्त गरेका सम्पूर्ण उपलब्धिहरू फेरि गुम्नेछन् । नेपालमा लोकतन्त्रमाथि जहिले पनि राजतन्त्रबाटै खतरा उत्पन्न हुने गरेको छ । जनता आन्दोलित भएका बेला पछि हट्ने र आन्दोलन शिथिल भएपछि फेरि टाउको उठाउने प्रवृत्ति नेपालको राजतन्त्रमा बारम्बार देखिँदै आएको छ । नेपाली जनता लोकतन्त्रका लागि पटकपटक लडिरहनुपर्ने स्थितिको अन्त्य गर्न चाहन्छन् । यसका लागि राजतन्त्रको अन्त्य हुनुपर्दछ । त्यसैकारण नेपाली जनता यथासक्य चाँडो मुलुकबाट राजतन्त्रको अन्त्य गर्न चाहन्छन् । यसपटक आन्दोलनको मैदानमा उत्रेका विभिन्न वर्ग, तह, पेसा र समुदायका लाखौं जनताले आफ्नो प्रहारको प्रमुख निसाना शाही राजतन्त्रलाई बनाउनु यसको ठोस प्रमाण हो ।

अहिले हाम्रो देश सङ्क्रमणबाट गुज्रिरहेको छ । यो सङ्क्रमणकाललाई यथासक्य चाँडो व्यवस्थापन गरी जनमतसङ्ग्रहको माध्यमबाट राजतन्त्रको अन्त्य गर्नु र संविधानसभाको निर्वाचनबाट मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नु अहिलेको प्रमुख राष्ट्रिय कार्यसूची हो । नेपालको राजतन्त्रले ऐतिहासिक, राजनीतिक र व्यावहारिक सबै हिसाबले आफ्नो औचित्य गुमाइसकेको छ । यसलाई औपचारिक रूपले अन्त्य गरेर मुलुकलाई लोकतान्त्रीकरणको नयाँ युगतर्फ डोऱ्याउने ऐतिहासिक अवसर यतिबेला नेकपा (एमाले) का सामु आएको छ । इतिहासमा यस्ता औसरहरू पटकपटक प्राप्त भइरहँदैनन् । यो अवस्थालाई उपयोग गरेर मुलुकमा क्रान्तिकारी परिवर्तन ल्याउन सकिन्छ कि सकिँदैन भन्ने कुरा हाम्रो पार्टीको दूरदर्शीता, कुशलता र योग्यतामाथि भर पर्छ । त्यसैले यो अवस्थालाई हामीले आफ्नो हातबाट कुनै पनि हालतमा गुम्न दिनुहुन्न ।

आफ्नो औचित्य गुमाइसकेको शाही राजतन्त्रलाई लोकतान्त्रिक तरिकाले बिदाइ गर्न र मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भरपर्दो आधार तयार गर्न नेकपा (एमाले) ले केन्द्रीय कमिटीको बाह्रौं बैठकबाट एउटा विराट जनअभियान सञ्चालन गर्ने निर्णय गरेको छ ।

यही भदौ २० गतेदेखि पुस २० गतेसम्म करिब तीन महिना राष्ट्रव्यापी रूपमा लगातार सञ्चालन गरिने यो अभियानको नाम 'लोकताविक गणतन्त्रका लागि जनअभियान' राखिएको छ । '**संविधानसभाको निर्वाचन गरौं, लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौं**' भन्ने मूल नाराका साथ सुरु गरिएको यस अभियानको उद्देश्य सिङ्गो पार्टीपङ्क्तिलाई क्रियाशील तुल्याउनु, पार्टीपङ्क्तिलाई केन्द्रीय कमिटीका ताजा निर्णयबमोजिम प्रशिक्षित गर्नु, पार्टी र जनताबीचको सम्बन्धलाई सुदृढ तुल्याउनु, पार्टी सदस्यता नवीकरण तथा विस्तार गर्नु, म्याद पुगेका पार्टी कमिटीहरूको अधिवेशन सम्पन्न गर्नु, जनसङ्गठन र पेसागत सङ्गठनका विभिन्न समितिहरूलाई अद्यावधिक गर्नु, बहुसङ्ख्यक नेपाली जनतालाई जनमतसङ्ग्रह र लोकतान्त्रिक गणतन्त्रको

पक्षमा खडा गर्नु, वर्तमान सङ्क्रमणकाललाई शान्तिपूर्ण प्रयत्नबाट संविधानसभामा पुऱ्याउनु र लोकतान्त्रिक गणतन्त्रको आगमनलाई सुनिश्चित तुल्याउनु हो । यो अभियानलाई विभिन्न अञ्चल, जिल्ला र फाँटहरूमा व्यवस्थित रूपले सञ्चालन गर्न सहयोग पुऱ्याउने उद्देश्यले केन्द्रीय उत्प्रेरकहरू खटाइएको छ । अभियानका सम्बन्धमा एकीकृत बुझाइका लागि यही भदौ २०-२१ गते केन्द्रीय कार्यालयमा उत्प्रेरकहरूको बीचमा अभियानको उद्देश्य, योजना र गर्नुपर्ने कामका सम्बन्धमा व्यापक छलफल चलाइएको छ । अभियानका क्रममा गर्नुपर्ने सैद्धान्तिक, राजनीतिक, सङ्गठनात्मक, प्रचार-प्रसार, सङ्घर्ष र रचनात्मक कामहरूको विस्तृत कार्ययोजना पनि बनाइएको छ । अभियानका क्रममा आवश्यकताअनुसार पार्टीका वरिष्ठ नेताहरू पनि जिल्ला-जिल्लाका कार्यक्रमहरूमा सहभागी हुनुहुनेछ । अभियानको अन्त्यमा राजधानीमा एउटा विशाल जनसभाको आयोजना गरिनेछ र सो सभामा केन्द्रका तर्फबाट पार्टीले लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि आफ्नो अठोट र प्रतिबद्धता व्यक्त गर्नेछ ।

एकातिर राजाको प्रतिगमन र अर्कोतिर माओवादी अतिवादले लामो समयदेखि ग्रामीण क्षेत्रको हाम्रो पार्टी काममा नकारात्मक असर पार्दै आएको छ । अहिले जनआन्दोलनबाट प्रतिगमन पराजित भएको छ र माओवादीहरू पनि युद्धविराम गरेर वार्ताको टेबलमा आएका छन् । यसले हामीलाई ग्रामीण क्षेत्रमा पार्टी गतिविधि विस्तार गर्नका निम्ति अनुकूल वातावरण सिर्जना गरेको छ । त्यसैले यो अवसरलाई हामीले ग्रामीण क्षेत्रमा पार्टी कामको विस्तार एवम् सुदृढीकरणका निम्ति भरपूर उपयोग गर्नुपर्छ ।

अहिले हाम्रो मुलुक आमूल परिवर्तनको सँघारमा उभिएको छ । आफैंभित्र जमेर बसेको सुधारवादले गर्दा नेपाली काङ्ग्रेस यो परिवर्तनको नेता हुन सक्तैन । उग्रवामपन्थी अधैर्यताले गर्दा नेकपा (माओवादी) पनि यो परिवर्तनको नेता हुन सक्तैन । शान्तिपूर्ण बाटोबाट आमूल परिवर्तनको पक्षमा रहेको नेकपा (एमाले) मात्र यो परिवर्तनको वास्तविक नेता हुन सक्छ । परिस्थितिले आफ्नो काँधमा सुम्पिएको यो जिम्मेवारीलाई बुझेर नेकपा (एमाले) अघि बढ्नुपर्छ । लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियानले नेकपा (एमाले) लाई युगान्तकारी परिवर्तनको नेताका रूपमा स्थापित गर्नेछ । नेकपा (एमाले) का सम्पूर्ण नेता तथा कार्यकर्ताहरूले समयको यो मागलाई बुझेर अघि बढ्न सक्नुपर्छ ।

## लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियानमा खटिएका अञ्चल तथा जिल्लाका केन्द्रीय उत्प्रेरकहरू

**मेची** - **घनेन्द्र बस्नेत**
ताप्लेजुङ - देवराज घिमिरे
इलाम - नरेश खरेल
पाँचथर - हर्कमान तामाङ
झापा - मनकुमार गौतम, विश्वेश्वरा दाहाल
मजदुर विशेष - मनकुमार गौतम
**कोसी** - **भीम आचार्य**
सङ्खुवासभा - राजेन्द्र गौतम
भोजपुर - हेमराज राई, जयन्ती राई
तेह्रथुम - तुलसी न्यौपाने
धनकुटा - गोपाल गुरागाईं, महिम सुब्बा
सुनसरी - लालबाबु पण्डित, यशोदा अधिकारी
मोरङ - गुरु बराल, शिवमाया तुम्बाहाम्फे
**सगरमाथा** - **सुरेश कार्की**
सोलुखुम्बु - परशु कार्की
ओखलढुङ्गा - जगन्नाथ खतिवडा
खोटाङ - राममणि पोखरेल
उदयपुर - विष्णुबहादुर राउत
सिराहा - सुमन प्याकुरेल, जया घिमिरे
सप्तरी - कमल कोइराला
**जनकपुर** - **रामचन्द्र झा**
सिन्धुली - शङ्करनाथ शर्मा, गोमा देवकोटा, उमा कोइराला
सर्लाही - महेन्द्रराय यादव
महोत्तरी - गङ्गा नेपाल
धनुषा - रत्नेश्वर गोइत, सरिता ढुङ्गाना
**वाग्मती** - **सुरेन्द्र पाण्डे**
रसुवा - शिवबहादुर देउवा
नुवाकोट - महेन्द्र पाण्डे
सिन्धुपाल्चोक - अरूण नेपाल, कमला पराजुली
धादिङ - गङ्गालाल तुलाधर, सुजिता शाक्य

काभ्रे - लालकुमार केसी, शीला कतिला
दोलखा - पशुपति चौलागाईं, आनन्द पोखरेल
रामेछाप - माधव पौडेल
**उपत्यका - ईश्वर पोखरेल**
काठमाडौँ - राजेन्द्र श्रेष्ठ, योगेश भट्टराई, विजय पौडेल
भक्तपुर - कृष्णगोपाल श्रेष्ठ, भानुभक्त ढकाल, कल्पना रिजाल
ललितपुर - सिद्धिलाल सिंह, रघुवीर महासेठ, मीठाराम शर्मा, शुष्मा शर्मा
विद्यार्थी - घनश्याम भुसाल
मजदुर - विष्णु रिमाल
पेसागत - प्रमोद शर्मा
**नारायणी - केदार न्यौपाने**
चितवन - पुरुषोत्तम पौडेल
मकवानपुर - रणध्वज कन्दङ्वा, गरिमा शाह
पर्सा - नरबहादुर खाँड, विभा कार्की
बारा - नागेन्द्र चौधरी
रौतहट - अनन्त पौडेल, कल्याणी खड्का
**गण्डकी - त्रिलोचन ढकाल**
मनाङ - भीम कार्की
कास्की - रघुजी पन्त, सीता गिरी, गजकुमारी गुरुङ
लमजुङ - खगराज अधिकारी, टुका हमाल
गोरखा - वाचस्पति देवकोटा
तनहुँ - मुक्ति शर्मा, शान्ति खनाल
स्याङ्जा - प्रेमनारायण पौडेल, टेकु नेपाली, पद्मा अर्याल
**धवलागिरि - किरण गुरुङ**
मुस्ताङ - श्रीमाया थकाली
म्याग्दी - थममाया थापा, नवराज शर्मा
बागलुङ - रामजी शर्मा, मोहनलाल शर्मा
पर्वत - ऋषिराम शर्मा, गणेश पौडेल
**लुम्बिनी - रामनाथ ढकाल**
गुल्मी - केशव ज्ञवाली
अर्घाखाँची - झपेन्द्र जिसी
पाल्पा - केपी सापकोटा
कपिलवस्तु - रुक्मिणी कुँवर
रूपन्देही - नेत्रप्रसाद पन्थी
नवलपरासी - दलबहादुर राना
मजदुर विशेष - नेत्रप्रसाद पन्थी
**राप्ती - प्रकाश ज्वाला**
रुकुम - रामचन्द्र अधिकारी
रोल्पा - हस्तबहादुर केसी, रिमा नेपाली
सल्यान - वामदेव शर्मा
प्यूठान - वीरबहादुर सिंह
दाङ - छविलाल ओली, मेनका पोखरेल
**भेरी - गोविन्द कोइराला**
दैलेख - यमलाल कँडेल
जाजरकोट - रङ्गनाथ जोशी
सुर्खेत - गौरा कोइराला
बर्दिया - गोविन्द ज्ञवाली
बाँके - लक्ष्मण ज्ञवाली, शान्ति ढकाल
**कर्णाली - डिल्ली महत**
हुम्ला - चन्द्रबहादुर शाही
मुगु - गोरखबहादुर बोगटी
कालीकोट - डिल्लीबहादुर महत
डोल्पा - अमरबहादुर थापा

**सेती** **- भीम रावल**
बझाङ - भानुभक्त जैसी
बाजुरा - महेश्वर पाठक
डोटी - मोहनसिंह राठौर, जीवन राई
अछाम - नवराज जोशी, कुल कुँवर
कैलाली - दिनेश सुवेदी, शारदा भट्ट
**महाकाली** **- उर्वादत्त पन्त**
दार्चुला - गोविन्द कलौनी
बैतडी - रामकुमार ज्ञवाली, माया भट्ट
डडेल्धुरा - भोजराज जोशी, विक्रम शाही
कञ्चनपुर - बद्री कोइराला
प्रवास - छविलाल विश्वकर्मा, खिमलाल पोखरेल, विष्णु गिरी

# जनअभियानको उद्धेश्य तथा कार्यक्रम

१. **अभियानको लक्ष्य तथा उद्देश्य**

पार्टी केन्द्रीय कमिटीको बाह्रौं बैठकले लिएका निर्णयहरू कार्यकर्तासम्म पुऱ्याउन, सङ्गठन विस्तार एवम् सुदृढीकरण गर्न, जनक्रान्तिको स्वरूप ग्रहण गरेको ऐतिहासिक जनआन्दोलनले ल्याएको परिवर्तनको सन्देश जनतासम्म पुऱ्याउन, लोकतान्त्रिक गणतन्त्रको पक्षमा व्यापक जनमत निर्माण गर्न र पार्टीलाई सुदृढ, सुगठित र जनव्यापी बनाउन राष्ट्रव्यापी रूपमा '**लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान**' सञ्चालन गरिनेछ । यो अभियानका लक्ष्य तथा उद्देश्यहरू निम्नानुसार हुनेछन् :

- सिङ्गो पार्टीपङ्क्तिलाई क्रियाशील बनाउनु,
- सम्पूर्ण पार्टी सदस्यलाई केन्द्रीय कमिटीको निर्णयबमोजिम प्रशिक्षित गर्नु,
- पार्टी र जनताका बीचको सम्बन्धलाई सुदृढ तुल्याउनु,
- पार्टी सदस्यता नवीकरण तथा विस्तार गर्नु,
- म्याद पुगेका पार्टी कमिटीहरूको अधिवेशन सम्पन्न गर्नु,
- जनसङ्गठन तथा पेसागत सङ्गठनहरूको केन्द्रदेखि शाखासम्मका कमिटी/समितिहरूलाई अद्यावधिक गर्नु,
- बहुसङ्ख्यक नेपाली जनतालाई जनमतसङ्ग्रह र लोकतान्त्रिक गणतन्त्रको पक्षमा खडा गर्नु,
- वर्तमान सङ्क्रमणकाललाई शान्तिपूर्ण प्रयत्नबाट संविधानसभामा पुऱ्याउनु र लोकतान्त्रिक गणतन्त्रको आगमनलाई सुनिश्चित तुल्याउनु ।

२. **अभियानको मुख्य नारा** : '**संविधानसभाको निर्वाचन गरौँ, लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौँ ।**'

३. **अभियानको अवधि**

यो अभियान यही भदौ महिनाको २० गतेदेखि आरम्भ हुनेछ र पुस महिनाको २० गतेसम्म जारी रहनेछ । असोज महिनाको १३ देखि २१ गतेसम्मका नौ दिन र कात्तिक महिनाको ४ देखि ८ गतेसम्मका पाँच दिन गरी जम्मा १४ दिन यो अभियान स्थगित हुनेछ ।

४. **अभियानमा गरिने कामहरू**

अभियानअन्तर्गत निम्नानुसारका कामहरू सम्पन्न गरिनेछ :

- **सैद्धान्तिक तथा राजनीतिक काम** : यसअन्तर्गत निम्न विषयहरूमा अध्ययन तथा प्रशिक्षण सञ्चालन गरिनेछ :

- केन्द्रीय कमिटीको बाह्रौं बैठकबाट पारित प्रतिवेदन तथा अपानि- १६,
- बदलिएको परिस्थितिका सन्दर्भमा मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवाद,
- राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना,
- परिवर्तित परिस्थितिमा पार्टी निर्माण,
- संविधानसभा, समावेशी लोकतन्त्र र राज्यको पुनःसंरचना,

- समसामयिक राजनीतिक परिस्थिति र आगामी कार्यभार,
- नेपालमा राजतन्त्र र लोकतन्त्रबीचको सङ्घर्षको इतिहास,
- नेपालको लोकतान्त्रिक आन्दोलनमा विभिन्न पार्टीहरूको भूमिका,
- नेकपा (माओवादी) र हाम्रो पार्टीका बीचमा विद्यमान सैद्धान्तिक तथा राजनीतिक मतभिन्नताहरू,
- नेकपा (एमाले) को ऐतिहासिक विवेचना ।
- उपर्युक्त विषयहरूको प्रशिक्षणका लागि थप प्रशिक्षकहरूको आवश्यकता परेमा केन्द्रीय पार्टी स्कुल विभागसँग समन्वय गर्नुपर्नेछ ।

■ **सङ्गठनात्मक काम** : यसअन्तर्गत निम्न कामहरू सम्पन्न गरिनेछ :

- अभियानका उत्प्रेरकहरूको राष्ट्रिय भेला,
- सबै तहका पार्टी कमिटी, विभाग र फ्याक्सनहरूको बैठक,
- अञ्चल, जिल्ला र इलाका/नगरस्तरसम्म कार्यकर्ता प्रशिक्षण भेला,
- पार्टीको सङ्गठित तथा साधारण सदस्यता नवीकरण तथा विस्तार,
- गाविसका प्रत्येक वार्डहरू र महानगर/उपमहानगर/ नगरपालिकाका प्रत्येक टोलहरूमा कुनै न कुनै रूपको पार्टी कमिटी, सङ्गठन कमिटी वा पार्टी सक्रिय दल निर्माण,
- म्याद पुगेका पार्टी कमिटीहरूको अधिवेशनको आयोजना,
- जनसङ्गठन, सामुदायिक सङ्गठन तथा पेसागत सङ्गठनहरूका सबै तहका कमिटी/समितिहरूको बैठक, म्याद पुगेकाहरूको सम्मेलन/अधिवेशन र सदस्यता विस्तार,
- स्थानीय पार्टी कमिटीभित्रका अन्तरविरोधहरूको अध्ययन तथा समाधान,
- जनस्तरबाट पार्टी तथा पार्टीका नेता कार्यकर्ताहरूका सम्बन्धमा आलोचना तथा सुझाव सङ्कलन,
- पार्टी तथा जनसङ्गठनहरूमा प्रवेश गराउने उद्देश्यका साथ पार्टी तथा जनसङ्गठनहरूको झन्डा र व्यानर लिएर गाविस र नगरपालिकाका प्रत्येक घरपरिवारहरूमा घरदैलो,
- राष्ट्रिय कार्यकर्ता भेला र अभियानको मूल्याङ्कन,
- सदस्यता नवीकरण र सङ्गठन विस्तारका क्रममा महिला, जनजाति र दलित तथा मजदुर-किसानहरूलाई पार्टी नीतिअनुरूप प्राथमिकता दिनुपर्नेछ ।

■ **प्रचार तथा सङ्घर्षको काम** : यसअन्तर्गत निम्न कामहरू सम्पन्न गरिनेछ :

- जनक्रान्तिको स्वरूप ग्रहण गरेको ऐतिहासिक जनआन्दोलनले ल्याएको परिवर्तन र त्यसको सन्देशका बारेमा व्यापक रूपमा प्रचार-प्रसार गर्ने,
- सरकार, संसद् र सडकमा नेकपा (एमाले) ले खेलेको भूमिकाका बारेमा व्यापक रूपमा प्रचार-प्रसार गर्ने,
- जनमतसङ्ग्रहमार्फत राजतन्त्रको अन्त्य गर्ने र लोकतान्त्रिक गणतन्त्रका निम्ति बृहत् संयुक्त मोर्चा निर्माण गर्ने,
- संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने तथा नयाँ संविधान र नयाँ नेपाल निर्माणका पक्षमा आमसभा, कोणसभा, गोष्ठी, अन्तरक्रिया, जुलुस तथा ¥यालीहरू सञ्चालन गर्ने,
- जनताका तात्कालिक ज्वलन्त समस्याको अध्ययन र समाधानका लागि प्रयत्न गर्ने ।

■ **सामाजिक सुधार र रचनात्मक काम** : यसअन्तर्गत निम्न कामहरू सम्पन्न गरिनेछ :

- पार्टीका नेता, कार्यकर्ता तथा सम्पूर्ण सदस्यहरूले कम्तीमा पाँच दिन श्रमदान गर्ने र त्यसबापत प्राप्त रकम पार्टीको केन्द्रीय कोषमा जम्मा गर्ने,
- गाउँ र नगरका टोलहरूमा सफाइ अभियान सञ्चालन गर्ने,
- गाउँ, नगर र राजधानीमा सुलभ शौचालय निर्माण तथा भएका सार्वजनिक शौचालयहरू सफाइ गर्ने,
- आमजनताको पायक पर्ने स्थानहरूमा निःशुल्क स्वास्थ्य उपचार शिविर सञ्चालन गर्ने,
- जिल्ला सदरमुकामहरूमा कार्यालय प्रमुखहरूको भेला आयोजना गर्ने र जिल्लाका समस्या समाधानका सन्दर्भमा अन्तरक्रिया सञ्चालन गर्ने,
- जिल्लाका उद्योग-व्यवसायका प्रतिनिधिहरू र जनसङ्गठन तथा पेसागत सङ्गठनका प्रतिनिधिहरूबीच अन्तरक्रिया सञ्चालन गर्ने,

- गाविस र नगरका वार्डहरूमा आमजनताको सहभागितामा स्वयम्सेवक समूह निर्माण गर्ने र उनीहरूलाई जनसुरक्षाका निम्ति परिचालन गर्ने,
- गाउँ र नगरहरूमा राजनीतिक तथा सामाजिक विषयवस्तुमा आधारित भएर सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने,
- स्कुल र क्याम्पसका विद्यार्थी तथा शिक्षकहरूलाई सामाजिक सुधारसम्बन्धी जनचेतना जगाउन परिचालित गर्ने ।

५. **अभियानको कार्यक्रम तथा योजना** : अभियानअन्तर्गत सम्पन्न गर्नुपर्ने निम्न कामहरूका लागि निम्नानुसारको समयतालिका निर्धारण गरिएको छ :

- विशेष निर्देशन- १ जारी भएको मितिदेखि पुस २० गतेसम्म सङ्गठित सदस्यता नवीकरण तथा सङ्गठित र साधारण सदस्यता वितरण गर्ने,
- असोज १ देखि ७ गतेसम्म जिल्ला मातहतका सबै तहका पार्टी कमिटीहरूको बैठक सम्पन्न गर्ने, जनसङ्गठन र पेसागत सङ्गठनका जिल्ला मातहतका सबै तहका समिति/ कमिटीहरूको बैठक सम्पन्न गर्ने,
- असोज ८ गतेदेखि १२ गतेसम्म र २२ गते देखि ३० गतेसम्म पार्टीका अञ्चल तथा जिल्ल्ला कार्यकर्ता प्रशिक्षण भेला सम्पन्न गर्ने,
- असोज १३ गतेदेखि २१ गतेसम्म बिदा,
- असोज ३१ देखि कात्तिक ३ गतेसम्म र कात्तिक ९ देखि ११ गतेसम्म इलाका/नगर स्तरका कार्यकर्ता प्रशिक्षण भेला सम्पन्न गर्ने,
- कात्तिक ४ देखि ८ गतेसम्म बिदा,
- कात्तिक १२ देखि १९ गतेसम्म म्याद पुगेका स्थानीय पार्टी कमिटीहरूको अधिवेशन सम्पन्न गर्ने । सोही अवधिमा जनवर्गीय तथा पेसागत सङ्गठनहरूका प्रशिक्षण भेला सम्पन्न गर्ने,
- कात्तिक २० गतेदेखि २६ गतेसम्म घरदैलो कार्यक्रम सम्पन्न गर्ने,
- कात्तिक २७ गतेदेखि ३० गतेसम्म गाउँ/नगरका जनताका ज्वलन्त समस्या सङ्कलन गर्ने र समाधानका लागि प्रयत्न गर्ने । डेलिगेसन जाने । कार्यालय प्रमुखहरू तथा उद्योग व्यवसायीहरूसँग अन्तरक्रिया सम्पन्न गर्ने । स्कुल-क्याम्पसका विद्यार्थी तथा शिक्षकहरूलाई सामाजिक सुधार तथा नागरिक चेतनाका निम्ति परिचालन गर्ने,
- मङ्सिर १ गतेदेखि ७ गतेसम्म गाउँ, नगर र जिल्लास्तरीय ऱ्याली तथा जनसभाहरू आयोजना गर्ने,
- मङ्सिर ७ देखि १४ गतेसम्म इलाका र जिल्लास्तरमा संविधानसभा, लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र, राज्यको पुनःसंरचना र सामाजिक-आर्थिक क्षेत्रको आमूल परिवर्तनजस्ता विषयहरूमा अन्तरक्रिया तथा गोष्ठी सम्पन्न गर्ने,
- मङ्सिर १५ देखि १९ गतेसम्म पार्टीका सबै नेता, कार्यकर्ता तथा सङ्गठित सदस्यहरूले अनिवार्य रूपमा र अन्य इच्छुकहरूले स्वेच्छिक रूपमा श्रमदान गर्ने र त्यसबाट प्राप्त हुने पारिश्रमिक पार्टी केन्द्रमा पठाउने,
- मङ्सिर २० देखि २२ गतेसम्म गाउँ, नगर, सदरमुकाम र राजधानीमा सफाइ अभियान सञ्चालन गर्ने,
- मङ्सिर २३ देखि २७ गतेसम्म निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने,
- मङ्सिर २८ देखि पुस ५ गतेसम्म अञ्चल सदरमुकामहरूमा विशेष तयारीका साथ शक्तिप्रदर्शनसहित ठूल्ठूला जुलुस तथा सभा सम्पन्न गर्ने,
- पुस ६ गतेदेखि १० गतेसम्म जिल्ला र अञ्चलस्तरमा अभियानको समीक्षा गर्ने र समीक्षा प्रतिवेदन पार्टी केन्द्रमा पठाउने,
- पुस ११ देखि १३ गतेसम्म राजधानी प्रस्थान गर्न तयारी गर्ने । टाढाका जिल्लाबाट १४ गते र नजिकका जिल्लाबाट १५ गते राजधानीका लागि प्रस्थान गर्ने,
- पुस १५ गते राजधानीमा पाँच लाख जनताको उपस्थितिमा विशाल प्रदर्शन तथा जनसभा सम्पन्न गर्ने र लोकतान्त्रिक गणतन्त्र स्थापनाका निमित्त अभियानका रूपमा अघि बढ्न आह्वान गर्ने । यसका लागि जिल्ला-जिल्लालाई जनसहभागिताको कोटा वितरण गरिनेछ,
- पुस १७ देखि १९ गतेसम्म अभियानको मूल्याङ्कन तथा लोकतान्त्रिक गणतन्त्र स्थापनालाई सुनिश्चित तुल्याउने योजना निर्माण गर्न राष्ट्रिय कार्यकर्ता भेला सम्पन्न गर्ने । यस भेलामा केन्द्रीय निकाय, केन्द्रीय विभाग र केन्द्रीय फ्र्याक्सनका सबै सदस्यहरू, अभियानमा खटाइएका केन्द्रीय उत्प्रेरकहरू, पार्टीका अञ्चल समन्वय कमिटीका सदस्यहरू, पार्टी जिल्ला कमिटीका उपसचिवहरू र जनवर्गीय सङ्गठनका केन्द्रमा रहेका पार्टीका सङ्गठित सदस्यहरूको उपस्थिति रहनेछ । उक्त भेलामा संयोजकबाट अभियानको मूल्याङ्कनका सम्बन्धमा प्रतिवेदन प्रस्तुत हुनेछ । छलफलपश्चात् उक्त प्रतिवेदन पारित गरिनेछ र अभियान विधिवत् समापन हुनेछ,
  पुस २० गते अभियानको समापनका अवसरमा चियापान कार्यक्रम आयोजना गर्ने ।

*(लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान सञ्चालन गर्न पार्टीले तयार गरेको विशेष निर्देशनबाट)*

## डोल्पामा जिल्ला अधिवेशन

डोल्पा । नेकपा (एमाले) डोल्पाको तेश्रो जिल्ला अधिवेशन गत साउनमा सम्पन्न भएको छ । अधिवेशनको उद्घाटन पार्टी केन्द्रीय कमिटी सदस्य तथा स्थानीय विकासमन्त्री राजेन्द्रप्रसाद पाण्डेले गर्नुभएको थियो ।

अधिवेशनले हंशबहादुर शाही सचिव र अंगतबहादुर बुढा उपसचिव रहेको १९ सदस्यीय जिल्ला कमिटी चयन गरेको छ । कमिटीका सदस्यहरुमा तुलाचन्द्र बुढा, चिना के.सी., सुन्तली बिसी, जादे ऐडी, सिद्धिमान बुढा, अमरराम बुढा र गोपालबहादुर शाही रहनुभएको छ ।

अधिवेशनलाई पार्टीका कर्णाली अञ्चल समन्वय कमिटीका सचिव तथा सांसद गोरखबहादुर बोगटी, अर्का सांसद चन्द्रबहादुर शाहीलगायतले सम्बोधन गर्नुभएको थियो ।

# सिङ्गो पङ्क्तिलाई गणतन्त्रका पक्षमा परिचालन गर्छौं

### वामदेव गौतम, संयोजक, लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान

**० लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान किन सञ्चालन गर्नुपरेको हो ?**

- निरङ्कुश राजतन्त्रलाई पराजित गर्दै शान्तिपूर्ण जनक्रान्तिको पहिलो चरण समाप्त भएको छ । जनताको शक्तिद्वारा हामीले राजाका सम्पूर्ण निरङ्कुशताहरू समाप्त गरेका छौं । अब नेपाली जनता राजतन्त्रलाई सधैँका लागि समाप्त पार्न चाहन्छन् । लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने जनताको चाहनालाई सफल पार्नका निम्ति हामी मुलुकलाई संविधानसभाको निर्वाचनमा लैजान चाहन्छौं । हामीले अहिलेदेखि नै यसको तयारी गरेनौं भने शान्तिपूर्ण जनक्रान्तिको लक्ष्य पूरा हुन सक्दैन । त्यसको सुनिश्चितताका निम्ति नेपाली जनतालाई जागृत गर्नुपर्छ । त्यो काम नेकपा (एमाले) का नेता र कार्यकर्ताको गतिशीलतामा निर्भर गर्दछ । त्यसका लागि हामीले पार्टीपङ्क्ति परिचालन गर्ने, पार्टी सङ्गठन विस्तार गर्ने, पार्टीमा गतिशीलता पैदा गर्ने, पार्टी र जनताबीचको सम्बन्ध सुदृढ गर्ने र संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नका लागि जनताबीच व्यापक प्रचार-प्रसार गरेर उनीहरूलाई लोकतान्त्रिक गणतन्त्रका निम्ति तयार पार्ने ऐतिहासिक अभिभारा पूरा गर्नका निम्ति हामीले अहिले लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान सञ्चालन गरेका छौं ।

**० यस अभियानबाट पार्टीले के उपलब्धि हासिल गर्ने अपेक्षा गरेको छ ?**

- हामीले यस अभियानबाट पार्टीपङ्क्ति र आमजनता लोकतान्त्रिक गणतन्त्रका लागि थप सचेत, जागरुक र क्रियाशील हुने अपेक्षा गरेका छौं । जनतालाई सचेत बनाउन तीन महिनाको यस अवधिमा हाम्रा नेता-कार्यकर्ताहरू तल्लो तहसम्म परिचालित हुनेछन् । यसले आमजनतामा लोकतान्त्रिक गणतन्त्रका लागि आत्मविश्वास बढ्नेछ ।

**० यो अभियान कहाँसम्म पुग्छ ?**

- हामी यस अभियानमा पार्टीका सम्पूर्ण सङ्गठित र साधारण सदस्यहरूलाई परिचालित गर्छौं । हामी केन्द्रदेखि तल्लो तहसम्मका सबै कमिटीहरूलाई सम्पूर्ण रूपले परिचालित गर्छौं । आफ्नो क्षेत्रमा जनवर्गीय सङ्गठनहरू यस अभियानका लागि परिचालित हुन्छन् । अन्य सङ्घसंस्था वा निकायमा रहेका नेकपा (एमाले) का सदस्यहरू यस अभियानमा परिचालित हुन्छन् । हाम्रो सिङ्गो पङ्क्तिका साथै पार्टीप्रति सद्भाव र शुभेच्छा राख्नेहरू पनि यस अभियानका क्रममा कुनै न कुनै रूपमा परिचालित हुन्छन् । यसले सिङ्गो मुलुकमा लोकतान्त्रिक गणतन्त्रका पक्षमा जनमत सिर्जना गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने हामीलाई लागेको छ ।

**० अन्तरिम संविधान, व्यवस्थापिका र सरकारका बारेमा टुङ्गो नलागीकनै जिल्लामा उत्प्रेरक खटाउँदा तलबाट उठ्ने जिज्ञासा कसरी मेटिएलान् ?**

- नेकपा (एमाले) मुलुकमा यथाशीघ्र समस्या समाधान हुनुपर्छ भन्ने पक्षमा छ । नेकपा (माओवादी) सहित सबै राजनीतिक दलहरूको साझा सहमतिमा मुलुकमा अग्रगामी निकास निकाल्नुपर्छ भन्ने हाम्रो प्रतिबद्धता छ । हाम्रो कारणले अहिले कुनै पनि विषय समस्याका रूपमा रहेका छैनन् । हामी गत असार २ गते आठ पार्टीको शीर्ष बैठकबाट भएको सहमतिलाई सम्पूर्ण रूपमा कार्यान्वयन गर्न प्रतिबद्ध छौं । यसप्रति हामी इमानदार र कार्यान्वयनका लागि दृढ प्रयत्न गर्छौं । त्यसैले केन्द्रमा समस्या समाधान नभएका कारण हाम्रो कार्यकर्तापङ्क्तिमा कुनै भ्रम र समस्या छैन । अहिले हाम्रो कारणले समस्या उत्पन्न भएको होइन । हामी दृष्टिकोण र कार्यक्रममा स्पष्ट छौं । यो अन्योलपूर्ण अवस्था चिरेर नेपाली जनतालाई अग्रगमनतर्फ लैजान सकिन्छ भन्नेमा हाम्रो विचार स्पष्ट र दृढ छ । त्यसैले माथिका समस्याले हामीलाई अप्ठ्यारो पार्दैन । सरकारको नेतृत्व गरिरहेका सहित अन्य ठाउँमा रहेका ढुलमुल र सेरेमोनियल राजतन्त्रको पक्षपोषण गर्ने तत्त्वहरूमाथि व्यापक रूपमा जनदबाब सिर्जना गर्छ र छिटोभन्दा छिटो यो काम सम्पन्न हुन सक्छ भन्ने हामीलाई लागेको छ ।

**० सरकारका कामका बारेमा कार्यकर्ताले उठाउने प्रश्नको चित्तबुझ्दो जवाफ कसरी दिनुहुन्छ ?**

- हामी वर्तमान सरकारलाई आलोचनात्मक दृष्टिले हेर्छौं । हामी अन्ध रूपमा यस सरकारको समर्थन वा विरोध गर्दैनौं । हामी यसले गरेका राम्रा कामको समर्थन गर्छौं, गर्न नसकेका कामहरूको आलोचना गर्छौं र गलत कामहरूको विरोध गर्छौं । सरकारमा छौं भनेर हामी चुप लागेर बस्दैनौं । यही मान्यताका साथ केन्द्रीय कमिटीको बैठकमा पनि यसबारेमा कुरा उठेको हो ।

**० केन्द्रीय कमिटीको बैठकपछि सरकारका काममा कुनै सुधार आएको छ ?**

- सरकारले आफ्नो कार्यशैली सुधार गर्नैपर्छ । हामीले सुधार गर्नका लागि दबाब दिइरहेका छौं । जनक्रान्तिको लक्ष्य पूरा गर्नका लागि वर्तमान सरकार जनताको भावना, चाहना र आदशेबमोजिम चल्नुपर्छ ।

**० अन्तरिम संविधान, व्यवस्थापिका र सरकार निर्माणमा भइरहेको ढिलाइ हटाउन पार्टीले के पहल गरिरहेको छ ?**

- पार्टीले पहल गरेको छ । तर, हाम्रो पहलले मात्रै त्यो सम्भव हुँदैन । जनपरिचालन गरेर दबाब सिर्जना नगर्दासम्म सरकारले गति लिन सक्दैन । त्यही भएर हामीले जनपरिचालनको पहल गरेका हौं । सरकारलाई गतिशील र जनभावनाअनुकूल छरितो बनाउन हाम्रा तर्फबाट अधिकतम प्रयत्न भएको छ । हामीले यथाशीघ्र अन्तरिम संविधान, व्यवस्थापिका र सरकार बनाउन पहल गरिरहेका छौं । असार २ गते आठ दलका शीर्ष नेताहरूबीच भएको सहमति कुनै पनि मूल्यमा लागू गराउन हामी दृढ र प्रतिबद्ध छौं ।

**० शीर्षस्थ नेताहरूबीचको सहमति कार्यान्वयन गर्न केले रोकिरहेको छ ?**

- त्यो सहमति कार्यान्वयन नहुनुमा प्रधानमन्त्रीका बोली र व्यवहारहरू जिम्मेवार छन् । केही हदसम्म अन्तर्राष्ट्रिय समुदायको प्रभावमा परेर पनि सत्ताधारी पार्टीमा अन्योल पैदा भएको छ । विश्वास सिर्जना गर्ने काम नगरेर माओवादीले पनि एक हदसम्म समस्या खडा गरेका छन् ।

**० राष्ट्रसङ्घलाई लेखेको पत्रविपरीत माओवादीले आफ्ना लडाकूलाई अस्थायी ब्यारेकमा पनि नराख्ने निर्णय गर्दा वातावरण बिग्रिएन र ?**

- राजनीतिक मुद्दाको समाधानसँगसँगै माओवादीका सेनाहरूलाई पनि ब्यारेकमा राख्ने कुरा गर्नुपर्छ । राजनीतिक कुरा अगाडि नबढीकनै माओवादीका हतियार व्यवस्थापनका मात्रै कुरा गर्दा उनीहरू सशंकित भएका हुन सक्छन्- कतै हामीलाई आत्मसमर्पण त गराइँदै छैन ? यो त माछाहरूलाई किनारतिर ल्याउनुभन्दा रहतिर पठाउने तरिका हो । माओवादी विद्रोहको समाधान समग्रतामा गर्नुपर्छ । त्यसका लागि माओवादी तयार छन् । उनीहरू तयार भएका बेला अनेक निहुँ निकालेर पर धकेल्नुहुँदैन ।

**-विष्णु रिजाल**

# पुनःस्थापित प्रतिनिधिसभाका चार महिना

**' भरतमोहन अधिकारी**

शान्तिपूर्ण जनक्रान्तिको स्वरूप ग्रहण गरेको ऐतिहासिक जनआन्दोलनमार्फत पुनःस्थापित प्रतिनिधिसभाले चार महिनाको अवधिमा नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउनमा आफ्नो ध्यान केन्द्रित गरेको छ । जनताभन्दा माथि कोही छैन र हुन सक्दैन भन्ने मान्यताका आधारमा प्रतिनिधिसभाले यस अवधिमा ऐतिहासिक घोषणा र निर्णयहरू गरेको छ । नेपालको इतिहासमा यी निर्णयहरू युगीन र ऐतिहासिक महत्त्वका सावित हुनेछन् भन्नेमा दुईमत छैन । जनताले रगत बगाएर पुनःस्थापना गरेको प्रतिनिधिसभाले जनतालाई सम्पूर्ण रूपमा अधिकारसम्पन्न बनाउनका लागि नै सबै कामहरू गरिरहेको छ ।

जनआन्दोलनको मर्म, भावना र अपेक्षाबमोजिम प्रतिनिधिसभाले सुरुमै संविधानसभाको निर्वाचनमा जाने घोषणा गरिसकेको छ । जनताका बीचमा गएर उनीहरूकै निर्णयबमोजिमको संविधान निर्माण गर्नुपर्छ भन्ने मान्यताका आधारमा प्रतिनिधिसभाले संविधानसभामा जानका लागि आफ्नो प्रतिबद्धता जनाएको हो । माओवादी विद्रोहको शान्तिपूर्ण समाधानका लागि संविधानसभा नै सबैभन्दा उपयुक्त, आधिकारिक र सर्वमान्य थलो हुनसक्छ ।

जनताले संविधान बनाउने सबैभन्दा लोकतान्त्रिक र मान्य विधि संविधानसभा नै हो । जनताको प्रत्यक्ष मतदानद्वारा निर्वाचित हुने संविधानसभाले बनाउने संविधानले नै जनताको सार्वभौमसत्ताको प्रयोग र अभ्यास गर्ने भएका कारण प्रतिनिधिसभाले संविधानसभाका लागि एकमतले सङ्कल्पप्रस्ताव पारित गरेको हो । सबै प्रकारका निरङ्कुशता र जनविरोधी संरचनाहरूलाई समाप्त पार्दै राष्ट्रलाई समावेशी लोकतान्त्रिक शासन प्रणालीमार्फत अगाडि बढाउन प्रतिनिधिसभाले अग्रसरता लिएको छ । निरङ्कुश राजतन्त्रको अन्त्य गर्दै दिगो शान्ति र समावेशी लोकतन्त्रका लागि जनताले आन्दोलनमा देखाएको अभूतपूर्व सहभागिताको मूल मर्मलाई प्रतिनिधिसभाले आत्मसात् गरेको छ ।

प्रतिनिधिसभाले जेठ ४ गते गरेको ऐतिहासिक घोषणाले नेपाली जनतालाई साँचो अर्थमा सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न बनाएको छ । सो घोषणाबाट राजाका सबै अधिकारहरू खोसिए भने नेपालको भाग्य र भविष्यका निर्माता नेपाली जनता हुन् भन्ने कुरा स्थापित भयो । 'किङ् इन पार्लियामेन्ट' भन्ने पुरानो मान्यता भत्काउँदै प्रतिनिधिसभाले संसद्मा जनताका

प्रतिनिधि मात्र रहने व्यवस्था गरेको छ । प्रतिनिधिसभाले ऐन-कानुन बनाउने सम्पूर्ण अधिकार जनताका प्रतिनिधिका काँधमा मात्र राखेको छैन, त्यसको प्रमाणीकरणसमेत सभामुखले नै गर्ने व्यवस्था गरेको छ ।

प्रतिनिधिसभाको बैठक सुरु हुने बेला सभामुखभन्दा पहिले राजाको प्रतीकका रूपमा राजदण्ड अगाडि लगाएर बैठककक्षमा पस्ने चलन पुनःस्थापित प्रतिनिधिसभाले सुरुमै तोडेको छ । त्यति मात्र होइन, राजाको प्रतिनिधिका रूपमा श्रीपेच राखेर बैठक गर्ने परम्परालाई पनि खारेज गरिएको छ । श्रीपेचसहित लगाउने गरिएको संसद्को लोगो खारेज गरी मुलुकको नक्सासहितको नयाँ लोगो प्रयोगमा ल्याइएको छ । सदन सुरु हुने बेलामा राजाले सम्बोधन गर्ने प्रचलनलाई पनि समाप्त पारिएको छ । सदन आरम्भ हुँदा वा समाप्त हुँदा राजाको सन्देश चाहिने व्यवस्थालाई हटाइएको छ । यी सबै कामले संसद्मा रहेका राजाका सम्पूर्ण भूमिकाहरू समाप्त भएका छन् । अब हाम्रो प्रतिनिधिसभासँग राजाको कुनै किसिमको सम्बन्ध छैन ।

प्रतिनिधिसभाले निन्तर रूपले राजालाई अधिकारविहीन र कमजोर बनाउने काम गरिरहेको छ । यसले मुलुकमा पहिलोपटक राजाको सैनिक बर्दी फुकालेको छ । उनी र उनका परिवारका कुनै पनि सदस्यले सैनिक पोसाक लगाउन नपाउने व्यवस्था प्रतिनिधिसभाले गरेको छ । राजा सेनाको परमाधिपति हुने व्यवस्था खारेज गरेका कारण राजा र सेनाको सम्बन्ध समाप्त भएको छ । सेनालाई दरबारको छायाबाट मुक्त गर्नका लागि प्रतिनिधिसभाले जुन ऐतिहासिक घोषणा गर्‍यो, त्यसले नेपालको लोकतान्त्रीकरणको प्रक्रियामा कोशेढुङ्गाको काम गर्नेछ । नयाँ सैनिक ऐनले सेनालाई निर्वाचित सरकार र जनताप्रति उत्तरदायी बनाउने व्यवस्था गरेको छ ।

प्रतिनिधिसभाले पहिलोपटक मुलुकको कार्यकारी अधिकार मन्त्रिपरिषद्मा सुरक्षित गरेको छ । संविधानले दिएको अधिकारका नाममा राजाले कार्यकारी अधिकार प्रयोग गर्ने अभ्यासबाट मुलुकले विगतमा पाएका धोकालाई ध्यानमा राख्दै अब कार्यकारी अधिकार सम्पूर्ण रूपमा मन्त्रिपरिषद्मा मात्रै रहने व्यवस्था गरिएको हो । प्रतिनिधिसभाले जनआन्दोलनको मर्मअनुसार 'श्री ५ को सरकार' को नाम परिवर्तन गरी 'नेपाल सरकार' बनाएको छ भने सेनाको नाम 'शाही नेपाली सेना' बाट नेपाली सेना बनाएको छ । राजकीय वा अन्य क्षेत्रमा प्रयोग भएका शाही शब्दहरूको परिवर्तन पनि यही आधारमा भइरहेका छन् ।

नेपाली सेनालाई सम्पूर्ण रूपमा जनताप्रति उत्तरदायी बनाउने प्रक्रियाको सुरुवात भएको छ । जनताले यसलाई आफ्नो सेनाका रूपमा अनुभूति गर्ने आधार तयार पार्नका निम्ति यसको स्वरूप समावेशी र राष्ट्रिय बनाउने निर्णय प्रतिनिधिसभाले गरेको छ । कुनै व्यक्ति वा परिवारले निजी सेनाका रूपमा राष्ट्रिय सेनालाई अपमानित ढङ्गले उपयोग र परिचालन गर्न पाउने अवस्था समाप्त भएको छ। नयाँ व्यवस्थाबाट नेपाली सेनाको आत्मबल र प्रतिष्ठासमेत माथि उठ्ने निश्चित छ। सबै किसिमका जातजाति, भाषाभाषी तथा क्षेत्रमा बस्ने नागरिकहरूले सेनाको स्वरूप समावेशी र यसको चरित्र राष्ट्रिय भएको अनुभव गर्न पाउने अवस्था सुनिश्चित भएपछि नेपाली जनता र नेपाली सेनाबीचको परस्पर विश्वास र सहकार्य निकै बलियो हुनेछ ।

राजपरिषद्को व्यवस्था खारेज गर्दै राजगद्दी उत्तराधिकारीसम्बन्धी कानुन बनाउने अधिकार प्रतिनिधिसभाले आफैँमा सुनिश्चित गरेको छ। संविधानसभाबाट राजतन्त्रका विषयमा अन्तिम फैसला नभइसकेको अवस्थामा अब राजगद्दीसम्बन्धी कानुन प्रतिनिधिसभाले बनाउनेछ र कसलाई राजगद्दी उत्तराधिकारी बनाउने भन्ने विषयमा पनि प्रतिनिधिसभाले नै निर्णय गर्नेछ । यदि कसैले अपराध गर्छ भने उसको उत्तराधिकारी खोस्ने अधिकार पनि संसद्मा रहेको छ । त्यति मात्र होइन, राजाको खर्च पनि प्रतिनिधिसभाले निर्णय गरेअनुसार हुनेछ । राजाको सम्पत्ति र आयमा नागरिकसरह कर लाग्नेछ । राजाका काम-कारबाहीका सम्बन्धमा प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन पाइने भएको छ । आजसम्म राजालाई कुनै पनि कानुनले नियन्त्रण गर्न नसक्ने अवस्थामा राखिएको थियो । जस्तासुकै अपराध गरे पनि उनका भूमिकाका बारेमा प्रश्न उठाउन पाइँदैनथ्यो । अब राजा पनि कानुनको मातहत आएका छन् । यिनै आधारबाट उच्चस्तरीय छानबिन आयोगले राजासँग पनि बयान लिने तयारी गरिरहेको छ । दरबारको राजप्रासाद सेवा र सैनिक सचिवालय खारेज गरिएको छ ।

प्रतिनिधिसभाको ऐतिहासिक घोषणामार्फत मुलुकलाई धर्मनिरपेक्ष बनाइएको छ। राज्यका नागरिकको आ-आफ्नो धर्म हुन्छ। तर, राज्यको कुनै धर्म हुँदैन भन्ने मान्यताका आधारमा गरिएको यस निर्णयले मुलुकका सबै जातजाति, भाषाभाषी, सम्प्रदाय र धर्ममाथि साँचो अर्थमा न्याय गरेको छ ।

यस प्रतिनिधिसभाले मुलुकको समग्र स्वरूप र संरचनामा व्यापक परिवर्तन गरी त्यसलाई समावेशी, सहभागितामूलक, लोकतान्त्रिक, दिगो शान्तिसहितको आमनेपाली जनताले गौरव गर्न सक्ने अवस्थाको तुल्याउने प्रस्ताव पनि पारित गरेको छ । जन्म, वंश, जातजाति, धर्म, लिङ्ग र कामका आधारमा हुने सबै प्रकारका भेदभाव, छुवाछूत र तिरस्कार समाप्त पार्ने तथा नेपाललाई छुवाछूत र भेदभावमुक्त राष्ट्रका रूपमा स्थापित गर्ने प्रस्ताव पनि प्रतिनिधिसभाले पारित गरेको छ । राज्यका सबै संरचनाहरूमा महिलाको समान सहभागिता रहनुपर्ने कुरामा प्रतिनिधिसभाले जोड दिएको छ। यसक्रममा राज्यका हरेक संरचनामा महिलाको एकतिहाइ स्थान सुनिश्चित गर्ने प्रस्ताव पारित भइसकेको छ। जनआन्दोलनमा भएका दमनका घटनाहरूको छानबिन गरी दोषीहरूमाथि कारबाहीका लागि उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गरिएको छ। उक्त आयोगले आफ्नो काम जनअपेक्षाअनुरूप अगाडि बढाइरहेको छ। नेपाल सरकार र माओवादीबीच भएका २५ बुँदे आचारसंहिता, वार्ता प्रक्रिया तथा वार्ताका क्रममा भएका निर्णयहरूको कार्यान्वयन आदिबारे अनुगमन गर्नका निम्ति २१

सदस्यीय संसदीय अनुगमन समिति गठन गरिएको छ। प्रतिनिधिसभाले सबै क्षेत्र, प्रक्रिया र विधिमा जनआकाङ्क्षा र जनआन्दोलनको मर्मलाई सुनिश्चित गर्नका निम्ति आफ्नो ध्यान केन्द्रित गरेको छ। कुनै पनि किसिमका मानवताविरोधी अपराध तथा दण्डहीनताको अवस्था अन्त्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत महत्त्व राख्ने, अन्तर्राष्ट्रिय फौजदारी अदालत रोम विधानलाई अनुमोदन गर्न प्रतिनिधिसभाले सरकारलाई निर्देशन दिएको छ। त्यसैगरी, आदिवासी जनजातिहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उत्थान तथा हकअधिकारको संरक्षणका लागि आईएलओ महासन्धि-१६९ अनुमोदन गर्नका निम्ति पनि प्रतिनिधिसभाले सरकारलाई निर्देशन दिइसकेको छ।

सरकारले हालै पेट्रोलियम पदार्थको मूल्य उच्चवृद्धि गरेकोमा त्यसलाई फिर्ता लिन प्रतिनिधिसभामा सर्वसम्मतिले पहिलोपटक स्थगन प्रस्ताव पारित गरी सरकारलाई फिर्ता लिन बाध्य पारिएको छ। यो प्रतिनिधिसभा आफैँले गरेका निर्णय र घोषणाहरूको कार्यान्वयनलाई सुनिश्चित गर्ने व्यवस्था पनि मिलाइएको छ। सेनाद्वारा भक्तपुरको नगरकोट र मोरङको बेलबारीमा भएका हत्याकाण्डको छानबिन गर्न प्रतिनिधिसभाले संसदीय छानबिन समितिको गठन गरेको छ, जसले पीडितलाई क्षतिपूर्तिको सिफारिस पनि गरिसकेको छ।

प्रतिनिधिसभाका सबै निर्णय, घोषणा, प्रतिबद्धता र प्रस्तावहरू तात्कालिक र दीर्घकालीन दुवै हिसाबले ऐतिहासिक महत्त्वका छन्। यस प्रतिनिधिसभाका घोषणा र निर्णयहरूले युगौँदेखिको नेपाल राष्ट्रको संरचनामा परिवर्तन ल्याएका छन्। नेपाली जनताले सयौँ वर्षदेखि सहनुपरेको अपमान र निरीहतालाई प्रतिनिधिसभाले समाप्त पारेको छ। आमाको नाममा पनि नागरिकता पाउने व्यवस्था गरिएको छ। महिलाविरुद्धका सबै प्रकारका भेदभावकारी कानुन समाप्त पारी कुनै पनि प्रकारले महिला भएकै कारणले भेदभाव र शोषण गर्ने आधार र अवस्था समाप्त पार्ने प्रस्ताव प्रतिनिधिसभाले पारित गरेको छ। जनआन्दोलनका घाइतेहरूप्रति प्रतिनिधिसभा अत्यन्तै संवेदनशील र गम्भीर रहेको कुरा यस विषयमा पटक-पटक महत्त्वपूर्ण निर्णय भएबाट पनि स्पष्ट हुन्छ। प्रतिनिधिसभाका सदस्यहरूले आफ्नो सम्पूर्ण बैठकभत्ता जनआन्दोलनका घाइतेहरूलाई उपलब्ध गराउने निर्णय गरेअनुरूप झन्डै २५ लाख रुपियाँ प्रदान गरिसकिएको छ। देशलाई संविधानसभामा पुऱ्याउन र दिगो शान्ति वहालीका निम्ति महत्त्वपूर्ण निर्णय र घोषणाहरू पारित भएका छन्।

प्रतिनिधिसभाले राजालाई अधिकारविहीन बनाउन गरेका घोषणालाई प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले अपव्याख्या गर्न थाल्नुभएको छ। 'सेरेमोनियल किङ्का पक्षमा प्रतिनिधिसभाले ताली ठोकेको' भन्दै उहाँले नेपाली जनता र उनीहरूका प्रतिनिधिको भावनामाथि खेलबाड गर्नुभएको छ। प्रतिनिधिसभाले सम्पूर्ण रूपमा राजालाई अधिकारविहीन बनाएको कुरालाई कसैले नजरअन्दाज गर्न सक्दैन। प्रतिनिधिसभाले 'सेरेमोनियल किङ्' का पक्षमा कहिल्यै कुनै प्रस्ताव वा निर्णय पारित गरेको छैन। जहाँससम्म राजा राख्ने वा नराख्ने सवाल छ, के अहिलेको प्रतिनिधिसभाले त्यस विषयमा निर्णय गर्न सक्छ ? हामीले त्यसका लागि संविधानसभामा जाने निर्णय गरेका छौँ। बरु त्यसका लागि संविधानसभासँगसँगै जनमतसङ्ग्रह गरेर राजाका बारेमा स्पष्ट निर्णयमा पुग्नुपर्छ। अब ढुलमुले कुरा र नीतिको कुनै काम छैन।

प्रतिनिधिसभा पुनःस्थापना भएदेखि नै नेपाली काङ्ग्रेस यथास्थितिवादी पार्टीका रूपमा देखा परिरहेको छ। कुनै पनि नयाँ परिवर्तनका लागि सहजै तयार नभएर काङ्ग्रेसले आफूलाई यथास्थितिवादीबाट क्रमशः दक्षिणपन्थी शक्तितिर लगिरहेको छ। काङ्ग्रेसमा परम्परागत संस्कार र सामन्तवादी चिन्तन हटिसकेको छैन। भएका निर्णयहरूको सफल कार्यान्वयन र अरू थप साहसिक र ऐतिहासिक निर्णयका निम्ति नेपाली काङ्ग्रेसले जनआन्दोलनका अन्य शक्तिहरूको अग्रसरता र प्रयत्नमा साथ दिन सकेको छैन। काङ्ग्रेसले परम्परागत चाहना र योजनालाई पूरा गर्ने ढङ्गले समेत कतिपय दृष्टिकोण र मान्यता अघि सार्ने गरेको छ, जसका कारणले आमजनतामा एक प्रकारको निराशा र आशङ्का बढिरहेको छ।

सार्वजनिक लिखत प्रमाणीकरण विधेयकमाथिको छलफलमा काङ्ग्रेसले राजाका पक्षमा राखेको अडानले पनि उसको दृष्टिकोण झल्काउँछ। त्यति हुँदाहुँदै पनि हामीले राजालाई अधिकार दिने षड्यन्त्र चिरेका छौँ।

अर्कातिर माओवादीले प्रतिनिधिसभाका साहसिक र ऐतिहासिक निर्णयहरूलाई त्यही रूपमा बुझ्न सकिरहेका छैनन्। उनीहरू जड चिन्तन र महत्त्वाकाङ्क्षी योजनाको भुमरीमा अल्मलिइरहेका छन्। प्रतिनिधिसभाका ऐतिहासिक घोषणा र निर्णयहरूको सन्देश र साहसिक निर्णयहरूलाई त्यही रूपमा विश्लेषण नगर्नु उनीहरूको गम्भीर कमजोरी र पूर्वाग्रही चेतनाको उपज हो।

प्रतिनिधिसभा एउटा निश्चित मिसनका लागि पुनःस्थापना भएको हो भन्ने कुरा हामीले भुल्नु हुँदैन। निरङ्कुश राजतन्त्रलाई वैधानिक र कानुनी रूपमै समाप्त पार्ने र माओवादी विद्रोहको शान्तिपूर्ण समाधान गर्ने हाम्रो उद्देश्य रहेको स्पष्ट नै छ। हामीले प्रतिनिधिसभाबाट राजाका सम्पूर्ण अधिकारहरू कटौती गरिसकेका छौँ। अब उनीसँग कुनै अधिकार बाँकी छैनन्। तर, माओवादी विद्रोह समाधानका लागि अझै परिणाममा पुग्न सकिएको छैन। सात दल र माओवादीका शीर्षस्थ नेताहरूबीच प्रतिनिधिसभा विघटन गर्ने सहमति असार २ गते नै भइसकेको छ। एउटा निश्चित मिसन पूरा भएपछि यो प्रतिनिधिसभा अनन्तकालसम्म राखिरहनुपर्छ भन्ने मान्यता राख्नाले समस्या समाधान हुन सक्दैन। सैनिक ऐन पारित गरेर सेनालाई पूर्ण रूपमा जनताका प्रतिनिधिका मातहतमा ल्याउने ग्यारेन्टी गरेपछि अहिलेको प्रतिनिधिसभाको मिसन पूरा हुन्छ। त्यसपछि यो प्रतिनिधिसभा विघटन हुनुपर्छ र हुन्छ।

तर, त्यही आठबुँदे सहमतिको चौथो बुँदामा प्रतिनिधिसभा विघटन गर्नका लागि विकल्प तयार गरिने कुरा उल्लेख छ। के त्यो काम भइसक्यो ? आठै राजनीतिक दलबीच कस्तो अन्तरिम व्यवस्थापिका बनाउने भन्ने बारेमा सहमति भइसक्यो ? अहिलेसम्म यी विषयमा कुनै निष्कर्षमा पुग्न सकिएको छैन। त्यसो भए सहमति कायम नहुन्जेल प्रतिनिधिसभाले राजाका अधिकार कटौती गर्दै जनतालाई अधिकारसम्पन्न बनाउने प्रयत्न गर्दा किन विरोध भइरहेको छ ?

# प्रतिनिधिसभाले के गऱ्यो ?

०६३ वैशाख १५ गतेदेखि सुरु भएको पुनःस्थापित प्रतिनिधिसभाको बैठक अहिलेसम्म चालू अवस्थामा छ। अहिलेसम्म ६० दिन बसेको बैठकको सङ्ख्या ६५ पुगेको छ।

ती बैठकहरूमा संविधानसभाको निर्वाचन घोषणा प्रस्ताव, प्रतिनिधिसभाको घोषणालगायत तीन सङ्कल्प प्रस्ताव, २० जरुरी सार्वजनिक महत्त्वका प्रस्ताव, एक स्थगन प्रस्ताव, सभामुखको निर्वाचन प्रस्तावजस्ता २७ वटा महत्त्वपूर्ण प्रस्तावहरू सर्वसम्मतिबाट पारित भएका छन्।

- राष्ट्रिय सङ्कट समाधानका निम्ति संविधानसभाको निर्वाचन घोषणा,
- प्रतिनिधिसभाको घोषणा-२०६३ द्वारा सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग नेपाली जनताका तर्फबाट सर्वाधिकार सम्पन्न प्रतिनिधिसभाद्वारा प्रयोग,
- जनआन्दोलनका सहिदहरूको सम्मान र घाइतेहरूको उपचारको व्यवस्था गर्न सरकारलाई निर्देशन,
- राज्यको पुनःसंरचना, समावेशी र सहभागितामूलक लोकतन्त्र, दिगो शान्ति स्थापनार्थ सार्वजनिक महत्त्वको प्रस्ताव पारित,
- जन्म, वंश, जातजाति, धर्म, कामका आधारमा कुनै पनि रूपमा कुनै पनि किसिमका छुवाछूत, भेदभाव, बन्देज, निषेध, बहिष्कार गर्न नपाइने व्यवस्था गर्न छुवाछूत र भेदभावमुक्त राष्ट्र घोषणा,
- राज्यका सम्पूर्ण संरचनाहरूमा महिलाहरूको एकतिहाइ सहभागिता निश्चित गर्न सङ्कल्प प्रस्ताव पारित,
- जनआन्दोलनमा भएका दमनका घटनाहरूको छानबिन र दोषीमाथि कारबाहीका लागि उच्चस्तरीय न्यायिक छानबिन आयोग गठनको प्रस्ताव,
- सरकार र माओवादीबीच भएका २५ बुँदे आचारसंहिता तथा वार्तामा भएका काम र निर्णयहरूको अनुगमन गर्न २१ सदस्यीय अनुगमन समिति गठन,
- कुनै पनि किसिमका मानवताविरोधी अपराध र दण्डहीनताको अन्त्य गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधानलाई अनुमोदन गर्न सरकारलाई निर्देशन,
- आदिवासी जनजातिहरूको आर्थिक, सामाजिक, सांस्कृतिक उत्थान र हक अधिकारको संरक्षणका लागि आईएलओ महासन्धि नं. १६९ लाई अनुमोदन गर्न सरकारलाई निर्देशन,
- सूर्तीजन्य पदार्थको निषेधका लागि संयुक्त राष्ट्रसङ्घद्वारा प्रस्तावित महासन्धि अनुमोदन,
- पेट्रोलियम पदार्थको मूल्यवृद्धिका विरुद्ध स्थगन प्रस्ताव र मूल्यवृद्धि फिर्ता गर्ने निर्णय,
- सार्वजनिक सुनुवाइ समिति, सेना परिचालन अनुमोदन समिति र प्रतिनिधिसभा घोषणा कार्यान्वयन समिति गठन,

प्रतिनिधिसभाका सांसद हेमनारायण यादवको हत्या सम्बन्धमा छानबिन गर्न संसदीय समिति गठन।

हालसम्म ३० वटा विधेयकहरू संसद्मा पेस भएका छन् भने निजामती सेवा ऐनजस्ता महत्त्वपूर्ण विधेयकहरू वितरण भइसकेका छन्।

प्रतिनिधिसभा नियमावलीलगायत आठवटा विधेयकहरू पारित भइसकेका छन् भने केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, लिखत प्रमाणीकरण विधेयक, लुम्बिनी बौद्ध विश्वविद्यालय विधेयक, वाणिज्य क्षेत्रमा प्रतिस्पर्धी विधेयक, सैनिक विधेयक, धितोपत्र विधेयक र गैरआवासीय नेपालीसम्बन्धी विधेयक तत्काल पारित गर्नुपर्ने अवस्थामा छन्।

**– संसदीय विभागको प्रस्तुति**

# राजनीतिक प्रतिवेदनका मुख्य अंश

**वर्तमान राजनीतिक परिस्थिति**

संयुक्त जनआन्दोलन-२०६२-६३ को सफलतापछि मुलुकको राजनीतिक परिस्थितिमा ठूलो परिवर्तन आएको छ । हिजोसम्म सत्ताको केन्द्रभागमा बसेर मुलुकमा निरङ्कुशतन्त्र स्थापित गर्न लागिपरेको शाही राजतन्त्र जनआन्दोलनद्वारा पराजित भई पृष्ठभागमा धकेलिएको छ । आन्दोलनको नेतृत्व गरिरहेका सात राजनीतिक दल यसको सफलतासँगै लोकतन्त्र, शान्ति र अग्रगमनको कार्यसूची लिएर सत्तामा पुगेका छन् । सशस्त्र विद्रोहको बाटोमा हिँडिरहेका माओवादीहरू वार्ता र सहमतिको माध्यमबाट समस्याको समाधान खोज्न तयार भएका छन् । नेपाली जनता सार्वभौमसत्ता सम्पन्न बनेका छन् । मुलुकको राजकीयसत्ता र शासनाधिकार पनि उनीहरूको हातमा आएको छ । नेपालको राज्यशक्तिको स्रोत नेपाली जनता नै हुन् भन्ने कुराको पुनः पुष्टि भएको छ । तर, जनआन्दोलनबाट प्राप्त भएका यी सम्पूर्ण उपलब्धिहरू संविधानसभाको माध्यमबाट निर्माण गरिने नयाँ संविधानमा संस्थागत नगरिएसम्म ढुक्क भएर बस्ने स्थिति छैन । अहिले हाम्रो मुलुक सङ्क्रमणकालबाट गुज्रिरहेको छ । यो सङ्क्रमणकाललाई यथाशक्य चाँडो व्यवस्थापन गरी जनमतसङ्ग्रहमार्फत राजतन्त्रको अन्त्य गर्नु र संविधानसभाको निर्वाचनको प्रक्रियाबाट मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नु अहिलेको प्रमुख राष्ट्रिय कार्यसूची हो ।

मुलुकमा आएको राजनीतिक परिवर्तनसँगै नेपाली समाजको प्रधान अन्तरविरोधमा पनि परिवर्तन आउन थालेको छ । यद्यपि, वर्गीय रूपले अहिले पनि सामन्त वर्ग र दलाल नोकरशाही पुँजीपति वर्गसँगै आमजनताको अन्तरविरोध प्रधान रहेको छ । तर, यसको राजनीतिक स्वरूपमा भने सामान्य फेरबदल आएको छ । जनआन्दोलनपूर्व निरङ्कुश राजतन्त्रसँग आमजनताको अन्तरविरोध प्रधान रहेको अवस्था थियो । तर, अहिले निरङ्कुश राजतन्त्र जनआन्दोलनद्वारा पराजित भएको छ, त्यसैले यतिबेला जनआन्दोलनद्वारा पराजित भइसकेको तर समाप्त गर्न बाँकी रहेको शाही राजतन्त्रसँग आमजनताको अन्तरविरोध प्रधान बनेको छ । अहिले पनि शाही राजतन्त्र नेपाली जनताको प्रहारको मुख्य निशाना बनेको छ ।

नेपाली समाजमा यतिबेला मूलतः चार धारका राजनीतिक शक्तिहरू क्रियाशील छन् । त्यसमध्ये अति दक्षिणपन्थी धारको प्रतिनिधित्व शाही राजतन्त्रले, उग्रवामपन्थी धारको प्रतिनिधित्व नेकपा (माओवादी) ले, सुधारवादी धारको प्रतिनिधित्व नेपाली काङ्ग्रेसले र अग्रगामी लोकतान्त्रिक धारको प्रतिनिधित्व नेकपा (एमाले) ले गरिरहेका छन् । वर्तमान अवस्थामा विभिन्न राजनीतिक शक्तिहरूको भूमिका पनि फरक-फरक रहेको छ । सङ्क्रमणकालबाट गुज्रिरहेको वर्तमान अवस्थामा मुलुकलाई अग्रगामी परिवर्तनतर्फ लैजान हाम्रो पार्टीले अग्रणी भूमिका खेल्नुपर्छ ।

जनआन्दोलनबाट पराजित भएको दरबारिया शक्तिले आफ्नो पराजयलाई सहज ढङ्गले स्वीकार गरेको छैन । त्यो अहिले पनि चुप लागेर बसेको छैन । त्यसले जनआन्दोलनका उपलब्धिहरू निस्तेज पार्न षड्यन्त्रका अनेक तानावानाहरू बुनिरहेको छ । जनताका सानाभन्दा साना असन्तुष्टिहरूलाई भड्काएर अनियन्त्रित बनाउने, समाजमा अशान्ति फैलाउने, अस्थिरता र अराजकता पैदा गर्ने, लुटपाट मच्चाउने जस्ता क्रियाकलापमा त्यसको संलग्नता प्रत्यक्ष देखिन थालेको छ । आन्दोलनकारी शक्तिका सानातिना गल्ती या लापरबाहीहरूलाई उपयोग गरेर अनियन्त्रित स्थिति सिर्जना गर्न त्यो शक्ति प्रयत्नशील देखिन्छ । त्यसैले यसले चाल्नसक्ने प्रतिगामी कदमप्रति उच्चस्तरको सतर्कता अपनाउनुपर्दछ ।

जनआन्दोलनको सफलतापछि आन्दोलनकारी दलमध्येको एक प्रमुख घटक नेपाली काङ्ग्रेसमा यथास्थितिमा अल्मलिने या सानातिना सुधारमै सीमित रहने गलत प्रवृत्ति देखा पर्दैछ । उसले अहिले नै नेकपा (एमाले) लाई आफ्नो प्रमुख प्रतिद्वन्द्वीका रूपमा हेर्न थालेको छ । नेपाली काङ्ग्रेसको यस्तो प्रवृत्तिले आन्दोलनकारी शक्तिहरूबीचको एकतालाई कमजोर पार्छ र प्रकारान्तरले प्रतिगामी शक्तिहरूलाई नै सहयोग पुर्‍याउँछ । त्यसैले यस्तो नीति र व्यवहारको आलोचना गरिनुपर्छ र जनआन्दोलनको भावनाबमोजिम अघि बढ्न उसलाई प्रेरित गर्नुपर्छ ।

आन्दोलनका सहयात्री अन्य राजनीतिक दलहरू स्वतन्त्र भूमिकाका साथ अघि बढ्न सकिरहेका छैनन् । हामीले उनीहरूलाई स्वतन्त्र भूमिकाका साथ लोकतान्त्रिक गणतन्त्रका पक्षमा अघि बढ्न सहयोग गर्नुपर्छ ।

सशस्त्र सङ्घर्षको कार्यदिशा लिएर अघि बढिरहेको नेकपा (माओवादी) यतिबेला युद्धविराम गरी शान्तिवार्तामा आएको छ । अनेक जटिलताहरूलाई छिचोल्दै सात दल र नेकपा (माओवादी) बीच धेरैवटा सहमति र समझदारीहरू पनि भइसकेका छन् । यो सकारात्मक कुरा हो । तर, सात दलसँग भएका यतिका समझदारीपछि पनि नेकपा (माओवादी) ले लोकतान्त्रिक राजनीतिक दलहरूप्रति सकारात्मक दृष्टिकोण अघि सारेको छैन र मित्रवत् व्यवहार पनि गरेको छैन । १२ बुँदे समझदारीपछि २५ बुँदे, आठबुँदे र पाँचबुँदे सहमतिहरू भएका छन् । तर, ती सहमतिहरूको राम्रोसँग पालना भएको छैन । विभिन्न ठाउँमा माओवादीका ज्यादतीपूर्ण क्रियाकलापहरू जारी छन् । माओवादीहरूमा मुखले समझदारी गर्ने तर व्यवहारमा त्यसलाई लागू नगर्ने गम्भीर विसङ्गति देखिएको छ । यस्तो प्रवृत्तिले शान्तिपूर्ण राजनीतिक निकासमा व्यवधान खडा गर्छ । उनीहरूले यस्ता क्रियाकलापहरूमा परिवर्तन ल्याउनैपर्छ । हामीले उनीहरूका गलत दृष्टिकोण र क्रियाकलापका विरुद्ध विचारधारात्मक सङ्घर्ष सञ्चालन गर्नुपर्छ । उनीहरूलाई एकता, सङ्घर्ष र एकताको माध्यमबाट शान्तिपूर्ण राजनीतिको मूलधारमा आउन र मुलुकका सामु उपस्थित ऐतिहासिक कार्यभारलाई सम्पन्न गर्न नयाँ चिन्तन एवम् आचरणसहित अघि बढ्न सहयोग गर्नुपर्दछ । हामीले उनीहरूका सकारात्मक कुराहरूलाई प्रोत्साहित गर्दै गलत विचार र व्यवहारको आलोचना एवम् खण्डन गर्ने कुरालाई दृढतापूर्वक अघि बढाउनुपर्छ ।

**संयुक्त जनआन्दोलन र यसका उपलब्धिहरू**

**(क) संयुक्त जनआन्दोलनका लागि पार्टीको पहल**

२०५९ असोज १८ को प्रतिगामी कदमपछि र विशेष गरेर ०६१ माघ १९ मा राजा ज्ञानेन्द्रले निरङ्कुश ढङ्गले सत्ता लिएको घटनापछि जनआन्दोलनको विकासका लागि हाम्रो पार्टीले निकै धेरै परिश्रम गर्नुपरेको कुरा विदितै छ । माघ १९ को निरङ्कुश शासनपछिको समयमा पनि पार्टी कामलाई पुनः व्यवस्थित गर्दै संयुक्त जनआन्दोलनको विकास गर्ने उद्देश्यका साथ सात पार्टीका बीचमा एकता कायम गर्नका लागि हाम्रो पार्टीले अग्रसरता लियो । प्रतिनिधिसभाको पुनःस्थापनामै सीमित हुन खोजिरहेको नेपाली काङ्ग्रेसलाई समेत सहमतिमा लिएर प्रतिनिधिसभालाई प्रस्थानविन्दु र संविधानसभालाई निकासविन्दु बनाएर आन्दोलनको योजना बनाउन पार्टीले विशेष भूमिका खेल्यो । राजा ज्ञानेन्द्रको सत्तापलटपछि देशमा उत्पन्न राजनीतिक परिस्थितिको विश्लेषण गर्दै पार्टीले लिनुपर्ने कार्यनीतिक कार्यदिशा निर्धारण गर्ने सम्बन्धमा केन्द्रीय कमिटीको आठौं बैठकले महत्त्वपूर्ण निर्णयहरू गऱ्यो र अप्ठ्यारोलाई चिर्दै सङ्घर्षशील भएर अघि बढ्न पार्टी पङ्क्तिलाई उत्साहित गऱ्यो । त्यस्तै केन्द्रीय कमिटीको नवौं बैठकले लिएका ऐतिहासिक निर्णयहरूले जनआन्दोलनलाई अघि बढाउनका लागि निकै ठूलो योगदान दिए । केन्द्रीय कमिटीको नवौं बैठकले पहिलोपटक निरङ्कुश राजतन्त्रका विरुद्धमा सम्पूर्ण प्रहारलाई केन्द्रित गर्दै आन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढाउने ऐतिहासिक उद्घोष गरेको थियो । उक्त बैठकले 'निरङ्कुश राजतन्त्रको अन्त्य र संविधानसभाका माध्यमबाट पूर्ण प्रजातन्त्रको स्थापना' लाई मूल कार्यनीतिक नारा बनाउने निर्णय गऱ्यो । सोही बैठकले माओवादीसँग संवाद, रूपान्तरण र सहमतिको नीति अवलम्बन गर्ने निर्णय गरेको थियो । यिनै नीतिको जगमा उभिएर सात दलको बीचमा संयुक्त मोर्चा निर्माण गर्न र माओवादीसँग १२ बुँदे सहमति कायम गर्न सम्भव भयो । जसको परिणामस्वरूप जनआन्दोलनमा माओवादी समेतको समर्थन जुटाउन सकियो । केन्द्रीय कमिटीको दसौं बैठकले आन्दोलनलाई अझ प्रभावकारी ढङ्गले गणतन्त्रको दिशातर्फ अघि बढाउन र नयाँ उचाइमा पुऱ्याउन आवश्यक योजनाहरू तर्जुमा गऱ्यो ।

**(ख) जनआन्दोलनको विशेषता र उपलब्धिहरू**

२०६२-६३ सालको संयुक्त जनआन्दोलन ०४६ सालको जनआन्दोलनभन्दा गुणात्मक रूपमा नै भिन्न रहेको छ । ०४६ सालको जनआन्दोलनले निरङ्कुश राजतन्त्रलाई घुँडा टेक्न बाध्य बनाएको भए पनि राजसंस्थाको भूमिकालाई पूर्ण रूपले अस्वीकार गरेको थिएन । तर, यसपटकको आन्दोलनले निरङ्कुश राजतन्त्रलाई पराजित मात्र गरेको छैन, त्यसलाई पूर्ण रूपले समाप्त गर्ने मार्गनिर्देशसमेत गरेको छ । यसले संविधानसभाको प्रक्रियाबाट शाही राजतन्त्रको छिनोफानो गर्ने मान्यतालाई स्थापित गरिदिएको छ । यसपटकको जनआन्दोलनमा लोकतान्त्रिक गणतन्त्रको नारालाई लोकप्रिय बनाउन आमजनताको भूमिका, त्यसमा पनि विशेष गरेर युवा विद्यार्थीको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको छ । जनआन्दोलनका क्रममा विभिन्न नगर र जिल्लाहरूलाई लोकतान्त्रिक जिल्ला, गणतन्त्र चोक घोषणा गर्ने, श्री ५ को सरकारको ठाउँमा नेपाल सरकार लेख्ने, पञ्चायत रजतजयन्ती स्तम्भ र राजारानीका सालिकहरू भत्काउनेसम्मका कामहरू आन्दोलनकारीहरूबाट स्वतःस्फुर्त रूपमा भएका थिए । त्यति मात्र होइन, आन्दोलनको विकास र आन्दोलनका कार्यक्रमहरूलाई रचनात्मक रूपमा अघि बढाउने सन्दर्भमा पनि आमजनता र स्थानीय तहको भूमिका महत्त्वपूर्ण रह्यो । एकै दिनमा पचासौं लाख जनताले देशव्यापी रूपमा प्रदर्शन गरे । जनताको यस प्रकारको सक्रिय सहभागिताले विगत एक दशकदेखि राजनीतिक परिवर्तनका लागि सशस्त्र सङ्घर्षको कार्यदिशामा अघि बढिरहेको नेकपा (माओवादी) लाई समेत शान्तिपूर्ण जनआन्दोलनका पक्षमा उभिन बाध्य बनायो । त्यति मात्र होइन, यसपटकको जनआन्दोलन मेचीदेखि महाकालीसम्म, पहाडदेखि तराईका सम्पूर्ण जिल्लाका गाउँ र नगरका कुनाकाप्चासम्म तथा अधिकांश वर्ग, तह र समुदायका जनतामा समेत विस्तारित भयो । उपरोक्त कारणले गर्दा शाही राजतन्त्रका विरुद्ध केन्द्रित यसपटकको ऐतिहासिक जनआन्दोलनले शान्तिपूर्ण जनक्रान्तिको स्वरूप ग्रहण गऱ्यो । यसरी जनआन्दोलन २०६२-६३ ले एकैसाथ अनेक महत्त्वपूर्ण कार्यहरू सम्पन्न गरेको छ । यो ऐतिहासिक जनआन्दोलनका विशेषताहरू निम्नानुसार रहेका छन् :

- सुरुदेखि जनआन्दोलन राजतन्त्रका विरुद्धको आन्दोलनका रूपमा विकास भयो । सामन्तवादको प्रतीकका रूपमा रहँदै आएको राजसंस्थाकै विरुद्धमा आन्दोलनको अवधिभरि चरम घृणा र आक्रोश देखियो । यो आन्दोलनका क्रममा देखापरेको १९ दिने जनआक्रोशले राजनीतिक सुनामीको रूप लियो । संयुक्त जनआन्दोलन देशव्यापी रूपमा नै लोकतान्त्रिक गणतन्त्रको दिशातर्फ अघि बढ्यो । जनआन्दोलनलाई नयाँ उचाइमा पुऱ्याउन यसलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढाउनु आवश्यक छ भन्ने हाम्रो पार्टीको निष्कर्ष सही सावित भयो ।

- विगतमा केही समयदेखि क्रमशः गति पक्रँदै गएको राज्यको पुनःसंरचनाको विषयलाई जनआन्दोलनले उत्कर्षमा पुऱ्याइदियो । परम्परागत राज्यसत्तामाथि आमजनताले हस्तक्षेप गर्ने ऐतिहासिक कार्यको थालनीसमेत यस आन्दोलनका क्रममा भयो । सामन्ती अधिराज्यको संरचनागत आधारलाई यस आन्दोलनले अस्वीकार गरिदिएको छ र त्यसका ठाउँमा नेपाली विशेषताअनुरूपको नयाँ संरचनागत आधार निर्माणको प्रक्रिया सुरु भएको छ । संसद्को जेठ ४ को ऐतिहासिक घोषणाबाट उक्त प्रक्रियाले ठोस आकार लिन सफल भएको छ ।

- ०४६ सालको ऐतिहासिक जनआन्दोलन विश्वव्यापी रूपमा सुरु भएको उदार प्रजातन्त्रको लहरबाट प्रभावित थियो । जनआन्दोलनको एउटा घटकका रूपमा नेकपा (एमाले) ले ०४६ सालको उपलब्धिलाई सामाजिक न्यायसहितको शासन प्रणालीका रूपमा विकास गर्न चाहेको भए पनि मुलुक उदार प्रजातन्त्रको सीमामा सीमित रह्यो । तर, यसपटकको जनआन्दोलनले सामाजिक न्याय र समानतासहितको लोक कल्याणकारी राज्यको मान्यतालाई राजनीतिक र वैचारिक रूपमा स्थापित गरिदिएको छ ।

- यसै जनआन्दोलनको दबाबका कारण नै दीर्घकालीन जनयुद्धलाई क्रान्तिको एक मात्र बाटो भएको ठहर गर्दै सशस्त्र सङ्घर्ष गरिरहेका माओवादीहरू बहुदलीय प्रतिस्पर्धाको राजनीतिका पक्षमा उभिन आइपुगेका छन् । उनीहरू निरङ्कुश

राजतन्त्रको अन्त्यका साथै सामाजिक अग्रगमनका लागि शान्तिपूर्ण जनआन्दोलन र जनपरिचालनको महत्त्वलाई बुझ्ने अवस्थामा आइपुगेका छ ।

- शक्तिका लागि राजा र जनताका बीचमा चलेको सङ्घर्षको निकै लामो इतिहास छ । जनताले पटक-पटक सङ्घर्षका माध्यमबाट निरङ्कुश राजतन्त्रलाई झुक्न बाध्य बनाए पनि राजाबाट सम्पूर्ण अधिकार खोस्न सक्षम भएको यो पहिलो सफल जनआन्दोलन हो । यस आन्दोलनका माध्यमबाट परम्परागत रूपमा राजाले प्रयोग गर्दै आएको राजकीयसत्ता, सार्वभौमसत्ता र शासनाधिकार नेपाली जनताले आफ्नो हातमा लिन सफल भए । जनआन्दोलनको बलमा पुनःस्थापित प्रतिनिधिसभाले आज जे-जस्ता ऐतिहासिक फैसलाहरू गर्न सकेको छ र सरकारलाई जनअधिकारका पक्षमा उभिन मार्ग निर्देशन गर्न सफल भएको छ, त्यसको आधार पनि यही नै हो । जनताले आफ्नो त्यो अधिकारको उच्चतम् प्रयोग संविधानसभाको चुनावमार्फत गर्ने ऐतिहासिक अठोट प्रकट गरेका छन् ।

- यस ऐतिहासिक जनआन्दोलनबाट निरङ्कुश राजतन्त्रवादीहरू सैद्धान्तिक, वैचारिक, राजनीतिक र सामाजिक दृष्टिले समेत पराजित भएका छन् । अब निरङ्कुश राजतन्त्र मात्र होइन, राजतन्त्रलाई नै सम्पूर्ण रूपमा समाप्त गर्न सकिने र मुलुकमा राजाबिनाको लोकतन्त्र अर्थात् लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न सकिने वस्तुगत तथा आत्मगत् आधार निर्माण भएको छ ।

- नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र भौगोलिक विविधता भएको देश हो । तर, यसपटकको जनआन्दोलनबाट पहिलोपटक नेपाली समाजको चरित्र र विशेषताका आधारमा राज्यको पुनःसंरचना गर्दै समावेशी लोकतन्त्र स्थापना गर्न सकिने आधार तयार भएको छ ।

- यो आन्दोलनले नेपाली जनतालाई साँचो अर्थमा सार्वभौमसत्ताको मालिक बनाएको छ । मुलुकको सार्वभौमसत्ता, राजकीयसत्ता र शासनाधिकार सम्पूर्ण रूपमा जनताको हातमा आएको छ । यसबाट नेपाली इतिहासमा नेपाली जनताले सबैभन्दा ठूलो जित हासिल गरेका छन् ।

- यो आन्दोलनले शस्त्रबलका आधारमा केन्द्रीय सत्ता कब्जा गर्ने र मुलुकमा एकदलीय एकाधिकार स्थापना गर्ने माओवादीका उग्रवामपन्थी अतिवादी दृष्टिकोणलाई पनि परास्त गरेको छ । आन्दोलनकारीका निःशस्त्र मुठ्ठीहरू माओवादीका आधुनिक हतियारहरूभन्दा कयौं गुणा शक्तिशाली सावित भएका छन् ।

- यो जनआन्दोलनले नेपाल अधिराज्यको संविधान-२०४७ मा कमा र फुलिस्टपसमेत परिवर्तन गर्न तयार नहुने र यथास्थितिमै रम्न चाहने नेपाली काङ्ग्रेसजस्ता बुर्जुवा सुधारवादी शक्तिलाई पनि संविधानसभाजस्तो अग्रगामी एजेन्डामा सहमत हुन बाध्य तुल्याएको छ ।

- यो आन्दोलनले पूर्ण लोकतन्त्र र लोकतान्त्रिक गणतन्त्रका लागि सात राजनीतिक दलहरू खास गरी नेकपा (एमाले) द्वारा अघि सारिएका नीति, विचार र दृष्टिकोणहरूलाई व्यावहारिक रूपमै पुनःपुष्टि गरेको छ । यो आन्दोलन जनसहभागिता, बलिदानी भावना, व्यापकता, तीक्ष्णता र उपलब्धिको दृष्टिकोणले अत्यन्त महत्त्वपूर्ण र ऐतिहासिक रहेको छ । समाजको क्रान्तिकारी रूपान्तरणजस्तो महत्त्वपूर्ण कार्य पनि शान्तिपूर्ण जनआन्दोलनका माध्यमबाट सम्पन्न गर्न सकिन्छ भन्ने मान्यतालाई यो आन्दोलनले स्थापित गरिदिएको छ ।

**सङ्क्रमणकालको व्यवस्थापन**

अहिले हाम्रो मुलुक सङ्क्रमणकालबाट गुज्रिरहेको छ । यसलाई सही ढङ्गले व्यवस्थापन गर्न सकियो भने मात्र मुलुकलाई लोकतन्त्र, शान्ति र अग्रगमनको मार्गमा सुचारु रूपले अघि बढाउन सकिन्छ । सङ्क्रमणकाल जति लम्बियो, त्यति लोकतन्त्रका विरुद्ध प्रतिगामी षड्यन्त्र हुनसक्छ । त्यसैले अहिले हाम्रो सम्पूर्ण ध्यान सङ्क्रमणकाललाई छोटो समयमा सही ढङ्गले व्यवस्थापन गर्ने कुरामा केन्द्रित हुनुपर्छ ।

सङ्क्रमणकाललाई व्यवस्थापन गर्ने कार्यको थालनी ०६३ सालको जेठ ४ गतेको प्रतिनिधिसभाको ऐतिहासिक घोषणाबाट भइसकेको छ । जेठ ४ गते प्रतिनिधिसभाले आन्दोलनको जनादेशमाथि उभिएर निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापनाको दिशामा अग्रसर हुन अर्को संवैधानिक व्यवस्था नभएसम्म सम्पूर्ण अधिकार प्रयोग गर्न आफू सार्वभौमसत्तासम्पन्न भएको घोषणा गरेको छ । उक्त घोषणा र तत्पश्चात् जारी गरिएको प्रतिनिधिसभा नियमावलीले राजालाई संसद्को संरचनाबाट पूर्ण रूपले अलग्याएर 'किङ् इन पार्लियामेन्ट' को अवधारणालाई समाप्त पारिदिएको छ । यसले राजालाई कार्यकारिणी अधिकारबाट पूर्ण रूपले वञ्चित गरेको छ र सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा रहने व्यवस्था गरेको छ ।

नेपालको व्यवस्थापिकासम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा प्रयोग गर्ने, कानुन निर्माणको प्रक्रिया प्रतिनिधिसभाले निर्धारण गरेबमोजिम हुने, संविधानसभाको मार्गमा अघि बढ्ने प्रक्रिया प्रतिनिधिसभाले आवश्यकताअनुसार निर्धारण गर्ने, श्री ५ को सरकारलाई नेपाल सरकार भन्ने, सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहने, मन्त्रिपरिषद् प्रतिनिधिसभाप्रति उत्तरदायी रहने, शाही नेपाली सेनाको नाम परिवर्तन गरी नेपाली सेना राख्ने, सेनाको परमाधिपतिसम्बन्धी विद्यमान व्यवस्था खारेज गर्ने, राजपरिषद् खारेज गर्ने, श्री ५ को निजी सम्पत्ति र आयमाथि कानुनबमोजिम कर लगाउने र राज्यलाई धर्मनिरपेक्ष बनाउनेजस्ता ऐतिहासिक महत्त्वका कामहरू प्रतिनिधिसभाको घोषणाले गरेको छ । प्रतिनिधिसभालाई यस प्रकारका दूरगामी महत्त्वका घोषणा गर्ने अवस्थामा पुर्‍याउन हाम्रो पार्टीको अग्रणी भूमिका रह्यो ।

प्रतिनिधिसभाले गरेको यो घोषणाले राजतन्त्रलाई कमजोर बनाएको छ र अग्रगामी परिवर्तनका पक्षमा रहेको राजनीतिक शक्तिलाई बलियो बनाएको छ । जनतालाई पूर्ण रूपले सार्वभौमसत्तासम्पन्न बनाउन र राजतन्त्रको प्रभावबाट राज्यलाई मुक्त पार्न गरिएको यो घोषणा राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै क्षेत्रमा सर्वस्वीकार्य भएको छ । जनआन्दोलनको मर्मलाई आत्मसात् गरेको, त्यसको राजनीतिक लक्ष्य प्राप्त गर्ने दिशातिर उन्मुख रहेको र नेपालको राजनीतिक इतिहासको अहिलेसम्मको महत्त्वपूर्ण

राजनीतिक घोषणाका रूपमा प्रतिनिधिसभाको घोषणाले जनताबाट अनुमोदन प्राप्त गरेको छ। सार्वभौमसत्ता र राजकीयसत्ता केवल संविधानको पानामा लेखेर मात्र हुँदो रहेनछ, त्यसलाई व्यवहारमै जनताले प्रयोग नगर्ने हो भने त्यो खोसिँदो रहेछ भन्ने विगतको पाठलाई ध्यानमा राख्दै नेपाली जनताका प्रतिनिधिहरूले जनताको सर्वोच्चता र सार्वभौमसत्तालाई व्यावहारिक रूपमै प्रयोग गरेर देखाएको पहिलो घटनाको जीवन्त दस्तावेज बनेको छ प्रतिनिधिसभाको घोषणा- २०६३।

यो घोषणाले लोकतन्त्रको संस्थागत सुदृढीकरणको आधार तयार गर्नुका साथसाथै गणतन्त्रतर्फ अघि बढ्नका लागि राजनीतिक भूमिका पनि निर्माण गरिदिएको छ। सार्वभौम नेपाली जनता सर्वोच्च छन्, तिनको सर्वोच्चतालाई कसैले पनि चुनौती दिन सक्दैन भन्ने तथ्यलाई यो घोषणाले स्थापित गरिदिएको छ। यसले सार्वभौम नेपाली जनताले भोलि संविधानसभाको निर्वाचनका क्रममा लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्दा पनि कसैले चुनौती दिन मिल्दैन र सक्तैन भन्ने यथार्थता प्रस्ट पारेको छ।

अहिले प्रतिनिधिसभाले गरेको घोषणा हाम्रो पार्टीले नेपाल अधिराज्यको संविधान-०४७ जारी हुने बेलामा सार्वजनिक गरेको २७ बुँदे असहमतिका धारणाहरूमा पूर्ण रूपले आधारित छ। नेपाल अधिराज्यको संविधान-०४७ जारी हुन लाग्दा नै हामीले संविधानमा रहेका कमी-कमजोरीहरूलाई देखेका थियौँ र त्यसलाई सच्याउने प्रयत्न गरेका थियौँ। त्यति मात्र होइन, संविधान मस्यौदा गरिरहेको आयोगमा हाम्रो पार्टी प्रतिनिधिसहितका तीन जना वामपन्थी सदस्यहरूले छबुँदे असहमति दर्ता गराएका थिए। नेपालको संविधानलाई सकेसम्म दोषरहित र जनताको अधिकार बलियो हुने गरी स्थापित भएको राजनीतिक दस्तावेजका रूपमा जारी गर्ने हाम्रो प्रयत्नलाई २७ बुँदे धारणाले प्रस्ट रूपमा देखाएको छ। २७ बुँदामा व्यक्त गरिएका हाम्रा अधिकांश विचारहरू अहिले आएर प्रतिनिधिसभाको घोषणाका रूपमा जारी हुनुले हाम्रो पार्टीको राजनीतिक चिन्तनमा रहेको अग्रगामी दृष्टिकोण र दूरदर्शितालाई पुष्टि गरेको छ।

सङ्क्रमणकाललाई व्यवस्थित गर्ने कामको अर्को महत्त्वपूर्ण पाटो भनेको शान्ति प्रक्रियालाई सही ढङ्गले अघि बढाउनु हो। शान्ति यतिबेला हाम्रो राष्ट्रको प्रमुख आवश्यकता र चाहना बन्न पुगेको छ। यसलाई साकार पार्न हामीले शान्ति प्रक्रियालाई व्यवस्थित रूपले अघि बढाउन सक्नुपर्छ। अहिले नेपाल सरकार र नेकपा (माओवादी) बीच शान्तिवार्ता अघि बढिरहेको छ। यसलाई एउटा तार्किक निष्कर्षमा पुऱ्याएर विगत बाह्र वर्षदेखि चल्दै आएको हिंसात्मक द्वन्द्वको अन्त्य गरी मुलुकमा दिगो शान्ति स्थापना गर्ने गम्भीर दायित्व हाम्रासामु छ। तर, सरकार-माओवादीबीच जारी शान्तिवार्तामा सुरुदेखि नै केही कमजोरीहरू रहँदै आए। वार्तालाई सहज ढङ्गले अघि बढाउन द्वन्द्वरत दुवै पक्षका बीचमा सुरुमै युद्धविराम, शान्ति र मानवअधिकार संहितामा हस्ताक्षर हुनुपर्थ्यो। यस्तो सम्झौताको अभावमा अहिले वार्ता प्रक्रियामा कुनै सङ्कट उत्पन्न भयो भने के गर्ने भन्ने कुरा स्पष्ट छैन। वार्ता समिति राजनीतिक दलका प्रतिनिधिहरू राखेर गठन गरिनुपर्थ्यो। यसो गर्दा राजनीतिक सहमतिका निम्ति गृहकार्य गर्न सजिलो हुन्थ्यो। अन्तरिम संविधान मस्यौदा समिति पनि राजनीतिक दलका प्रतिनिधिहरूबाट बनाइनु पर्थ्यो। यस्ता कमजोरीहरूको कारणले गर्दा वार्तामा केही समस्याहरू पैदा भएका छन्। त्यसको उचित समाधानको बाटो यथासक्य चाँडो खोजिनुपर्छ। ठूलठूला राजनीतिक मतभेदहरूलाई समेत संवाद र सहमतिको माध्यमबाट समाधान गर्दै मुलुकलाई लोकतन्त्रको उच्चतम विन्दुसम्म पुऱ्याउने दृढ सङ्कल्पका साथ यहाँसम्म आइपुगेका राजनीतिक दलहरूले कामका दौरानमा उत्पन्न भएका यस्ता समस्याहरूलाई हल गर्दै अघि बढ्ने छन् भन्ने विश्वास गर्न सकिन्छ।

सङ्क्रमणकाल जति लम्बिन्छ, त्यति लोकतन्त्रका विरुद्ध प्रतिगामी षड्यन्त्र हुनसक्छ। यसलाई छोटो पार्न सात दल र नेकपा (माओवादी) बीच कायम भएको सहमतिबमोजिम अन्तरिम संविधान, अन्तरिम संसद् र अन्तरिम सरकार निर्माणको प्रक्रियामा तत्काल प्रवेश गर्नु जरुरी छ। यसका लागि राजनीतिक दलहरूका बीचमा पर्याप्त छलफल र गृहकार्य हुनु जरुरी छ।

सरकार-माओवादी वार्ताको मूल उद्देश्य भयरहित वातावरणमा स्वतन्त्र र निष्पक्ष संविधानसभाको निर्वाचन गराउनु नै हो। यसका लागि हतियारको व्यवस्थापन सर्वाधिक महत्त्वको विषय हो। राज्यको हतियारको व्यवस्थापनका लागि नेपाली सेनालाई सरकारप्रति वफादार बनाउनु जरुरी हुन्छ। यसका लागि सेनाको लोकतान्त्रीकरण गरिनु पर्दछ। राज्यको हतियारको व्यवस्थापन र अनुगमन जति सहज हुन्छ, विद्रोही पक्षको हतियारको व्यवस्थापन र अनुगमन निकै नै जटिल कुरा हो। उनीहरूका सेना र हतियारलाई संयुक्त राष्ट्रसंघको निगरानीमा राख्नुपर्दछ। सेना व्यवस्थापनको सन्दर्भमा संयुक्त राष्ट्रसङ्घको मान्य सिद्धान्त र कार्यविधिहरूलाई स्वीकार्न दुवै पक्ष तयार हुनुपर्दछ।

वार्ता प्रक्रियाले एकहदसम्मको प्रगति हासिल गरेको देखिए पनि अझै वार्ता प्रक्रियाको पूर्ण सफलता र संविधानसभाको सुनिश्चितताका लागि निकै धेरै जोखिम र चुनौतीहरू विद्यमान रहेका छन्। शान्तिवार्ता तयारी बिना हतपतमा हुनु जति हानिकारक हुन्छ, त्यति नै हानिकारक अनावश्यक ढिलाइ पनि। शान्तिवार्तालाई सफल बनाउनका लागि तयारीको कामलाई जोड दिनुपर्दछ। वार्ता टोली, शान्ति समिति र शान्ति सचिवालयलगायतका साझा संयन्त्रहरूमा पार्टीका तर्फबाट खेल्ने भूमिकालाई प्रभावकारी बनाउनुपर्छ। शान्तिवार्ताका विपक्षमा हुने गतिविधि र षड्यन्त्रलाई असफल बनाउनका लागि जनपरिचालनमा जोड दिनुपर्छ।

सात राजनीतिक दल र माओवादीबीचको शिखर वार्तापछि मुलुक अन्तरिम संविधान निर्माणको प्रक्रियामा प्रवेश गरेको छ। राजनीतिक सङ्क्रमणको व्यवस्थापनका लागि अहिलेसम्म भएगरेका कामहरूलाई संवैधानिक आधार प्रदान गर्नका लागि अन्तरिम संविधानको आवश्यकता थियो नै। यसका लागि हाम्रो पार्टीले सुरुदेखि नै जोड दिँदै आएको थियो। अन्तरिम संविधान निर्माण गर्ने कुरामा सहमति भइसकेको अवस्थामा अन्तरिम संविधानलाई जनआन्दोलनको भावनाअनुरूपको बनाउनका लागि ध्यान दिनुपर्दछ। यस निम्ति अन्तरिम संविधानमा समावेश गरिने विषयवस्तुहरूका सन्दर्भमा पार्टीका तर्फबाट अन्तरिम विधान मस्यौदा समितिलाई सुझावहरू दिइसकिएको छ।

**अबको गन्तव्य : लोकतान्त्रिक गणतन्त्र**

हाम्रो पार्टीको केन्द्रीय कमिटीको नवौँ बैठकले शान्तिपूर्ण जनआन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढाउने निर्णय गरेको थियो । उक्त निर्णय हरेक दृष्टिले उपयुक्त, सही र समयसापेक्ष थियो भन्ने कुरा त्यसयताका घटनाक्रमले प्रमाणित गरेका छन् । यसपल्टको आन्दोलनमा आन्दोलनरत राजनीतिक दलहरूबीच गणतन्त्रको सम्बन्धमा एउटै राय नभएका कारण लोकतान्त्रिक गणतन्त्र औपचारिक रूपले सबैको साझा नारा बन्न सकेन तापनि आन्दोलनकारीहरूले व्यवहारमा भने सबैभन्दा चर्को रूपले यही नारालाई नै अघि सारे । राजनीतिक पार्टीहरूको भूमिकाका सन्दर्भमा चर्चा गर्ने हो भने आन्दोलनका दौरानमा गणतन्त्रको नारालाई व्यापक रूपले प्रचार-प्रसार गरेर राष्ट्रव्यापी रूपमा स्थापित गर्ने काममा निर्णायक भूमिका हाम्रो पार्टीको रहेको थियो ।

ऐतिहासिक जनआन्दोलनका क्रममा सडकमा घन्किएका नाराहरूको समष्टिगत रूप लोकतान्त्रिक गणतन्त्र नै हो । लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिक नारा हामीले अघि सारिरहेका सन्दर्भमा यसको रूप र सार पक्षका बारेमा विभिन्न कोणबाट चर्चा र परिचर्चा हुने गरेको छ । यो आन्दोलन बुर्जवा सुधारवादका पक्षधर राजनीतिक शक्ति र आमूल परिवर्तनका पक्षधर वामपन्थी कम्युनिष्ट शक्तिको संयुक्त नेतृत्वमा सम्पन्न भयो । ऐतिहासिक जनआन्दोलनको भावना र लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नका लागि हाम्रो पार्टीले अघि सारेका दृष्टिकोणहरूका आधारमा लोकतान्त्रिक गणतन्त्रका निम्न विशेषताहरू रहेका छन् :

- लोकतान्त्रिक गणतन्त्रको कार्यक्रम सामन्ती राजतन्त्रको समूल अन्त्यको कार्यक्रम हो । यसले राजाबिनाको लोकतन्त्रको अवधारणालाई आत्मसात् गरको छ ।
- लोकतान्त्रिक गणतन्त्रले सामन्तवादको नायकका रूपमा रहेको राजतन्त्रको समूल अन्त्यका साथै राजतन्त्रको आर्थिक-सामाजिक आधारलाई नै समाप्त गर्ने उद्देस्य बोकेको छ । यस अर्थमा लोकतान्त्रिक गणतन्त्रले सामन्तवादी आर्थिक-सामाजिक आधारलाई समाप्त गर्न चाहेको छ ।
- लोकतान्त्रिक गणतन्त्र पुँजीवादी साम्राज्यवादी शोषण र उत्पीडनका विरुद्ध जनमुखी नीतिको पक्षमा उभिएको छ । निरपेक्ष निजीकरण र उदारीकरणको नीति असफल भएको सन्दर्भमा लोकतान्त्रिक गणतन्त्रको अवधारणाको विकास भएको कारणले यसले साम्राज्यवादी शोषण र उत्पीडनलाई नियन्त्रण गर्ने उद्देश्य बोकेको छ ।
- लोकतान्त्रिक गणतन्त्रको कार्यक्रमले सामाजिक रूपले उत्पीडनमा परेका वा पछि पारेका समुदायलाई राज्यको मूलप्रवाहमा सामेल गर्ने उद्देश्यका साथ राज्यको पुनःसंरचना गरी समावेशी र सहभागितामूलक लोकतन्त्रको स्थापना गर्ने लक्ष्य बाकेको छ ।
- लोकतान्त्रिक गणतन्त्रको कार्यक्रमले नेपाली समाजको आमूल परिवर्तनका कार्यक्रमका रूपमा रहेको जनताको बहुदलीय जनवादको क्रान्तिका लागि आधार तयार गर्न सक्दछ । यसै आधारमा हाम्रो पार्टीले लोकतान्त्रिक गणतन्त्रलाई चालू आन्दोलनको मूल कार्यनीतिका रूपमा ग्रहण गरेको हो ।

आन्दोलनले स्थापित गरेको यो नारालाई आगामी संविधानसभाको चुनावमार्फत व्यवहारमा मूर्त रूप दिनुपर्दछ भनेर नै हाम्रो पार्टीले केन्द्रीय कमिटीको एघारौँ बैठकबाट 'संविधानसभाको निर्वाचन गरौँ, लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौँ' भन्ने नारालाई मूल कार्यनीतिक नाराका रूपमा अघि सारेको हो । पुनःस्थापित प्रतिनिधिसभाले गणतन्त्र ल्याउने बाहेक राजालाई शक्तिविहीन बनाउने महत्त्वपूर्ण काम गरिसकेको सन्दर्भमा अब संविधानसभाले सम्पन्न गर्नुपर्ने सर्वाधिक महत्त्वको राजनीतिक काम लोकतान्त्रिक गणतन्त्रको स्थापना नै हो । लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न नसकेको खण्डमा राजनीतिक दृष्टिकोणले संविधानसभा उपलब्धिहीन बन्न पुग्नेछ । त्यसैले मुलुकलाई छिटोभन्दा छिटो संविधानसभाको निर्वाचनमा पुऱ्याउनु र लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नु नै वर्तमान समयमा हाम्रो पार्टीको मुख्य कार्यभार हो, कामको केन्द्रविन्दु हो ।

गणतन्त्रको स्थापनालाई मुख्य कार्यनीतिक लक्ष्य बनाउने केन्द्रीय कमिटीको एघारौँ बैठकको ऐतिहासिक महत्त्वको निर्णयलाई सिङ्गो पार्टीपङ्क्तिले अत्यन्त गम्भीरताका साथ ग्रहण गर्दै अघि बढाउनुपर्दछ । लोकतान्त्रिक गणतन्त्र यतिबेला राजनीतिक दलहरूको मात्र चासोको विषयका रूपमा सीमित छैन । मेचीदेखि महाकालीसम्म र हिमालदेखि तराईसम्म गणतन्त्रको नारा घन्किसकेको छ र जनताको मन-मस्तिष्कमा यसले ठाउँ बनाइसकेको छ । आफ्नै अनुभव र अनुभूतिका आधारमा नेपाली जनता दिनहुँ गणतन्त्रको पक्षधर बन्दै गएका छन् । निरन्तर कमजोर हुँदै गइरहेको सामन्तवाद र दिनहुँ बढ्दै गइरहेको राजनीतिक चेतनाले पनि गणतन्त्रवादी विचारलाई बलियो बनाउँदै गइरहेको छ ।

गणतन्त्र अब केवल कम्युनिस्टहरूको नारा मात्र रहेको छैन । गएको जनआन्दोलनमा लोकतान्त्रिक गणतन्त्र अधिकांश आन्दोलनकारीहरूको मुख्य नारा बनिसकेको थियो । हाम्रो पार्टीबाहेकका अन्य राजनीतिक दलहरूले लोकतान्त्रिक गणतन्त्रको पक्षमा संस्थागत निर्णय नगरे पनि आन्दोलनरत प्रायः सबै पार्टीका नेता-कार्यकर्ताहरूले आफूलाई गणतन्त्रका पक्षमा खडा गरेका थिए । अब हामीले लोकतान्त्रिक गणतन्त्रलाई सातै दलको साझा नारा र लक्ष्यका रूपमा अघि बढाउन व्यापक छलफल र बहसको राष्ट्रव्यापी शृङ्खला अघि बढाउनु आवश्यक छ ।

अब संविधानसभाको लक्ष्य गणतन्त्रलाई संस्थागत गर्ने संविधानको निर्माण हुनुपर्दछ । अबको गन्तव्य लोकतान्त्रिक गणतन्त्र हो र यो गन्तव्यमा पुगेरै छोड्ने अठोटका साथ संविधानसभातर्फको हाम्रो यात्रालाई अघि बढाउनुपर्दछ । नेपालमा गणतन्त्र स्थापनाको मार्गमा प्रतिगामी तथा यथास्थितिवादी शक्तिहरू बाधक बनेर उपस्थित हुन सक्छन् । नेपाली जनताले त्यस्ता तत्त्व वा शक्तिलाई परास्त गर्न फेरि पनि लडाइँ लड्नुपर्ने हुन सक्छ । राजतन्त्रलाई जोगाउने अन्तिम प्रयत्न गर्न देशभित्र र बाहिरका सबै प्रतिक्रियावादीहरू एक हुन सक्छन् र गणतन्त्र स्थापनाको जुन अवसर देखापर्न थालेको छ, त्यसलाई समाप्त पार्न सक्छन् । यस्तो प्रतिगामी प्रयत्नलाई नेपाली जनताको एकता र शक्तिबाट निर्णायक रूपले पछार्नुपर्दछ । त्यसका लागि आवश्यक पर्दा

जस्तोसुकै सङ्घर्ष गर्न समेतपछि नहट्ने जुझारुपनाको आवश्यकता छ । गणतन्त्रका लागि बलिदानी भावना, आँट र सङ्घर्षशीलताको खाँचो पर्दछ । दलहरूबीच पूर्ण एकता र जनताको दरिलो साथको आवश्यकता पर्दछ । त्यसैले विभिन्न पार्टी, नागरिक समाज र पेसागत समुदायमा रहेका गणतन्त्रवादीहरूलाई समेत एकताबद्ध पार्दै संविधानसभाको निर्वाचनकै क्रममा जनमतसङ्ग्रहको माध्यमबाट लोकतान्त्रिक गणतन्त्र स्थापनाका निमित्त प्रभावकारी कदम चाल्नुपर्छ । यसका लागि हाम्रो पार्टीको विशेष योजना र सक्रियतामा लोकतान्त्रिक गणतन्त्रका लागि संयुक्त मोर्चा गठन गरिनुपर्दछ ।

नीति र विचारका दृष्टिले हाम्रो पार्टी एकताबद्ध अवस्थामा छ । यो एकतालाई सङ्गठनात्मक जीवनमा पनि रूपान्तरण गर्न जरुरी छ । हाम्रो पार्टीका विरोधी तथा प्रतिद्वन्द्वीहरू हामीभित्र चर्को अन्तरविरोध, शत्रुतापूर्ण अवस्था र विभाजन चाहन्छन् । उनीहरूको त्यस्तो चाहना र प्रयत्नलाई नीति र सङ्गठन दुवै पक्षमा बलियो एकता स्थापित गरेर जवाफ दिनुपर्दछ । सिङ्गो पार्टीपङ्क्ति र परिवर्तनकारी जनसमुदायले नेकपा (एमाले) मा गतिशील, जीवन्त र हार्दिक एकता चाहन्छन् । यो पार्टीको अग्रगति र प्रगतिसँग पार्टीका नेता वा कार्यकर्ताको मात्र होइन, आमजनता र सिङ्गो राष्ट्रको भविष्य गाँसिएको छ । तसर्थ, हामीले पार्टी कार्यकर्ता र आमजनताको चाहनाबमोजिम पार्टीको आन्तरिक जीवनलाई सुदृढ एकतामा बदल्नुपर्दछ । नीति र विचारको प्रश्नमा एकताबद्ध भएको यो पार्टीको एकतालाई अन्य कुनै कारणले कमजोर पार्न दिनुहुँदैन ।

***(नेकपा (एमाले) केन्द्रीय कमिटीको बाह्रौं बैठकमा महासचिव माधवकुमार नेपालद्वारा प्रस्तुत तथा पारित राजनीतिक प्रतिवेदनका मुख्य अंश)***

# संविधानसभाको निर्वाचनका सन्दर्भमा पार्टी नीति

**(क) संविधानसभा : सार्वभौमसत्ताको सर्वोच्च प्रयोग :**

संविधानसभा संविधान निर्माणको प्रयोजनका लागि जनताबाट निर्वाचित गरिएका जनप्रतिनिधिहरूको सभा भएकाले यो सार्वभौमसत्ताको सर्वोच्च प्रयोगको थलो पनि हो । हाम्रो पार्टीले संविधानसभालाई संविधान निर्माणको सबैभन्दा लोकतान्त्रिक विधिका रूपमा ग्रहण गरेको छ । मुलुकमा ०४६ को ऐतिहासिक जनआन्दोलनपश्चात् निर्माण भएको नेपाल अधिराज्यको संविधान-०४७ पूर्णतः क्रियाशील रहेको अवस्थासम्म हाम्रो पार्टीले संवैधानिक प्रक्रियाभित्रै समस्याको समाधान खोज्नुपर्ने मान्यतालाई अघि सारेको थियो । तर, जब राजाबाट बारम्बार संविधानको अपव्याख्या गर्दै संवैधानिक व्यवस्थालाई भत्काउने काम गरियो । त्यसपछि हाम्रो पार्टीले समस्याको राजनीतिक समाधानमा जोड दिन पुग्यो । माघ १९ को राजाको निरङ्कुश कदमपछि हाम्रो पार्टीले सात पार्टीको एकताको प्रयासका क्रममा प्रतिनिधिसभाको पुनःस्थापनालाई प्रस्थानविन्दु र संविधानसभालाई निकासविन्दुका रूपमा एकीकृत गर्नुपर्ने मान्यतालाई अघि सारेको थियो । उक्त मान्यताको जगमा उभिएर सात राजनीतिक दलहरूले संयुक्त रूपमा प्रतिनिधिसभाको पुनःस्थापनादेखि संविधानसभाको निर्वाचनसम्मको मार्गचित्र अघि सारे । प्रतिनिधिसभाको पुनःस्थापनालाई संविधानसभाको निर्वाचनसम्म जोड्ने हाम्रो त्यो मान्यता नै सामयिक र सार्थक बन्न पुग्यो ।

संविधानसभा २०६२-६३ को ऐतिहासिक जनआन्दोलनको मूल एजेन्डा बन्न पुगे पनि यो नेपालको प्रजातान्त्रिक आन्दोलनको सबैभन्दा पुरानो एजेन्डा हो । नेपालको प्रजातान्त्रिक आन्दोलनको अभ्युदयकालदेखि नै संविधानसभा आन्दोलनकारीहरूको साझा एजेन्डा बन्दै आएको हो । राजनीतिक आन्दोलनको दबाबमा परेर नै राणा प्रधानमन्त्री मोहनशमशेर र राणा शासनको समाप्तिपछि राजा त्रिभुवनले जनताबाट चुनिएको विधानसभाबाट संविधान निर्माण गरिने कुरालाई अघि सारेका थिए । तर, व्यवहारमा सामन्ती अभिजात्य वर्गको विरोध र राजाहरूका अस्वीकृति तथा षड्यन्त्रका कारणले संविधानसभाको निर्वाचन नै हुन पाएन ।

वर्तमान परिप्रेक्ष्यमा संविधानसभाको निर्वाचनका तीन आधारभूत उद्देश्य रहेका छन् । पहिलो, राजा र जनताका बीचमा अधिकारका लागि निरन्तर चलिरहेको सङ्घर्षलाई सधैँका लागि टुङ्गो लगाउने । दोस्रो, २०५२ फागुन १ गतेदेखि जनयुद्धका नाममा सशस्त्र सङ्घर्षमा उत्रिएको नेकपा (माओवादी) लाई शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउने । तेस्रो, नेपाली समाजमा विद्यमान आर्थिक-सामाजिक विभेद र द्वन्द्वलाई राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्रका माध्यमबाट सम्बोधन गर्ने । यिनै उद्देश्यसँग जोडिएका कारणले नै संविधानसभा सात दल-माओवादी र आमजनता सबैको साझा माग बन्न पुगेको हो ।

**(ख) संविधानसभाको लक्ष्य र अधिकार**

जनआन्दोलन २०६२-६३ को जनादेश भनेको लोकतान्त्रिक गणतन्त्रको स्थापना नै हो । जनआन्दोलनमार्फत अभिव्यक्त उक्त जनादेशलाई आत्मसात गरेर नै हाम्रो पार्टीको केन्द्रीय कमिटीको एघारौँ बैठकले संविधानसभाका माध्यमबाट लोकतान्त्रिक गणतन्त्रको स्थापनालाई कार्यनीति बनाउने निर्णय गरेको हो । संविधानसभाको चुनावले मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थापनालाई संस्थागत गर्नुपर्दछ । संविधानसभाको निर्वाचनका बेलामा नै लोकतान्त्रिक गणतन्त्र कि संवैधानिक राजतन्त्र भन्ने

विषयमा जनमतसङ्ग्रह गर्नुपर्छ । यसो गरिएको अवस्थामा सुरुदेखि नै एउटा स्पष्ट दिशानिर्देशका आधारमा संविधान निर्माण गर्न सम्भव हुनेछ ।

संविधानसभाको मूल काम भनेको राज्यको मूल कानुन अर्थात् नयाँ संविधान निर्माण गर्ने कुरा नै हो । सामान्यतया एउटा राजनीतिक व्यवस्थाबाट अर्को राजनीतिक व्यवस्थामा प्रवेश गर्नका लागि नै संविधानसभाको निर्वाचन हुने गर्दछ । ऐतिहासिक जनआन्दोलनको माध्यमबाट अभिव्यक्त भएको जनचाहनालाई आत्मसात गरेर संविधानको निर्माण गर्ने कुरा नै संविधानसभाको मूलपक्ष हो । संविधानसभाको प्रयोग सङ्क्रमणकालीन राजनीतिक अवस्थामा नै हुने गर्दछ । यस्तो बेलामा पुरानो संवैधानिक व्यवस्थाअन्तर्गतको जनप्रतिनिधिमूलक संस्था असान्दर्भिक भएको र नयाँ संवैधानिक व्यवस्था निर्माण भई तदनुरूपको प्रतिनिधिमूलक संस्था गठन नभइसकेको अवस्थामा संविधानसभालाई नै जनभावनाअनुरूपको संसद् र सरकार गठनको कामको जिम्मेवारीसमेत दिन सकिन्छ । नेपालको परिप्रेक्ष्यमा संविधानसभालाई के कस्ता अभिभाराहरू सुम्पने भन्ने कुरा सात राजनीतिक दल र माओवादीबीचको छलफल र सहमतिमा टुङ्गो लगाउनु उपयुक्त हुनेछ । तर, कुनै पनि बहानामा जनअनुमोदनबिनाको अन्तरिम सरकार र त्यसअन्तर्गतको व्यवस्थालाई लामो समयसम्म कायम राख्नु उचित हुँदैन ।

**(ग) संविधानसभाको विधि र प्रक्रिया**

संविधानसभाको निर्वाचनका लागि जनआन्दोलनको म्यान्डेटअनुरूप निर्वाचन आयोगको गठन गरिनुपर्दछ । त्यस्तो आयोगलाई अन्तरिम संविधानमा व्यवस्था भएअनुरूप संविधानसभाको निर्वाचनका लागि आवश्यक पर्ने सम्पूर्ण कामको जिम्मेवारी प्रदान गरिनुपर्दछ ।

संविधानसभाको निर्वाचनका लागि मतदातासम्बन्धी व्यवस्था कस्तो बनाउने भन्ने सन्दर्भ पनि महत्त्वपूर्ण पक्ष हो । हाम्रो प्रयत्न संविधानसभाको निर्वाचनको प्रयोजनका लागि मतदाताको उमेरको हद १६ वर्ष कायम गरी तदनुरूप मतदाता नामावली सङ्कलनको काम अघि बढाउने हुनुपर्दछ ।

जहाँसम्म संविधानसभाले संविधान कसरी निर्माण गर्ने भन्ने कुरा छ, त्यो संविधानसभाको निर्वाचनपछि संविधानसभा आफैँले तय गर्ने कुरा हो । तर, हाम्रो पार्टीले संविधान निर्माणको प्रक्रियालाई पूर्ण रूपले जनसहभागितामूलक बनाउन जोड दिनुपर्दछ । संविधान निर्माणमा जनताको सहभागिता वृद्धि गर्ने हिसाबले जनचेतना अभियान सञ्चालन गरिनुपर्दछ । त्यसपछि संविधानका अन्तरवस्तुका बारेमा बहस सञ्चालन गरिनुपर्दछ । संविधानसभाको निर्वाचनका समयमा राजनीतिक दलहरूका तर्फबाट प्रमुख विषयहरूमा अनिवार्य रूपमा दलीय दृष्टिकोणसहितको चुनावी घोषणापत्र जारी हुने व्यवस्था कायम गरिनुपर्दछ । यस प्रकारको व्यवस्थाबाट आममतदाताले निर्वाचनका माध्यमबाट संविधान निर्माणमा सहभागी बन्न पाउने छन् । संविधान मस्यौदाको काम थालनी गर्नुभन्दा पहिले नयाँ संविधानको प्रस्तावना र आधारभूत सिद्धान्तहरूका बारेमा टुङ्गोमा पुग्नुपर्दछ । संविधानका अन्य प्रश्नहरूको विवादले आधारभूत मान्यताहरूमा विवाद सिर्जना भई संविधान निर्माणको प्रक्रिया नै अवरुद्ध नहोस् भन्नका लागि यस्तो गर्नु उपयुक्त हुनेछ ।

संविधानसभालाई समावेशी मान्यताअनुरूप बनाउन समानुपातिक निर्वाचन प्रणाली अपनाउने व्यवस्था गरिनु उपयुक्त हुन्छ । संविधानसभाको निर्वाचनसम्बन्धी सम्पूर्ण व्यवस्था ऐनद्वारा निश्चित गर्ने व्यवस्था गरिनु पर्छ ।

संविधानसभा जनताको सार्वभौमसत्ताको वास्तविक प्रयोग गर्ने थलोसमेत भएका कारणले संविधानसभाले बनाएको संविधानको घोषणा जनताका तर्फबाट संविधानसभा आफैँले गर्नु उपयुक्त हुनेछ । यस प्रकारको घोषणाले जनतालाई वास्तवमै राष्ट्रको मालिक भएको अनुभूति प्रदान गर्नेछ र संविधानप्रति आमजनताको स्वामित्वभाव पनि बढेर जानेछ । यसरी आयोजना गरिने संविधानसभाको सफलताले नेपालको परिप्रेक्ष्यमा राजाले संविधान दिने पुरानो अध्याय समाप्त गर्नेछ र जनतालाई पूर्णरूपमा सार्वभौमसत्तासम्पन्न भएको अनुभूति र गौरव प्राप्त हुनेछ ।

(**राजनीतिक प्रतिवेदनबाट**)

# अन्तरिम संविधान र नेकपा (एमाले)को सुझाव

## ' टीकाराम भट्टराई

व्यापक अन्यौल र आशंकाका विच अन्तरिम संविधानको मोटामोटी खाका तयार भई सार्वजनिक भएको छ । यो अन्तरिम मस्यौदा समितिलाई विभिन्न दलहरूले आफ्ना सुझावहरू दिएका थिए । त्यसैक्रममा नेकपा (एमाले) को  तर्फवाट महासचिव माधवकुमार नेपालले २०६३ साउन १४ मा विभिन्न २३ बुँदामा अन्तरिम संविधानमा रहनु पर्ने महत्वपूर्ण विषयहरू सुझावको रूपमा मस्यौदा समितिमा वुझाउनु भएको थियो । प्रस्तावित अन्तरिम संविधानमा पार्टीले दिएका सुझावहरू के कति रहन सके र यसमा के-के कमजोरीहरू र के-के राम्रा पक्ष रहेका छन् भनेर तुलनात्मक रूपमा यो लेख तयार गरिएको छ ।

मस्यौदा समिति गठन हुदाँकै वखतमा यसले उल्टो वाटो ग्रहण गरेकोले यो समितिवाट पूर्ण आकारको अन्तरिम संविधान आउने जसले अपेक्षा गरेको थियो त्यो स्वयम्मा एउटा भ्रम थियो । राजनीतिक प्रतिनिधित्वका साथ  राजनीतिक तहमा मस्यौदा समिति वनाई त्यसले तयार गरेका संविधानका अन्तर वस्तुहरूलाई प्राविधिक रूपमा लिपिवध्द गर्न कानुनविदहरूको प्राविधिक समिति वनाइएको भए त्यो स्वभाविक हुने थियो तर  असार २ गते प्रचण्डको  सिधै वालुवाटार प्रवेश र प्रधानमन्त्रीसंग भएको गोप्य सहमतिवाट हौसिएको प्रचण्ड मण्डली र वार्ता टोलीले विना गृहकार्य एकैपटक  प्राविधिक समिति वनाएको कारणले त्यस समितिवाट राजनितिक विषयवस्तु समेतको पूर्ण संविधान अपेक्षा गर्न संकिदैनथ्यो, जुन कुराको अहिले पुष्टी भएको छ । तर, यो प्राविधिक

समितिवाट यो हदसम्मको मस्यौदा आउनु आफैमा एउटा सकारात्मक पक्ष, हो यसलाई सकारात्मक र प्रगतिशील कदमको रूपमा स्वीकार गर्नु पर्दछ ।

१) **सकारात्मक पक्ष** – प्रस्तावित संविधानको सवभन्दा ठुलो सकारात्मक पक्ष भनेको यसले प्रस्ताव गरेका मौलिकहकहरूमा विगतको संविधानको तुलनामा समाजवादी दृष्टिकोणलाई प्रधानता दिइएको छ । नेपालजस्तो सामन्ती आर्थिक र सामाजिक संरचना भएको मुलुकमा शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको क्षेत्रमा समाजवादी अवधारणा अपरिहार्य हुन्छ र नेपालका मुख्य राजनीतिक शक्तिहरू-वामपंथि शक्ति र प्रजातान्त्रिक शक्ति दुवै आफुलाई समाजवादी भन्न रुचाउछन र उनीहरूको जनमत नब्बे प्रतिशतको हाराहारिमा रहेको छ । तसर्थ मौलिकहकको महलमा शिक्षा, स्वास्थ्य, र सामाजिक सुरक्षालाई समावेश गरिनु आफैमा एउटा संवैधानिक क्रान्ति हो । दोश्रो, माओवादी शक्तिमा समेत वर्गीय चेतना भन्दा जातीय चेतनाले प्रधानता पाई जातीयताको आधारमा राज्यको पुनःसंरचना गर्ने गैरमार्क्सवादी चिन्तन हावी भईरहेको परिप्रेक्ष्यमा मजदुर र किसान वर्गलाई पनि प्रस्तावित संविधानले छुट्टै वर्गको रूपमा स्वीकार गरी उनिहरूको संरक्षणको लागि राज्यले विशेष कानुन वनाउन सक्ने, उनीहरूलाई संविधानसभामा प्रतिनिधित्व गराउने आधार तोक्नु पर्ने र उनीहरूको हित रक्षाको विषय राज्यको निर्देशक सिद्धान्तमा समेटिनु पनि यो संविधानको प्रगतिशील मान्यता हो जसलाई अन्तिम मस्यौदासम्म कायम राखिनु पर्दछ । यसका अतिरिक्त दलित अधिकार , महिला अधिकार , ट्रेड युनियन अधिकारलाई सँस्थागत गर्ने र मानवअधिकार आयोगलाई संवैधानिक अगंको रूपमा स्थापित गर्नु जस्ता कैयौं नवीन सोच र अवधारणाहरू प्रस्तावित संविधानमा समेटिएका छन् । तसर्थ, यो हदसम्म मस्यौदा संविधानलाई सकारात्मक मान्नु पर्दछ ।

२ ) **एमालेका सुझाव र मस्यौदा** – नेकपा (एमाले) ले दिएका केही महत्वपूर्ण र दूरगामी असर पार्ने तथा सारभूत विषयहरू मस्यौदामा समेटिएका छैनन् । त्यस्ता विषयहरूलाई यहाँ उल्लेख गरिएको छ ।

- पार्टीले दिएको सुझावमा अन्तरिम संविधानको प्रस्तावनामा दल-माओवादी विच सम्पन्न १२ बुँदे, ८ बुँदे सहमति र प्रतिनिधिसभा घोषणाको आधारमा यो संविधान निर्माण गरिएको हो भन्ने विषय समावेश गरिनु पर्दछ भनि उल्लेख गरिएको थियो । तर मस्यौदामा यसको चर्चासमेत गरिएको छैन । त्यतिमात्र होइन, गत जनआन्दोलनको मुख्य माग राज्यको पुनःसंरचना गर्ने विषयलाई पनि प्रस्तावनामा नै समावेश गरिनु पर्ने पार्टीको सुझाव पनि यसमा समावेश गरिएको छैन । प्रस्तावनामा रहेका अन्य कमिकमजोरीका वारेमा तल छुट्टै चर्चा गरिएको छ ।

- राष्ट्रिय गान - राष्ट्रिय गान जनक्रान्तिको भावना अनुकुलको निर्माण गरिनेछ भन्ने सुझाव दिइएकोमा नेपाल सरकारले तोके बमोजिम हुनेछ भनि उल्लेख गरिएको छ ।

- नागरिकता - नागरिकताको सम्वन्धमा २०३७ सालको जनमत संग्रहको मतदाता सूचिलाई आधार मानि एक पटकलाई उक्त मतदाता सूचिमा समावेश भएका सवै मतदाताहरूले नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था राखिनु पर्दछ भनिएकोमा यो अनुरूपको प्रावधान समावेश गरिएको छैन ।

- राष्ट्रभाषा - नेपालमा बोलिने सवै भाषाहरूलाई राष्ट्रभाषाको रूपमा मान्यता दिई लोपउन्मुख भाषाहरूको विशेष संरक्षणको व्यवस्था गरिनेछ भन्ने व्यवस्था राखिनु पर्ने पार्टीको सुझाव यसमा समेटिएको छैन ।

- मौलिक हक - पार्टीले दिएको सुझावमा वौद्धिक सम्पतिको अधिकार , खाद्य संप्रभुताको ग्यारेन्टी, पत्रपत्रिकाको दर्ता खारेज नगरिने व्यवस्था, मानवअधिकार उल्लंघनकर्तालाई कारवाही गर्न कानुन वनाउन पाइने व्यवस्था रहनु पर्ने भनिएको थियो, यी विषयहरूलाई पनि समेटिएको छैन ।

- राज्यका निर्देशक सिद्धान्त - सामन्ती अर्थतन्त्रको अन्त्य गरिनु पर्ने कुरा स्पष्ट शव्दमा राखिनु पर्ने पार्टीको सुझावलाई पुर्ण वेवास्ता गरिएको छ भने क्रान्तिकारी भूमिसुधारको माध्यमद्वारा वास्तविक जोताहा किसानको हक संरक्षण गरिनु पर्ने प्रावधान राख्न सुझाव गरिएकोमा सोसमेत छुटाइएको छ ।

- निर्वाचन प्रणाली - नेकपा (एमाले) ले लामो समयदेखि संविधानसभाको निर्वाचन समानुपातिक प्रतिनिधित्वको सिद्धान्तको आधारमा गरेर सवै वर्ग,क्षेत्र, लिङ्ग,जात ,जाति, भाषा र भाषीलाई मुल प्रवाहमा समावेश गर्ने नीति अवलम्वन गरेको छ । त्यतिमात्र होइन, यो विषयमा सवै प्रमुख दल र नागरिक समाजको समेत मुख मिलेको छ । नेकपा (एमाले) ले विगतमा अवलम्वन गरेको एक व्यक्ति एक मत प्रणालीको चर्को आलोचना समेत भएको थियो तर कुनै दलको सुझावमा नपरेको र सर्वत्र आलोच्य भएको वहुमत प्रणालीलाई प्रस्तावित संविधानको धारा ६६(२) मा राखिएको छ ।

- कार्यपालिका - संक्रमणकालमा वन्ने कार्यपालिका जुनसुकै हालतमा पनि सर्वदलीय हुनु पर्ने पार्टीको स्पष्ट सुझाव भएकोमा हाल मस्यौदाको धारा ३९(३) मा प्रधानमन्त्रीले व्यवस्थापिकाका सदस्यहरू मध्येवाट मन्त्रीहरूको मनोनयन गर्ने र व्यवस्थापिकामा वहुमत प्राप्त व्यक्ति प्रधानमन्त्री हुने व्यवस्था राखिएको छ । यो प्रावधान संक्रमणकालिन विधिशास्त्र र राजनीतिक मान्यताको विरुद्धमा रहेको छ । यो प्रावधान यथावत रहेमा आन्दोलनकारी शक्तिहरू मध्ये केही शक्तिहरूको मिलेमतोमा अन्य शक्तिलाई पाखा लगाउने योजना बन्ने वा सो बमोजिम भएमा समग्र शान्ति प्रक्रिया खल्वलिन सक्ने भएकोले यो प्रावधानलाई अन्तिम मस्यौदावाट हटाई पार्टीको सुझाव बमोजिम संक्रमणकालिन सरकार हरहालतले सर्वदलीय नै हुनु पर्ने प्रावधान राखिनु पर्दछ ।

- व्यवस्थापिका - व्यवस्थापिकाको सम्वन्धमा मस्यौदामा कुनै ठोस प्रस्ताव गरिएको छैन । मात्र एक व्यवस्थापिका रहने भनिएको छ । तर व्यवस्थापिका कसरी वन्ने, कतिजनाको वन्ने भनिएको छैन । पार्टीको तर्फवाट दिइएको सुझावमा सात राजनीतिक दल र माओवादीको सहमति अनुरूप वैकल्पिक व्यवस्थापिकाको गठन गरी प्रतिनिधिसभाको विघटन गरिनु पर्ने प्रस्ताव गरिएको थियो ।

- न्यायपालिका - न्यायपालिकाको सम्वन्धमा पार्टीको दृष्टिकोण हालको संरचना कायमै राखी थप संवैधानिक अदालतको व्यवस्था गरिनु पर्ने उल्लेख थियो । मस्यौदामा साविकको संरचना त कायमै राखिएको छ तर सवैधानिक अदालतलाई राखिएको छैन । संवैधानिक अदालतको सट्टा संविधानसभा अदालत भन्न खोजिएको देखिन्छ । तर संविधानसभा अदालतलाई दिएको अधिकारक्षेत्र हेर्दा निर्वाचन अदालतलाई भन्दा वढी अधिकार दिइएको छैन । निर्वाचन सम्वन्धी विवाद मात्र हेर्नको लागि संवैधानिक अदालत भन्न

खोजिएको होइन  र त्यति प्रयोजनको लागि मात्र छुट्टै  अदालतको आवश्यकता पनि छैन । किनकि, अहिले पनि निर्वाचन विवाद हेर्नको लागि निर्वाचन अदालत गठन हुने कानुनी व्यवस्था रहेको छ । दक्षिण अफ्रिकामा जस्तो संक्रमणकालको संवैधानिक अदालतले संवैधानिक विवाद पनि हेर्नु पर्दछ भन्ने पार्टीको धारणा रहेको थियो । त्यसो भएर पार्टीको सुझावमा संवैधानिक अदालतको स्थापना गरी त्यस्तो अदालतलाई संविधानसभाको निर्वाचनका सम्बन्धमा उठेका विवाद र अन्तरिम संविधानको विवाद पनि हेर्ने अधिकार दिइनु पर्दछ भनिएको थियो । पार्टीको यो सुझाव पनि कार्यान्वयन भएको देखिएको छैन ।

- स्थानीय निकायको सम्बन्धमा - पार्टीको सुझावमा स्थानीय निकायलाई स्थानीय सरकारको रूपमा स्थापित गरी शक्तिसम्पन्न वनाउने कुरा उल्लेख गरिएको थियो ।  पार्टीले सारेको मान्यता अनुसार केन्द्रीय सरकारका अधिकांश अधिकारहरू स्थानीय निकायलाई निक्षेपण गरी स्थानीय स्तरमा रहेका नेपाल सरकार अन्तर्गतका कार्यलयहरू तत् तत् स्तरका स्थानिय निकाय अन्तर्गत रहनु पर्ने भन्ने थियो तर मस्यौदामा यी सुझावहरू समेटिएको देखिदैन ।

**३. अन्य सवालहरू**

प्रस्तावित संविधानमा राजनीतिक विषयवस्तु वाहेकका अन्य विषयवस्तुहरू समेतमा अनेकौ अस्पष्टता, द्विविधा, विरोधाभाष र संवैधानिक विधिशास्त्रीय मान्यता विपरितका प्रावधानहरू राखिएका छन् । जुन विषय कानुनविदहरूका लागि सामान्य ,स्वभाविक र उनीहरूको अध्ययनको क्षेत्र भित्रका हुन् तिनै विषयमा गैरविधिशास्त्रीय मान्यता देखिनु, आपसमा विरोधाभाषपूर्ण देखिनु, सैद्धान्तिक विचलन देखिनुले संविधानका विद्यार्थीहरूलाई प्रस्तावित संविधानको प्रतिरक्षा गर्न अप्ठेरो परेको छ । यस्तो अप्ठेरा र अस्प्टताहरू प्रस्तावनावाटै शुरु भएका छन । संवैधानिक विधिशास्त्र र संविधानवादको आधारभूत सिद्धान्तको आधारमा प्रस्तावनामा कम्तिमा संविधानको श्रोत, नयाँ संविधान लेखिनुको कारण, यसको लक्ष्य र संविधान भित्रका मुख्य अन्तरवस्तुहरूको सार, शासन प्रणालीको स्वरूप-जस्तै संसदीय, वहुदलीय,लोकतान्त्रिक इत्यादि समावेश भएको हुनु पर्दछ । प्रस्तावित संविधानको प्रस्तावनामा यी कुनै विषयहरू पनि समावेश गरिएका छैनन् ।

संविधान भित्रका अन्तरवस्तुहरूमा विवाद आई त्यो विवाद अदालत वा राज्यका कुनै पनि निकायमा प्रवेश गऱ्यो भने त्यस्तो अवस्थामा संविधानको प्रस्तावना हेरेर के उद्देश्यका लागि संविधान जारी गरिएको थियो वा संविधान मस्यौदाकारहरूले के उद्देश्यले त्यो प्रावधान राखेका थिए , वा यो संविधानका मुख्य सार वा विशेषता के हो वा यो संविधानको श्रोत के हो भन्नलाई प्रस्तावना हेरिन्छ । तसर्थ प्रस्तावनाको महत्व संविधानमा अहम् हुन्छ तर प्रस्तावित संविधानमा श्रोतको किटान गरिएको छैन, अन्तरवस्तुहरू राखिएको छैन र संविधानको लक्ष्य पनि समावेश गरिएको छैन । जुन विषयहरू नराखी प्रस्तावना लेख्नै सकिन्न ती विषयहरू नै प्रस्तावनामा राखिएको छैन । यसका पछाडि दुईवटा कारण हुन सक्छन्- या त मस्यौदाकारहरू संवैधानिक विधिशास्त्रको वारेमा अनभिज्ञ छन् या त हतार-हतारमा लेखिएको कारणले उनीहरूले हेर्न पाएनन् । तर संवैधानिक विधिशास्त्रको वारेमा मस्यौदाकारहरू अनभिज्ञ छन् भन्ने विषयमा कम्तिमा यो लेखक विश्वस्त छैन । त्यसो भए किन यस रूपमा प्रस्तावना लेखियो ?

मौलिक हकको कुरा गर्दा यसका राम्रा पक्षका वारेमा माथि उधृत गरीसकिएको छ तर मौलिक हकमा पनि मस्यौदा विवादास्पद रहेको छ । यो मस्यौदाले दलित अधिकारलाई विस्तृत रूपमा समावेश गरेको भएता पनि यो संविधान जारी भएको दिन देखि छुवाछुत प्रथा उन्मुलन गरिएको छ भनेर घोषणा गर्न सकेको छैन । भारतमा आज भन्दा करिव छ दशक अघि वनेको संविधानमा यो कुरा उल्लेख गरिएको छ। त्यस्तै धारा २५ मा फौजदारी न्याय सम्वन्धी हकलाई समावेश गरेर न्याय सम्वन्धी हक भनिएको छ। अन्तरवस्तु फौजदारी न्याय सम्वन्धी हकको देखिन्छ तर नाम न्याय सम्वन्धी हक राखिएको छ । फौजदारी न्याय सम्वन्धी हक र न्याय सम्वन्धी हकमा आकास-जमिनको अन्तर हुन्छ भन्ने विषयमा कानुनका विद्यार्थीहरू जानकार हुन्छन् । यदि यो मुद्रा राक्षस होइन भने यसलाई अन्तिम मस्यौदामा सच्याइनु पर्दछ ।

यो मस्यौदाको सवभन्दा कमजोर पक्ष आम नागरिक र मानवअधिकारवादी संघ-सस्थाहरूको चासो र सरोकार भएको विषय जनआन्दोलनलाई दमन गर्ने व्यक्तिहरूका सम्वन्धमा छानविन गर्न गठित रायामाझी आयोगको प्रतिवेदनले दोषी ठहर गरेका मानव अधिकार उल्लंघनकर्ताहरूलाई कानुन वनाएर कारवाही गर्ने बाटो यो संविधानले खोल्नु पर्दछ भन्ने थियो । तर प्रस्तावित संविधानको धारा २५(४) ले स्पष्ट शब्दमा त्यसलाई वचाउ गरेको छ। यो धारामा युध्द अपराध र मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरूलाई कारवाही गर्न मात्र पश्चादर्शी असर हुने गरी कानुन  बनाउन छुट दिएको छ तर मानवअधिकारको गंभिर उल्लंघनलाई पश्चादर्शी असर हुने गरी कानुन वनाएर कारवाही गर्न निषेध गरेको छ । यसमा पनि दुईवटा कारण हुन सक्छन्- या त मस्यौदाकारहरूको विचमा त्यो विषयलाई कारवाहि गर्न नहुने भन्ने सहमति भएको हो या त युद्धअपराध, मानवता विरुद्धको अपराध र मानवअधिकार एउटै विषय हुन भन्ने भ्रम पर्न गएको हो। यदि यो व्यवस्था यसैरूपमा अन्तरिम संविधानमा रहने हो भने रायामाझी आयोगको प्रतिवेदनको हालत पनि मल्लिक आयोगको प्रतिवेदन सरह हुनेछ र भैरवनाथ गणमा सामुहिक रूपमा मारिएका भनिएका व्यक्तिहरूका हत्यामा संलग्न व्यक्तिलाई पनि कारवाही गर्न  समेत असजिलो हुनेछ ।

प्रस्तावित संविधानको धारा २६ मा राखिएको यातना विरुद्धको हक पनि नेपालले अनुमोदन गरेको यातना विरुद्धको महासन्धिको व्यवस्था र यातनाको विश्वव्यापी परिभाषा  विरुद्ध छ । उक्त महासन्धिले यातनाको परिभाषामा सार्वजनिक हैसियत प्राप्त अधिकारीले नियन्त्रणमा लिई वा नलिई जुनसुकै तरिकाले गरेको यातनालाई पनि यातनाको परिभाषामा समावेश गरेको छ तर अन्तरिम संविधानमा प्रस्तावित धारा २६ ले केवल अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा मात्र यातना दिन नहुने भनेको छ । यसवाट विगत आन्दोलनमा देखिए जस्तो गिरफ्तार नगर्ने तर अंगभंग हुनेगरी कुटपिट गर्ने वा अश्रुग्याँस प्रहार गर्ने वा रवरका गोली प्रहार गर्ने कार्यलाई पुनः छुट मिल्नेछ। त्यसैगरी न्यायाधिशको पुनर्नियुक्तिको विषय त राखिएको छ तर त्यसको आधार एकातर्फ व्यवस्थापिकाले निर्धारण गरेवमोजिम हुनेछ भनिएको छ अर्कोतर्फ स्वतन्त्र न्यायपालिकाको अवधारणा अनुरूप न्यायाधिशको नियुक्ती र कारवाही सम्वन्धमा छुट्टै संवैधानिक परिषद वा न्याय परिषद राखिएको छ। अर्कोतर्फ पुनर्नियुक्तीको आधार तोक्ने अधिकार व्यवस्थापिकालाई नै दिइएको छ। अदालतले गरेको सजाय माफि-मिनाहा वा मुल्तवी राख्न सक्ने अधिकार विसुद्ध कार्यकारिणी अधिकार हो तर  यो अधिकार लगेर व्यवस्थापिकाको अध्यक्षमा छाडिएको छ । यसवाट मस्यौदाकारहरू विच विधायिकी,कार्यकारिणी र न्यायिक अधिकारका वारेमा मतैक्य नभएको वा यसवारेमा उनीहरूमा अनभिज्ञता रहेको देखिन्छ ।

सहमतिका नाममा संविधानका आधारभुत चरित्र र विशेषताहरूलाई ख्याल नगरी सहमति गर्न सकिन्न । लिखित संविधान भनेकै निश्चित मूल्य,मान्यता, विश्वव्यापी रूपमा स्थापित सिद्धान्त र प्रयोग तथा प्रचलनहरूको सार संग्रह हो । यसवाट अलग भएर

संविधान वन्न सक्दैन । संवैधानिक विधिशास्त्र र संविधानवादको मान्यतालाई अलग राखेर संविधान लेखिन सक्दैन । यो विषयमा माओवादीवाट प्रतिनिधित्व गर्ने मित्र पनि जानकार हुनुहुन्छ तर उहाँको विद्वता संविधानमा झल्कन सकेन । कोष्ठ भित्र राखिएका अधिकांश विषयहरू माओवादीका मान्यता हुन् भन्ने अनुमान हामीले गरेका छौं । त्यस्ता अधिकांश विषयहरू संविधानवादको आधारभुत सिद्धान्त, स्वतन्त्र न्यायपालिका, शक्तिको वाँडफाँडका मान्यताहरूका विपरित छन् । माओवादी नेतृत्वले समेत विधिको शासन र मानवअधिकार अनि संवैधानिक सर्वोच्चतालाई स्वीकार गर्ने प्रतिवद्धता साँच्चै पालना गर्नकै लागि गरेको हो भने ऊ अव यी मान्यतावाट अलग रहेर संविधान वन्न सक्दैन भन्ने विषयमा प्रष्ट हुनु पर्दछ । युद्धकालिन समयमा आन्दोलन उठाउनका लागि उठाइएका राजनितिक मुद्दाहरू सहमतिको आधारमा वन्ने संविधानमा अर्थात क्रान्ति अघिको संविधानमा समावेश हुन सक्दैनन् भन्ने विषयमा माओवादी नेतृत्व जहिलेसम्म अलमलमा रहन्छ तवसम्म अन्तरिम संविधान जारी हुन सक्दैन र यथास्थिति लम्विन्छ । त्यसले अन्ततः शान्ति प्रक्रियालाई नै असर पुग्छ ।

यसका अतिरिक्त, प्रस्तावित संविधानले संक्रमणकालमा अनिवार्य रहनु पर्ने हाल प्रचलित कानुनहरूको हैसियतको वारेमा पनि वोलेको छैन । व्यवस्थापिकाका सदस्यहरूको अयोग्यताको प्रश्नमा स्वयम् व्यवस्थापिकाले नै निर्णय गर्ने भन्ने त्रुटीपुर्ण व्यवस्था राखेको छ । संवैधानिक अदालतको सट्टा संविधानसभा अदालत भनिएको छ र संविधानसभा अदालतलाई केवल निर्वाचन अदालतलाई भएसरहको अधिकार मात्र दिएको छ । एउटा धारामा संविधानसभा अदालतलाई सर्वोच्च अदालतको मातहत अदालत भन्दा अलग राखिएको छ फेरि अर्को धारामा गएर सर्वोच्च अदालतको अभिन्न अगंको रूपमा संविधानसभा अदालत रहने भनिएको छ । यी र यस्ता धेरै विरोधाभाषहरू , विधिशास्त्रीय मान्यता विपरितका प्रावधानहरू प्रस्तावित संविधानमा राखिएका छन् । वास्तवमा यस्ता विषयहरूमा नै प्राविधिक समितिले हेर्ने हो । अब राजनितिक तहमा गइसके पश्चात यी विषयहरू कसले हेर्ने ? हाम्रो संविधान दुनियाँका संविधानविदहरूले हेर्दा हामिलाई अप्ठेरो महसुस नहोस् भन्ने तर्फ पनि विचार गरिनु पर्दछ ।

संविधान मस्यौदा गर्ने विषयलाई जसरी हल्का रूपमा ग्रहण गरियो र १५ दिने म्याद दिइयो अनि त्यसमा पनि ३ चरणमा मस्यौदा समितिलाई पूर्णता प्रदान गरियो र पूर्णता पाए पछि पनि यसलाई राजनीतिक तहवाट जसरी वेवास्ता गरियो त्यसको कुल परिणाम नै अन्तरिम संविधानको यो रूप हो । अव पनि थप मजाक नगरौं । यसलाई पूर्णता दिन पुनः राजनीतिक र प्राविधिक तहमा अलग-अलग समितिलाई जिम्मा दिइनु पर्दछ र अविलम्व यसलाई घोषणा गरिनु पर्दछ । तर माओवादीले अन्तरिम संविधानलाई चाँडो जारी गराउन खोजेको होइन कि भन्ने देखिन्छ । यदि साँच्चै माओवादीले अन्तरिम संविधान चाँडो जारी गराउन चाहेको हो भने उसले यसमा गणतन्त्र लेखिनु पर्ने नत्र कुनै विषयमा सहमति नजनाउने भन्ने अराजनीतिक तर्क गर्ने थिएन ।

जेहोस् थुप्रै विरोधाभाष, अस्पष्टता, सैद्धान्तिक विचलनका साथ एउटा मस्यौदा वनेको छ । अव यसलाई परिमार्जन गरी अविलम्व चाँडो अन्तरिम संविधान जारी गरी विद्रोहीहरूलाई समेत राज्यसत्तामा समावेश गरिनु नै जनआन्दोलनको मर्म र भावना हो भन्नेमा कसैलाई द्विविधा रहनु हुँदैन ।

# राज्यको पुनःसंरचना र पार्टी नीति

## ' शंकर पोखरेल

### राज्य के हो ?

मानव सभ्यताको विकासका क्रममा नियन्त्रणकारी संयन्त्रको आवश्यकताले नै राज्यको विकास भएको हो । यस अर्थमा राज्य वर्गीय उत्पीडनको साधन र प्रभुत्वको अस्त्र हो । मानव सभ्यताको आरम्भमा जतिबेला मानिस वर्गमा विभाजित थिएन, त्यतिबेला राज्यको उत्पत्ति भएको थिएन । मानव सभ्यताको विकासका क्रममा वर्गको उदयसँगै राज्यको उत्पत्ति भएको हो र सभ्यताको समृद्धिसँगै राज्य पनि विलोप भएर जानेछ । राज्यको उत्पत्ति र विकासका सन्दर्भमा एङ्गेल्सले आफ्नो चर्चित पुस्तक *परिवार, व्यक्तिगत सम्पत्ति र राज्यको उत्पत्ति*मा यस्तै मान्यताको वकालत गरेका छन् । उनका अनुसार, 'समाजबाट उत्पन्न भएको, समाजभन्दा माथिको स्थान ग्रहण गर्ने र समाजबाट टाढिँदै गएको शक्ति नै राज्य हो ।'

राज्य आर्थिक-सामाजिक आधारमा खडा भएको हुन्छ । उत्पादक शक्तिको विकास र सामाजिक सचेतनताको स्तरका आधारमा आर्थिक-सामाजिक सम्बन्ध कायम हुन्छ । मार्क्सवादले राज्यको ढाँचालाई अधिरचना र आर्थिक-सामाजिक ढाँचालाई आधार मान्दछ । राज्यअन्तर्गत राष्ट्रिय सरकार, सेना, कानुन तथा अन्य राजनीतिक व्यवस्था र तत्सम्बन्धी विचारधारात्मक रूप जस्तै दर्शन, साहित्य र कला आदि पर्दछन् । उत्पादन सम्बन्धको कुल योग नै समाजको आर्थिक आधार हो । यही नै कानुनी र राजनीतिक अधिरचनाको वास्तविक आधार पनि हो ।

राज्यको स्वरूपका सन्दर्भमा मार्क्सवादको झुकाव लोकतान्त्रिक गणतन्त्रतर्फ रहेको पाइन्छ । मार्क्स र एङ्गेल्स दुवैले आफ्ना रचनाहरूमा सर्वहारा वर्ग तथा सर्वहारा क्रान्तिको दृष्टिकोणले प्रजातान्त्रिक केन्द्रीयता, एकीकृत र अभिभाज्य गणतन्त्रमाथि जोड दिएको पाइन्छ । दुवैको सङ्घात्मक गणतन्त्रलाई राजतन्त्रबाट केन्द्रिकृत गणतन्त्रतर्फ सङ्क्रमणकालीन रूप र केही विशेष परिस्थितिहरूमा 'अग्रगामी कदम' मान्न सकिने धारणा रहेको थियो । नेपालको परिपेक्ष्यमा राजतन्त्रको विद्यमानता र बहुलवादी सामाजिक बनोटका कारणले उपरोक्त विशेष परिस्थिति कायम रहेको सहजै निष्कर्षमा पुग्न सकिन्छ ।

मार्क्सवादले राज्यको विलोपसँग जनवादको गहिरो सम्बन्ध रहेको धारणा प्रस्तुत गरेको छ । 'जब वर्गहरू बिलाएर जान्छन्, केवल त्यसबेला मात्रै राज्यको अस्तित्व रहँदैन र स्वतन्त्रताको कुरा गर्नु सम्भव हुन जान्छ । केवल त्यसबेला मात्रै वास्तवमा पूर्ण प्रजातन्त्रवाद, वास्तवमा बन्देजरहित प्रजातन्त्रवाद सम्भव हुन सक्दछ र त्यसको स्थापना गर्न सकिन्छ । अनि, केवल त्यसबेला प्रजातन्त्रवाद त्यस सामान्य परिस्थितिको अनुकूल विस्तार विस्तार विलुप्त हुन थाल्नेछ ।' तर, समाज विकासका क्रममा एकीकृत र केन्द्रीकृत स्वरूपको राज्यको शक्ति हस्तान्तरण हुँदा राज्यको स्वरूपमा कस्तो परिवर्तन हुनेछ भन्ने सन्दर्भमा भने खासै स्पष्टता पाइँदैन । राज्य विलोप हुने प्रक्रियाअन्तर्गत राज्यको वर्तमान स्वरूप विस्तारित भएर क्षेत्रीय र अन्तर्राष्ट्रिय हुँदै जानेछ वा विकेन्द्रीकरण र स्वःशासनको प्रक्रियाद्वारा क्षेत्र, जिल्ला, स्थानीय तह हुँदै क्रमशः सानो एकाइमा पुगेर विलोप हुनेछ भन्ने प्रश्न

अत्यन्त महत्त्वको प्रश्न हो । शक्ति हस्तान्तरणका क्रममा त्यो क्रमशः माथि र तल दुवैतिर स्थानान्तरण हुनेछ र अन्त्यमा राज्य शक्तिहीन र औचित्यहीन बन्न पुग्नेछ । यसबीचमा विश्वस्तरमा देखिएका सामाजिक सङ्गठनका नयाँ प्रवृत्तिहरूले पनि यस विचारको औचित्यलाई प्रकट गरिरहेकै छन् ।

**राज्यको पुनःसंरचना किन ?**

सार्वभौमसत्ता, राजकीयसत्ता र शासनाधिकार नेपाली जनतामा सुनिश्चित गर्ने कुरामा राज्यको पुनःसंरचना सर्वाधिक महत्त्वको विषय हो । नेपाल अधिराज्यको संविधान-०४७ ले जनतामा सार्वभौमसत्ता रहेको कुरा उल्लेख गरेको भए पनि त्यसलाई जनताबाट निर्वाचित प्रतिनिधिहरूले मात्र प्रयोग गर्ने गरी व्यवस्थित गर्न सकेको थिएन । यसपटकको ऐतिहासिक जनआन्दोलनले उक्त विषयलाई सर्वाधिक महत्त्वको विषयका रूपमा आत्मसात् गरेको छ । जनआन्दोलनको सफलतापछिको राजनीतिक सङ्क्रमणको व्यवस्थापनका लागि भएका प्रयासहरूले पनि उक्त सम्भावनालाई प्रकट गरेका छन् । मुलुक लोकतान्त्रिक गणतन्त्रको पक्षमा अग्रसर बनिरहेका बेलामा राज्यको पुनःसंरचना गरिरहँदाको अवस्थामा गणतन्त्रका नाममा पुनः अभिजात्य वर्गको तानाशाही सुरु हुन नसक्ने अवस्था निर्माण गरिनुपर्दछ ।

सामन्ती राजतन्त्र र त्यसका आर्थिक, सामाजिक र सांस्कृतिक आधारहरूलाई समाप्त पार्ने कुरा राज्यको पुनःसंरचनामा अत्यधिक महत्त्वको विषय हो । विगतमा निरङ्कुश राजतन्त्रको अन्त्यपछि त्यसका आधारहरूलाई समाप्त पार्ने कुरामा ध्यान दिन नसक्दा निरङ्कुश राजतन्त्रको पुनरुत्थान भएजस्तै राजतन्त्रको अन्त्यपछि पुनः सामन्तवादको नायकका रूपमा कुनै तानाशाहको जन्म नहोस् वा राजतन्त्रकै पुनरुत्थान नहोस् भन्ने कुरामा गम्भीर हुनु पर्दछ । यसका लागि राजतन्त्रको समाप्तिसँगै सामन्तवादका आर्थिक, सामाजिक र सांस्कृतिक आधारहरूलाई पूर्णतः समाप्त गरिनु पर्दछ । त्यस प्रकारको पहल र प्रयासले नै वास्तवमा परिवर्तनलाई दिगो बनाउन सहयोग पुऱ्याउनेछ ।

कतिपयले राज्यको पुनःसंरचनाले नेपाललाई कमजोर बनाउँछ र विभाजन गर्दछ भन्ने आशङ्का प्रकट गर्ने गरेको पाइन्छ । राज्यको पुनःसंरचनाको उद्देश्य एकात्मक र केन्द्रीकृत शासन व्यवस्थाका कारणले मनोवैज्ञानिक रूपमा विभाजित बन्दै गएको राष्ट्रलाई मनोवैज्ञानिक रूपले मात्रै होइन, भौतिक रूपले समेत बलियो बनाउने कुरा नै हो । राज्यको पुनःसंरचनाका माध्यमबाट नेपाललाई अखण्ड, अभिभाज्य र सार्वभौमसत्ता सम्पन्न राष्ट्रका रूपमा सुदृढ गरिनुपर्दछ । यस प्रकारको प्रयासले मात्रै भौगोलिक रूपमा एक ठाउँमा रहेका नेपालीहरूलाई मनोवैज्ञानिक रूपमा समेत एक ठाउँमा ल्याउन सहयोग पुग्नेछ ।

राज्यको पुनःसंरचनाको उद्देश्य नेपाललाई जातीय, भाषिक, सांस्कृतिक, क्षेत्रीय हिसाबले विभिन्न प्रदेशमा विभक्त गर्ने कुरा मूल विषय होइन, पुनःसंरचनाको मूल विषय त त्यस प्रकारको व्यवस्थाद्वारा नेपाल राष्ट्रलाई हरेक हिसाबले समृद्ध राष्ट्रका रूपमा उभ्याउने कुरा नै हो । राज्यको पुनःसंरचना गर्दा न्याय, समानता र स्वतन्त्रताको नीतिका आधारमा लोकतन्त्रलाई सबल बनाउने र राज्य सञ्चालनमा जनताको भूमिकालाई प्रभावकारी बनाउने कुरालाई विशेष ध्यान दिइनु पर्दछ । यसले नै लोकतन्त्रप्रतिको जनताको स्वामित्वभावलाई विकास गर्नेछ ।

राज्यको पुनःसंरचनाको महत्त्वपूर्ण उद्देश्य आर्थिक-सामाजिक विकासमा विद्यमान क्षेत्रीय असन्तुलन कम गर्दै लैजाने र समविकासको अवसर र आधार प्रदान गर्ने कुरा पनि हो । शाहवंशीय राजतन्त्रको उदयभन्दा पहिले कर्णाली प्रदेश काठमाडौँ उपत्यकालाई छोडेर हरेक हिसाबले समृद्ध थियो । एकात्मक र केन्द्रीकृत राज्य व्यवस्थाका कारणले आज कर्णाली प्रदेश निकै पछि परेको अवस्थामा छ । राज्यको पुनःसंरचनाको उद्देश्य शक्तिको केन्द्रीकरण र भौतिक विकासका कारणले पछि पर्दै गएका क्षेत्रहरूलाई विकासको मूलधारमा ल्याउने कुरा पनि हो ।

राज्यको पुनःसंरचना अत्यधिक महत्त्वपूर्ण विषय नेपाली समाजको विशेषता र विशिष्ठताका आधारमा राज्यको निर्माण गर्ने र राज्यमा पछि परेको/पारिएको सबै वर्ग वा समुदायको पहिचान, प्रतिनिधित्व र पहुँचलाई सुनिश्चित बनाउने कुरा पनि हो । यस प्रकारको प्रयासले देश मेरो हो, राज्य मेरो होइन भन्ने मान्यतालाई समाप्त गरी राज्यलाई सबैको साझा फूलबारीका रूपमा विकास गर्न सहयोग पुग्नेछ ।

नेपाली समाजमा विद्यमान वर्गीय, लैङ्गिक, जातीय, भाषिक, सांस्कृतिक, सामुदायिक र क्षेत्रीय विभेद र द्वन्द्वको समस्यालाई समाधान गरी समतामूलक समाजको निर्माण गर्ने कुरा राज्यको पुनःसंरचनाको अर्को महत्त्वपूर्ण उद्देश्य हो । नेपाल राष्ट्रलाई समृद्ध र समुन्नत राष्ट्रका रूपमा विकास गर्ने हो भने राज्यले यस प्रकारको नीति लिनु जरूरी हुन्छ । पहिले-पहिले राज्यको समृद्धिका रूपमा अर्थतन्त्रलाई मात्र आधार मान्ने प्रचलन थियो । अहिले आएर विश्वस्तरमा नै सामाजिक विकासलाई समृद्धिको आधार मान्न थालिएको छ । समृद्धिको आधार भनेको शोषण र भेदभावमुक्त समाजको निर्माण गर्ने कुरा नै हो । हिजोसम्म शोषण र भेदभावका विरुद्धको आन्दोलन कम्युनिष्टहरूको आन्दोलन भनेर बुझ्ने चलन थियो, अब त्यसमा परिवर्तन आवश्यक छ । शोषण र भेदभावविरुद्धको आन्दोलनलाई राष्ट्रिय मुक्तिको आन्दोलनका रूपमा सबैले ग्रहण गर्ने अवस्था निर्माण गरिनु पर्दछ ।

हामीकहाँ राज्यको पुनःसंरचनालाई माओवादी विद्रोहको शान्तिपूर्ण समाधानसँग गाँसेर हर्ने गरिएको छ । एक दशकदेखिको माओवादी विद्रोहको समस्याको शान्तिपूर्ण समाधानको बाटो पत्ता लगाउने र भविष्यमा फेरि कसैले त्यस प्रकारको बाटो अवलम्बन गर्नु नपरोस् भन्ने कुराको आधार तयार गर्ने कुरा निश्चय नै निकै महत्त्वको कुरा हो । माओवादी विद्रोहका कारणले नेपाली समाजले बेहोर्नुपरेको क्षतिलाई आँकलन गर्ने हो भने भविष्यमा यस प्रकारको स्थिति उत्पन्न नहोस् भन्नेबारेमा गम्भीरतापूर्वक सोच्न सक्नु पर्दछ । यस अर्थमा पनि माओवादी विद्रोहको शान्तिपूर्ण समाधानका विषयलाई राज्यको पुनःसंरचनाको उद्देश्यका रूपमा अघि बढाउनु पर्दछ ।

विगतमा स्थापित संसदीय प्रजातन्त्रमा नेपाली समाजमा विद्यमान बहुलताको सही प्रतिनिधित्व हुन सकेन । सबै समुदायको साझा फूलबारीका रूपमा नेपाल राष्ट्रको विकास गर्नका लागि लोकतान्त्रीकरण र समावेशीकरणको नीतिका आधारमा राज्यका सबै अङ्गहरूको पुनःगठन गरिनुपर्दछ । यस अर्थमा राज्यका विभिन्न अङ्गहरूको लोकतान्त्रीकरण र पुनःगठन पनि राज्यको पुनःसंरचना महत्त्वपूर्ण उद्देश्य हो । यसअन्तर्गत सेनाको पुनःगठनलाई सर्वाधिक महत्त्वको विषयका रूपमा अघि बढाइनु पर्दछ ।

०४६ सालको राजनीतिक परिवर्तन उदार प्रजातन्त्रको लहरबाट प्रभावित रह्यो । त्यसकै प्रभावमा परेर त्यसपछिको सरकारले निजीकरण र उदारीकरणको नीतिलाई अघि बढायो । निरपेक्ष निजीकरण र उदारीकरणको नीति हाम्रोजस्तो मुलुकका लागि उपयुक्त रहेनछ भन्ने कुरा ०४६ सालले ल्याएको राजनीतिक परिवर्तनमा आएको सङ्कटले पुष्टि गरिसकेको छ । त्यसैले अब राज्यको पुनःसंरचनाको एउटा महत्त्वपूर्ण उद्देश्य साम्राज्यवाद र नवउपनिवेशवादी शोषण र उत्पीडनको विरोध गर्दै राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने र अन्तर्राष्ट्रिय रूपले प्रतिस्पर्धी बनाउने पनि हो । यस विषयलाई पनि उच्च महत्त्वका साथ अघि बढाउन सक्नु पर्दछ ।

यसैगरी, राज्यको पुनःसंरचना गरिरहँदा लोककल्याणकारी राज्य व्यवस्थाको निर्माण गर्ने कुरालाई केन्द्रविन्दुमा राखिनु पर्दछ । यसले नै नेपाली जनताको आमूल परिवर्तनको चाहनालाई सम्बोधन गर्न सक्दछ र नेपाली समाजमा सामाजिक परिवर्तनका लागि हिंसात्मक आन्दोलनलाई अपरिहार्य ठान्ने धारणामा परिवर्तन ल्याइदिनेछ । अहिले नेपाली समाजले लोकतान्त्रिक गणतन्त्रलाई जसरी पुँजीवादी प्रजातन्त्र र समाजवादी प्रजातन्त्रबीचको सङ्क्रमणकालीन अवस्थाका रूपमा चित्रण गर्दैछ, त्यसलाई सार्थक बनाउने हो भने राज्यको पुनःसंरचनाका माध्यमबाट नेपाललाई शोषणरहित शान्त, समृद्ध र समुन्नत राष्ट्रका रूपमा नेपाल राष्ट्रको विकास गर्ने अभिभारा पूरा गर्न सक्नुपर्दछ । यसले नै जनक्रान्तिको स्वरूपको राजनीतिक परिवर्तनलाई आर्थिक-सामाजिक परिवर्तनसहितको सार्थक परिवर्तनमा रूपान्तरण गर्न सक्नेछ ।

**पुनःसंरचनाका नीतिहरू**

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भौगोलिक विविधताले युक्त मुलुक हो । यहाँ उद्गमको हिसाबले आर्य, मङ्गोल, आस्ट्रिक र द्रविड गरी चार नस्ल समूहका मानिसहरू मुलुकका विभिन्न भू-भागमा बसोवास गर्दछन् । पछिल्लो जनगणनाले नेपालका विभिन्न प्रकृतिका एक सय एक जातीय समूहको पहिचान गरी सूचीकृत गरेको छ । भाषागत हिसाबले यहाँ भारोपेली, भोट बर्मेली, आग्नेसियाली र द्रविडेली गरी चार भाषा परिवारका ९२ वटा भाषा र बोलीहरूको पहिचान गरिएको छ । कुसुण्डा भाषा उपरोक्त चार समूहभन्दा बाहिरको इण्डो प्यासेफिक परिवारको हुनसक्ने अनुमान गरिएको छ । धार्मिक हिसाबले यहाँ हिन्दू, बौद्ध, इस्लाम, किराँत, जैन, शिखलगायत दसवटा धर्म प्रचलनमा छन् । भू-वनोटका हिसाबले नेपाल हिमाल, पहाड र तराईमा विभक्त छ । नदी प्रणालीका हिसाबले पनि प्रमुख तीन नदीका अतिरिक्त अनेकन स्वतन्त्र जलाधार क्षेत्रमा विभक्त छ । यी सबैको प्रभाव यहाँका जात/जनजातिहरूको जीवनशैली, रहन-सहन, भेषभूषा, उत्पादन पद्धति, सांस्कृतिक सम्पदालगायत विविध पक्षहरूमा परेको छ । यहाँका विभिन्न जात/जनजातिहरूमा लामो समयदेखि परम्पराको सम्बन्ध र अन्तरघुलनको प्रक्रियाले एकअर्काको बोली, रीतिरिवाज, धर्म र संस्कृतिमा उल्लेख्य प्रभाव परेको छ । यी सबैका बाबजुद नेपालमा जाति, भाषा, धर्म र संस्कृतिका हिसाबले विविधताको विशिष्ट अवस्था छ । हजारौँहजार वर्षको सङ्घर्ष र सम्मिलनद्वारा निर्माण भएको नेपाली समाजको यस प्रकारको विविधतायुक्त विशिष्ट पहिचान कसैको कुत्सित चाहनाकै भरमा नष्ट हुन सक्तैन भन्ने कुरा शाहवंशीय राजसंस्थाको नेतृत्वमा अघि बढाइएको 'एउटै भाषा र एउटै भेषको' विभेदकारी नीतिको असफलताले पनि पुष्टि गरिसकेकै छ । यस प्रकारको विशेषतामा आधारित नेपाल राज्यलाई नेपाली विशेषताका आधारमा पुनःसंरचना गर्नुपर्दछ भन्ने कुरा नै जनक्रान्तिको विशेषतासहितको ऐतिहासिक जनआन्दोलनको महत्त्वपूर्ण कार्यभार हो । त्यही कार्यभार पूरा गर्ने उद्देश्यले नेकपा (एमाले) को केन्द्रीय कमिटीको नवौँ बैठकले कमरेड महासचिवको नेतृत्वमा राज्यको पुनःसंरचनासम्बन्धी कार्यदल गठन गरेको थियो । कार्यदलले तयार गरेको नीतिगत अवधारणामाथि केन्द्रीय कमिटीको बाह्रौँ बैठकले छलफल गरी त्यससम्बन्ध पार्टीको नीति तयार गरेको छ । यहाँ राज्यको पुनःसंरचनासम्बन्धी पार्टी नीतिको सारसंक्षेप प्रस्तुत गरिएको छ :

१. नयाँ लोकतान्त्रिक राज्यको स्वरूप नेपाली समाजको विशेषता र विशिष्ठतामा आधारित हुनेछ । यस हिसाबले नेपाल राज्यको चरित्र सङ्घात्मकतामा आधारित हुनेछ र शासन प्रणाली केन्द्र, प्रदेश र स्थानीय निकायको बीचमा अधिकार र कर्तव्यको स्पष्ट बाँडफाँट गरिएको स्वशासनको ढाँचामा आधारित हुनेछ । यसअन्तर्गत नेपाल राष्ट्रलाई जातीय, भाषिक, सांस्कृतिक र प्रादेशिक स्वायत्ततामा आधारित अखण्ड, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न राज्य राष्ट्रका रूपमा विकास गरिनेछ । यसअन्तर्गत विशेषतः पछि परेको/पारिएका सबै वर्ग र समुदायको पहिचान, सहभागिता र पहुँचलाई सुनिश्चित गरिनुपर्दछ ।

२. सङ्घात्मकतामा आधारित नयाँ राजनीतिक र प्रशासनिक एकाइको विभाजन गर्दा राजनीतिक र प्रशासनिक एकाइलाई एकअर्कामा आबद्ध गरिनेछ । राजनीतिक र प्रशासनिक एकाइको विभाजन गर्दा भौगोलिक अवस्थिति, जनसङ्ख्या र जातिगत बसोवासको अवस्था, मातृभाषा र भाषाको प्रयोगको अवस्था, सांस्कृतिक सम्मिलनको अवस्था, प्रशासनिक सुगमता, आर्थिक-सामाजिक अन्तरसम्बन्ध, साधन-स्रोतको उपलब्धता र ऐतिहासिकताजस्ता पक्षलाई आधार बनाइनेछ । उपरोक्त नीतिअनुरूप राजनीतिक र प्रशासनिक क्षेत्रको विभाजन गर्दा सकेसम्म पछि परेको/पारिएको समुदायका सघन बसोवासका क्षेत्रहरू, भाषिक सघनताका क्षेत्रहरू र विशिष्ट सांस्कृतिक क्षेत्रहरूलाई सकेसम्म एउटै राजनीतिक र प्रशासनिक एकाइमा आबद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।

३. सङ्घात्मकतामा आधारित शासनको ढाँचा तीन तहको हुनेछ । यसअन्तर्गत एउटा बहुजातीय केन्द्रीय संरचना हुनेछ । केन्द्रभन्दा मुनि नेपाली विशेषताअनुरूपका विधायिकी अधिकारसहितको बहुजातीय प्रदेशहरू रहनेछ । त्यसभन्दा तल नगर र गाउँको वर्तमान संरचनालाई माथि उल्लेख गरिएको नीतिका आधारमा पुनःसंरचना गरिनेछ । उपरोक्त विशेषताका आधारमा नेपाललाई १५ प्रदेश, मिश्रित निर्वाचन प्रणालीअन्तर्गतका करिब १ सय २५ निर्वाचन क्षेत्र, मिश्रित निर्वाचन प्रणालीअन्तर्गतका करिब ५ सय विधानसभाका निर्वाचन क्षेत्रहरू र झण्डै २ हजार नगर र गाउँपालिकाहरू कायम गर्नु उपयुक्त हुनेछ । यस सन्दर्भमा पार्टीले छलफल गरी निष्कर्ष निकाल्न बाँकी रहेको छ ।

४. नेपालको सन्दर्भमा केन्द्रसँग राष्ट्रिय सुरक्षा, वैदेशिक सम्बन्ध, केन्द्रीय बैंक, मुद्रा र वित्तीय प्रणाली, रेल्वे, हवाई उडान र प्रमुख राष्ट्रिय मार्गहरू, केन्द्रीय विश्वविद्यालय, मानवअधिकार र मौलिक अधिकारको संरक्षण, सर्वोच्च अदालत, भन्सार राजस्व, ठूला जलविद्युत् आयोजना, बहुप्रादेशिक प्राकृतिक सम्पदाहरूको बाँडफाँट र प्रादेशिक विवादहरूको समाधानजस्ता अधिकार र त्यसअन्तर्गतका नागरिकप्रतिका दायित्वहरू निहित रहनु उपयुक्त हुनेछ । प्रादेशिक तहमा विधायिकी अधिकारसहितको संसद्, सार्वजनिक सुरक्षा, व्यापार, उद्योग र श्रम व्यवस्था, सडक, जङ्गल, जल र जमिनको व्यवस्थापन र उपयोग, शिक्षा र स्वास्थ्यको

प्रबन्धजस्ता अधिकारहरू र त्यसअन्तर्गतका नागरिक दायित्वहरू रहनुपर्दछ । स्थानीय तहमा स्थानीय सडकहरूको निर्माण र संरक्षण, ग्यास, विद्युत् र जलआपूर्ति, सरसफाइ, स्थानीय योजनाहरू, स्थानीय कर, सार्वजनिक शिक्षा र स्वास्थ्य सेवाको प्रबन्ध, ग्रामीण समुदायमा आधारित ग्रामीण यातायातका साथै प्राकृतिक स्रोत र साधनको व्यवस्थापनको अधिकार रहनु उपयुक्त हुनेछ ।

५. हाम्रो पार्टीले लोकतान्त्रिक गणन्त्रलाई कार्यनीतिको मूल लक्ष बनाई संविधानसभाको निर्वाचनकै क्रममा जनमतसङ्ग्रह गरी राजतन्त्रको अन्त्य गर्ने मान्यता अघि सारिसकेको अवस्थामा अब मुलुकमा जननिर्वाचित राष्ट्राध्यक्षको व्यवस्था गरिनुपर्दछ । प्रतिनिधिसभाको निर्वाचन समानुपातिक आधारमा गर्ने नीति अवलम्बन गरिएको अवस्थामा राष्ट्रपतिको निर्वाचन प्रत्यक्ष निर्वाचनबाट गरिनुपर्दछ । राष्ट्रपतिको निर्वाचनमा कम्तीमा पनि ५० प्रतिशत प्लस एक भोट ल्याउने उम्मेदवार विजयी हुने बहुमतको प्रणाली अवलम्बन गरिनु उपयुक्त हुनेछ । पहिलो चरणमा कुनै पनि उम्मेदवारले आवश्यक बहुमत पाउन नसकेको अवस्थामा दुई प्रतिस्पर्धीका बीचमा पुनः चुनाव गर्ने विधि अवलम्बन गरिनुपर्दछ । यस प्रकारको निर्वाचन प्रणालीबाट आएको उम्मेदवारले नै आत्मविश्वासका साथ काम गर्ने अवसर पाउन सक्दछ ।

६. प्रत्यक्ष निर्वाचनबाट निर्वाचित भएको नेतृत्वलाई जनताप्रति उत्तरदायी बनाउनका लागि शक्ति सन्तुलनको सिद्धान्तमा आधारित प्रभावकारी संवैधानिक अङ्गहरूको व्यवस्था गरिनुपर्दछ । नेपालजस्तो बहुलतामा आधारित समाजमा लोकतान्त्रिक गणतन्त्रअन्तर्गत व्यवस्थापिका प्रतिनिधिसभा र राष्ट्रियसभाका रूपमा दुई सदनात्मक हुनु उपयुक्त हुनेछ । प्रदेश र स्थानीय तहमा बहुदलीय प्रतिस्पर्धाद्वारा छनोट गरिएको समावेशी चरित्रमा आधारित एउटा जनप्रतिनिधिमूलक निकायको व्यवस्था गरिनुपर्दछ । दुवैले संवैधानिक व्यवस्थाअनुरूपका विधायिकी अधिकारहरूसमेत प्रयोग गर्न पाउने व्यवस्था कायम गरिनुपर्दछ ।

७. अहिलेसम्म प्रचलनमा रहेको निर्वाचन प्रणाली पहिलो धेरै भोट ल्याउनेले जित्ने बहुमतीय निर्वाचन प्रणाली हो । सबैभन्दा धेरै भोट ल्याउनेले जित्ने बहुमतीय प्रणालीमा धेरैजसो अवस्थामा बहुमत जनताले आफ्नो प्रतिनिधि छान्न असफल हुने गर्दछन् । समानुपातिक निर्वाचन प्रणालीमा मतदाताले प्रयोग गरेको भोटको पूर्णतः सदुपयोग हुन्छ । तर, त्यसमा मतदाताले आफूले चाहेको प्रतिनिधि बहुमतीय प्रणालीमा जस्तो सीधै छनोट गर्न पाउँदैन । बहुमतीय प्रणालीमा जस्तो जनताले रोजेको व्यक्ति पनि छनोट हुने र समानुपातिक निर्वाचन प्रणालीमा जस्तो समावेशी स्वरूप प्रदान गर्न सकिने विशेषतासहितको मिश्रित समानुपातिक निर्वाचन प्रणाली नै नेपालजस्तो मिश्रित समाजका लागि उपयुक्त हुने देखिन्छ । संविधानसभाका लागि भने सूची प्रणालीमा आधारित समानुपातिक निर्वाचन प्रणाली उपयुक्त हुने पार्टीको ठहर रहेको छ ।

८.प्रत्येक जाति र समुदायका मानिसहरूलाई आफ्नो मातृभाषाको अकुण्ठित प्रयोग र विकासको अधिकार रहनेछ । राज्यले आफ्नो मुलुकका नागरिकहरूको भाषाको संरक्षण र विकासका लागि निश्चित दायित्वहरू बहन गर्नेछ । राज्यले बहन गर्ने यस प्रकारका दायित्वहरूमा भाषिक समानताको नीति अवलम्बन गरिनेछ । नेपालीलगायत नेपालमा बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषा मानिनेछ । नेपालमा बोलिने सबै भाषाहरूलाई जनसङ्ख्याका आधारमा अनुसूचीकृत गरिनेछ । नेपालीलगायतका विभिन्न भाषाहरूलाई सरकारी कामकाजको भाषा बनाउने नीति अवलम्बन गरिनेछ । प्रदेश र स्थानीय तहमा पनि यसैअनुरूपको भाषा नीति अवलम्बन गरिनेछ ।

९. हाम्रोजस्तो एकीकृत स्वरूपको राज्य राष्ट्रमा राज्यको पुनःसंरचनाका माध्यमबाट जनतालाई अधिकारसम्पन्न बनाउने नीति अवलम्बन गरिरहेका बेलामा अलग हुन पाउने अधिकारको सन्दर्भ उपयुक्त हुँदैन । एकीकृत राज्यअन्तर्गत सङ्घात्मकताको नीतिका आधारमा राज्यको पुनःसंरचना गर्ने मान्यतालाई आत्मसात् गरिरहेको सन्दर्भमा हामीले नेपाली विशेषतामा आधारित आत्मनिर्णयको अधिकारको सन्दर्भलाई अघि सार्नुपर्ने हुन्छ । यस सन्दर्भमा हामीले जातीय, भाषिक, सांस्कृतिक र क्षेत्रीय स्वःशासनको नीतिका आधारमा प्रादेशिक संरचनाको विकास गर्ने नीतिलाई नै आत्मनिर्णयका आधारका रूपमा बुझ्नुपर्दछ ।

१०. नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक भएको हुँदा विभिन्न जातिका मौलिक धर्म-संस्कृतिको संरक्षण र विकासका लागि राज्यले निश्चित प्रकारका दायित्वहरू बहन गर्नुपर्दछ । धर्मनिरपेक्ष राज्यको घोषणासमेत भइसकेको अवस्थामा कुनै पनि जाति र समुदायको धर्म, संस्कृति र परम्पराको संरक्षण तथा विकासको सवाललाई मूलतः सम्बन्धित समुदायको अधिकारका रूपमा स्थापित गरिनुपर्दछ । धर्म, संस्कृति र परम्पराका नाममा मानवअधिकार र मानवीय मूल्य-मान्यतालाई कुल्चने छुट भने कसैलाई दिइनुहुँदैन । सबै समुदायको धर्म र संस्कृतिप्रति राज्यका तर्फबाट समान व्यवहार हुने कुरालाई सुनिश्चितता प्रदान गरिनुपर्दछ । प्रत्येक समुदायले आफ्नो धर्म संस्कृतिलाई आत्मसात् गरिरहेको अवस्थामा अर्कोको धार्मिक आस्था र विश्वासमा ठेस नपुगोस् भन्ने कुरामा पनि ध्यान दिनुपर्दछ ।

११. मानव सभ्यताको विकास हुनुभन्दा पहिलेदेखि नै जमिन, जल र जङ्गल प्रकृतिको बरदानका रूपमा प्रदत्त छ । तर, समाज विकासका क्रममा विभिन्न कारणले केही मानिसहरू भूमिको मालिक बन्ने र केही मानिसहरू भूमिबाट पूर्णतः वञ्चित रहनुपरिरहेको छ । यस प्रकारको विभेदकारी अवस्थाको अन्त्य गरिनेछ । प्रत्येक नागरिकलाई आफ्नो मुलुकमा बस्ने, जीवन निर्वाहका लागि श्रम गर्ने र आफ्नो संस्कार र संस्कृतिअनुरूप प्रकृतिको उपभोग गर्ने पूर्ण अधिकार छ । राज्यले उसको त्यस अधिकारको रक्षा गर्नुपर्दछ । भूमिको पुनः व्यवस्थापन र वितरणका सन्दर्भमा केशव बडाल आयोगको प्रतिवेदनको कार्यान्वयन प्रगतिशील कदम हुनेछ । अन्य प्राकृतिक स्रोत र सम्पदाको उपयोग र व्यवस्थापनमा स्थानीय जनताको सहभागिता र पहुँचलाई विस्तार गरिनुपर्दछ ।

१२. लोकतन्त्रलाई 'जनताको, जनताका लागि र जनताद्वारा' भन्ने युक्तिअन्तर्गत अघि बढाउने हो भने राज्यलाई निश्चित प्रकारका सामाजिक दायित्वहरू बहन गर्ने अङ्गका रूपमा विकास गर्नुपर्दछ । गाँस, बास र कपासको अभावमा लोकतन्त्र जनताको जीवन बन्न सक्दो रहेनछ भन्ने कुरा हाम्रो आफ्नै अनुभवले देखाएको छ । तसर्थ, अबको लोकतान्त्रिक व्यवस्थामा राज्यलाई नियन्त्रणकारी अङ्गका रूपमा नहेरी शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको प्रत्याभूति भएको लोककल्याणकारी राज्यका रूपमा विकास गरिनेछ ।

१३. नेपालको न्याय प्रणालीमा व्याप्त रहेको अपारदर्शिता, अकर्मण्यता र स्वेच्छाचारितालाई लगाम लगाउने र त्यसलाई निष्पक्ष, सरल र छिटोछरितो बनाउने हो भने न्याय क्षेत्रको परम्परागत ढाँचामा परिवर्तन ल्याउनुपर्ने हुन्छ । राज्य सञ्चालनमा जस्तै

न्यायिक क्षेत्रको नेतृत्व पनि जनताप्रति जवाफदेही र उत्तरदायी हुने परिपाटीको विकास गर्नुपर्दछ । यसका लागि नेतृत्व छनोटको प्रक्रियालाई संसदीय सुनुवाइ वा जनसुनुवाइसमेतको व्यवस्था गरेर पूर्ण लोकतान्त्रिक, पारदर्शी र जनआधारित बनाउनुपर्दछ ।

१४. लोकतान्त्रिक गणतन्त्रअन्तर्गतको आर्थिक नीति लोककल्याणकारी राज्यको व्यवस्थाका सिद्धान्तमा आधारित हुनेछ । यसअन्तर्गत मिश्रित अर्थव्यवस्था, प्रगतिशील करनीति, जनमुखी बजेट प्रणाली र जनताको प्रत्यक्ष सहभागितामा विकास रणनीति अवलम्बन गरिनेछ । आर्थिक क्षेत्रमा राजकीय, सहकारी र निजी क्षेत्रको भूमिकालाई एकीकृत र सन्तुलित रूपमा अघि बढाउन जोड दिनुपर्दछ ।

१५. अबको लोकतन्त्रको स्वरूप समावेशी हुने कुरा जनआन्दोलनबाट नै स्वीकृत भइसकेको छ । समावेशीकरणको अर्थ राजकीय तथा सार्वजनिक मामिलाहरूमा समावेश नगराइएका वा समावेश हुन नसकेका सामाजिक तथा सांस्कृतिक समूह, वर्ग, लिङ्ग तथा क्षेत्रका मानिसहरूलाई विभिन्न उपायद्वारा नीति निर्माण र कार्यान्वयनका तहमा सहभागी हुने अवस्था सिर्जना गर्नु नै हो । नेपालको सन्दर्भमा दलित, महिला, आदिवासी, जनजाति, मुस्लिम, मधेसी, कर्णाली प्रदेशलगायत दुर्गम क्षेत्रका बासिन्दाहरू, वर्गीय रूपमा शोषण र उत्पीडनमा परेको श्रमजीवी वर्ग र आर्थिक रूपले विपन्न समुदायहरू नै समावेशीकरण गरिनुपर्ने पक्ष हुन् ।

१६. समावेशीकरणका सन्दर्भमा सम्बन्धित पक्षको पहिचान, प्रतिनिधित्व र पहुँचको मान्यतालाई आत्मसात् गरिनुपर्दछ । यस सन्दर्भमा राज्यको पुनःसंरचनाका माध्यमबाट नेपाली समाजको विशेषताका आधारमा सबै पक्षको पहिचान, प्रतिनिधित्व र पहुँचलाई सुनिश्चित गरिनुपर्दछ । यसका लागि निर्वाचनप्रणाली, शासनप्रणाली र प्रतिनिधित्वको व्यवस्थामा परिवर्तन गरी तदनुरूप समावेशी र सहभागितामूलक बनाउनुपर्दछ । पछि परेको/पारिएको समुदायको क्षमता अभिवृद्धिका लागि विभिन्न क्षेत्रमा प्रगतिशील आरक्षण, विशेषाधिकार वा सकारात्मक विभेदको नीतिलाई अवलम्बन गरिनेछ । यसका लागि मानव विकास सुचकाङ्क र गरिबीको अवस्थालाई आधार बनाइनुपर्दछ । उपरोक्त नीतिको कार्यान्वयनका सन्दर्भमा भने जुन समुदाय वा क्षेत्र जुन क्षेत्रमा पछि परेको छ, त्यसलाई त्यही क्षेत्रमा लक्षित गरेर माथि उठाउने नीति अवलम्बन गरिनेछ ।

# संविधानसभामा महिलाको भूमिका

' **नारायणी शर्मा**, पाल्पा

**महिलाको अवस्था**

विस्तारै घरायसी काममा महिलाहरू सीमित रहने र बाहिरी सम्पूर्ण काममा पुरुषको बोलवाला हुने हुँदा उनीहरूको पहिचानले अधिकार स्थापित गर्दै गयो भने महिलाहरू घरभित्र मात्र सीमित रहने हुनाले उनीहरूको पहिचान कम हुने हुँदा अधिकार पनि क्रमशः सीमित हुँदै गएको पाइन्छ । आमाको नामबाट हुने पहिचान र गोत्र सर्ने क्रम त्यसपछि बाबुपट्टि सरेको पाइन्छ । जुन आज २१ औँ शताब्दीसम्म पनि हाम्रो समाजमा जरा गाडेर रहेको छ । अर्धसामन्ती र अर्धऔपनिवेशिक चरित्र बोकेको पितृसत्तात्मक स्वरूपको हाम्रो सामाजिक संरचनाले आज पनि महिलाहरूको स्थिति ज्यादै दयनीय बनाएको छ । सम्पत्तिमा समान हकअधिकार नहुँदा महिलाहरूले अन्य अधिकारहरूबाट समेत वञ्चित हुनुपरेको छ । २४ सै घण्टा काम गरेर पनि उनीहरूको कामको आर्थिक मूल्य नहुँदा उनीहरूको श्रमको कदर हुनसकेको छैन । दुई-चार रुपियाँका लागि पनि उनीहरू परनिर्भर हुनुपरेको छ । त्यस्तै राजनीतिक, सामाजिक, कानुनी, सांस्कृतिक तथा शैक्षिक अधिकारबाट पनि वञ्चित गरेका कारण पनि समाजमा महिलाहरूलाई दोस्रो दर्जाको नागरिकका हैसियतमा जीवन जीउन बाध्य पारिएको हो । देशको कूल जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा अर्थात् ५०.१३ प्रतिशत रहेको महिला वर्गको राज्य सञ्चालनको निर्णायक ठाउँमा पहुँच ज्यादै न्यून भएका कारण महिलाहरूको पक्षमा नीति-नियमहरू बन्न सकेका छैनन् । बनेका नीति-नियम र निर्णयहरू पनि प्रभावकारी रूपमा लागू गर्न राज्यपक्षले तदारुकता देखाएको पाइँदैन ।

२०४७ को संविधानमा न्यूनतम पाँच प्रतिशत महिला उम्मेदवारी प्रतिनिधिसभामा हरेक दलले दिनुपर्ने व्यवस्था भए पनि दलहरूले पाँच प्रतिशत अधिकतम जस्तो गरी प्रयोग गरेको पाइन्छ भने उम्मेदवारी दिँदा पनि पार्टीको सुदृढ स्थामा दिनुभन्दा पनि औपचारिकता निर्वाह गर्ने गरेको पाइन्छ । जसको फलस्वरूप प्रतिनिधिसभाको २ सय ५ सिटमध्ये ०४८ सालमा सात जना, ०५१ सालमा सात जना र ०५६ सालमा १२ जना रहेको पाइन्छ । स्थानीय निकायहरूमा पनि महिलाहरूको उपस्थिति नगन्य मात्रामा भएको पाइन्छ । ०४९ र ०५४ को जिविस र नगरपालिकाहरूमा एक जना पनि सभापति र नगरप्रमुख पनि नहुनु ज्वलन्त उदाहरण हो । त्यसैगरी, देशका राजनीतिक र प्रशासनिक निकायहरूमा पनि महिलाहरूको उपस्थिति ज्यादै न्यून रहेको पाइन्छ । निजामतीतर्फ ९१.९५ प्रतिशत पुरुषहरूको सङ्ख्या रहेको छ भने महिलाहरूको ८.५ प्रतिशत मात्र रहेको पाइन्छ । देशको संवैधानिक प्रमुखहरूमा महिलाहरूको उपस्थिति रहेको पाइँदैन । राजदूतजस्तो महत्त्वपूर्ण ओहदामा पनि शतप्रतिशत नै पुरुषहरूको मात्रै उपस्थिति रहेको पाइन्छ । सञ्चार क्षेत्रमा हेर्ने हो भने १२ प्रतिशत मात्र महिला सञ्चारकर्मीहरू रहेको पाइन्छ । जमिनमाथिको स्वामित्वमा पुरुषहरूको ८९.१६ प्रतिशत रहेको पाइन्छ भने महिलाहरूको १०.८४ प्रतिशत मात्र रहेको पाइन्छ । यसरी राज्यका हरेक क्षेत्रमा महिलाहरूको न्यून उपस्थिति हुनुमा मुख्यतयाः यो सामाजिक संरचना र पितृसत्तात्मक सोच नै प्रमुख रहेको पाइन्छ ।

अहिलेको समयमा भएको महिलाहरूको ३३ प्रतिशत संलग्नताको निर्णयपश्चात् पनि निजामती सेवातर्फको सचिव पदमा बढुवा गर्दा १६ जना सचिव केवल पुरुषहरू मात्रै रहेको पाइएको छ । त्यसमा एक जना पनि महिला परेका छैनन् । राजनीतिक दलहरूमा पनि महिलाहरूको उपस्थिति ज्यादै न्यून रहेको पाइन्छ । एक्काइसौं शताब्दीमा आइपुग्दा पनि महिलाहरूलाई राजनीतिक र सामाजिक क्षेत्रमा अगाडि बढाउने क्रममा पितृसत्तात्मक सोच नै प्रमुख बाधकका रूपमा रहेको देखिन्छ । यद्यपि,

०४६ सालभन्दा पछिको स्थितिमा महिलाहरूको चेतनास्तरमा धेरै बृद्धि भएकाले आफ्नो हकअधिकारका लागि सङ्गठित रूपमा अगाडि बढ्नुपर्छ भन्ने भावनामा तीव्र रूपमा बृद्धि भएको पाइन्छ, जसको कारण ०६२/०६३ को लोकतान्त्रिक जनआन्दोलनमा महिलाहरूको व्यापक र उत्साहजनक सहभागिता रहेको थियो ।

**संविधानसभा र महिलाहरूको भूमिका**

०६२/०६३ को ऐतिहासिक जनआन्दोलनबाट पुनःस्थापित प्रतिनिधिसभाले गरेका केही महत्त्वपूर्ण निर्णयमध्ये महिलाहरूको ३३ प्रतिशत संलग्नता र आमाका नामबाट पनि नागरिकता दिन सकिने कुरा रहेका छन् । तर, यस्ता निर्णय लागू गर्ने क्रममा गठन गरिएको अन्तरिम संविधान मस्यौदा समिति, अन्य समिति, आयोग र वार्ता टोलीमा समेत महिलाहरूको संलग्नता नगराइनुबाट के स्पष्ट हुन्छ भने अहिले पनि महिलासम्बन्धी व्यवस्था गरिएका कुरा व्यवहार र अभ्यासमा लागू गर्न आत्मसात् गरेको पाइँदैन । त्यसैले महिलाहरूका लागि संविधानमै ती सम्पूर्ण अधिकारहरूको सुनिश्चितता हुनुपर्दछ र सबै पक्षमा महिलालाई अधिकारसम्पन्न बनाइनुपर्ने कुरामा पनि सहमति भई लागू गर्नुपर्ने हुन्छ ।

संविधानसभा शासन प्रतिनिधित्वको प्रमुख आधार भएकाले यहीँबाट नै महिलाको समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गरिनुपर्छ भन्ने हाम्रो धारणा रहिआएको छ । त्यसैले पनि हामीले अहिले संविधानसभा भनेको के हो र त्यसमा कसरी महिलाहरूको समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गर्न सकिन्छ भन्ने विषयमा महिलाहरूका बीचमा व्यापक छलफल चलाउनु आवश्यक छ ।

सामान्य अर्थमा संविधानसभा भन्नाले नयाँ संविधान निर्माण गर्नका निमित्त जनताको प्रत्यक्ष मतदानबाट निर्वाचित प्रतिनिधिहरूको सभालाई बुझिन्छ । यसरी जनता आफैँ संविधान निर्माण प्रक्रियामा संलग्न हुने भएकाले संविधान निर्माण गर्ने सबैभन्दा प्रजातान्त्रिक र वैज्ञानिक विधिका रूपमा संविधानसभालाई लिन सकिन्छ । विश्वका कैयौँ मुलुकहरूमा संविधानसभाको निर्वाचनबाटै नयाँ संविधान निर्माण भएका उदाहरणहरू छन् । संविधानसभाको निर्वाचनका सकारात्मक तथा नकारात्मक दुवै अनुभवहरू छन् । हामी विश्वका अनुभवबाट शिक्षा लिँदै अगाडि बढ्नुपर्छ । नेपालमा संविधानसभाको चर्चा-परिचर्चा हुँदै आए पनि अहिलेसम्म संविधानसभाको निर्वाचनमार्फत नयाँ संविधान निर्माण हुनसकेको थिएन । ०४७ सालको संविधान तत्कालीन राजनीतिक शक्ति सन्तुलनका हिसाबले त्रिपक्षीय सम्झौताको दस्तावेज थियो भने त्यसभन्दा पहिले निर्माण भएका संविधानहरू मूलतः एकपक्षीय एवम् राजतन्त्रात्मक संविधान थिए । ती संविधानहरूको घोषणा राजाबाटै हुने गरेका थिए । ००७ सालको आन्दोलनको राप र तापमा राजा त्रिभुवन संविधानसभाको निर्वाचनमार्फत बन्ने संविधानअनुसार नै मुलुक चल्नेछ भन्ने घोषणा गर्न बाध्य भए पनि जनताको आन्दोलन कमजोर हुने क्रममा सामन्तवादी, निरङ्कुशतावादी र राजतन्त्रले संविधानसभाको निर्वाचन हुन दिएन । संविधानसभाको निर्वाचनबाट बन्ने नयाँ संविधानमा जनताको सार्वभौम सम्पन्न हुने र राज्यको शक्तिको स्रोत जनतामा आउने र शासनअधिकार पनि जनतामा हुने प्रवल सम्भावना रहने हुँदा राजा, महाराजाहरू र सामन्तवादी शक्तिहरू अन्ततोगत्वा संविधानसभाको पक्षमा उभिएनन् र उभिन पनि सक्दैनन् ।

०६२/६३ को ऐतिहासिक लोकतान्त्रिक जनआन्दोलनका कारण मुलुक फेरि संविधानसभाको सँघारमा उभिएको छ । सो आन्दोलनको प्रमुख लक्ष्य भनेको पनि संविधानसभाको निर्वाचनमार्फत लोकतान्त्रिक गणतन्त्रात्मक नयाँ नेपालको निर्माण गर्नु रहेको थियो । मुलुकका सात राजनीतिक दल, माओवादी, नागरिक समाज, मानवअधिकारकर्मीहरू, पत्रकारहरूलगायत सम्पूर्ण तह र तप्काका जनसमुदायहरू संविधानसभाको निर्वाचनमार्फत सङ्कटको निकास निकाल्नुपर्ने कुरामा सहमत भएका छन् । यसरी संविधानसभाको निर्वाचनका निम्ति राष्ट्रिय सहमति कायम भएको छ । संविधानसभाको निर्वाचनलाई सुनिश्चितता प्रदान गर्नु हतियार व्यवस्थापन, अन्तरिम संविधान, अन्तरिम व्यवस्थापिका र अन्तरिम सरकारको व्यवस्थापन छिटोभन्दा छिटो गरी संविधानसभाको निर्वाचनको तिथिमिति घोषणा गर्न अब ढिलाइ गर्नुहुँदैन । संविधानसभा र त्यसमार्फत बन्ने नयाँ संविधान र नयाँ नेपाल समावेशी र सहभागितामूलक हुनुपर्दछ भन्ने पनि जनआन्दोलनको म्यान्डेट हो । वर्गीय, लैङ्गिक, जातीय र क्षेत्रीय आधारमा समानुपातिक प्रतिनिधित्व के कसरी गराउन सकिन्छ, यो महत्त्वपूर्ण मुद्दा हो । सबै वर्ग, तह र तप्कालाई समानुपातिक आधारमा प्रतिनिधित्व गराउन सकिएन, स्वामित्व र अपनत्वको भावना जागृत गराउन सकिएन भने दिगो शान्ति कायम गर्न सकिँदैन । फेरि विग्रह र विद्रोह नहोला भन्न सकिँदैन । त्यसैले संविधानसभाको स्वरूप र प्रक्रिया निर्धारण गर्दा कति जनाको संविधानसभा हुने ? त्यसमा महिला एवम् अन्य जनजातिहरूको समानुपातिक प्रतिनिधित्व के-कसरी गराउने ? त्यसको निर्वाचन क्षेत्र र पद्दति के-कस्तो हुने ? मतदाता पुरानै अनुसार १८ वर्ष नै कायम गर्ने कि ? यो आन्दोलनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने युवा जगत्लाई सहभागी गराउने गरी १६ वर्ष कायम गर्ने ? उम्मेदवारको मापदण्ड के हुने ? समावेशी र सहभागितामूलक कसरी गराउने भन्ने विषयमा टुङ्गो लगाइसक्नुपर्ने स्थिति छ ।

आधा आकाश र आधा धर्ती आगेटेका महिलालाई संविधानसभाजस्तो राष्ट्रको मूल कानुन निर्माण गर्ने महत्त्वपूर्ण विषयमा के-कस्तो स्थान वा भूमिका दिइन्छ ? त्यसमा नै संविधानको सफलता र मुलुकको भविष्य जोडिएको हुन्छ । ०६२/०६३ को आन्दोलनको महत्वपूर्ण चरित्र र विशेषतामध्ये व्यापक महिलाहरूको सहभागिता पनि एक महत्त्वपूर्ण हो । देशको कूल जनसङ्ख्याको आधाभन्दा धेरै जनसङ्ख्या महिलाहरूको भूमिका राज्यका हरेक क्षेत्र र पक्षमा समानुपातिक आधारमा हुनु जरुरी छ । यो नै न्यायोचित पद्दति हुनसक्छ । संविधानसभाको निर्वाचन वा निर्माण प्रक्रियामा पनि सोही मुताविक हुनु आवश्यक छ । तर, दुःखद विषय के छ भने हामी अहिले पनि पितृसत्तात्मक चिन्तनबाट ग्रसित छौँ । महिलाहरू कमजोर हुन्छन्, उनीहरूमा क्षमता हुँदैन, उनीहरू सक्षम छैनन् भन्ने मानसिकताका आधारमा अहिले पनि तिनै चिन्तन र सोचहरू अगाडि सारिन्छन् तर वास्तविकता त्यस्तो होइन । महिलाहरूलाई पनि उपर्युक्त वातावरण र अवसर दिने, प्रोत्साहन र उत्प्रेरणा पाउने हो भने उनीहरूले पनि राज्य सञ्चालन, नीति-निर्माणलगायतका क्षेत्रहरूमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् । त्यसैले

हामीहरूको छलफल र परिचर्चामा उनीहरू योग्य र सक्षम छैनन् भन्नु भन्दा महिलाहरूलाई जिम्मेवारी दिइनुपर्दछ। उनीहरूलाई स्थान दिइनुपर्दछ। अब यसको विकल्प छैन। जसरी पनि योग्य र सक्षम बनाउनु हाम्रो जिम्मेवारी र दायित्व हो भन्ने सोचका साथ हरेक राजनीतिक दलहरू, सङ्घसंस्थाहरू र समाज अगाडि आउनुपर्दछ। अबको सन्दर्भमा हरेक दल र सङ्घसंस्थाको मूल्याङ्कन गर्दा महिला सहभागितालाई प्रमुख आधार बनाइनुपर्दछ। यो अभियानका साथ हामी अगाडि बढ्न सक्यौं भने महिलाहरूको यथोचित विकास हुन सक्छ र समाजले फड्को मार्छ।

**निष्कर्ष**

संविधानसभाको निर्वाचनलाई कसरी स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सकिन्छ ? निर्वाचन प्रक्रियामा बढीभन्दा बढी महिलाहरूलाई कसरी सहभागी गराउन सकिन्छ ? संविधानसभामार्फत नयाँ बन्ने संविधानमा जनताको सार्वभौमसत्तालाई कसरी सुनिश्चित गर्न सकिन्छ ? जनआन्दोलनको भावनाअनुरूप सामन्ती निरङ्कुशतावादी आधारहरूलाई समाप्त पार्दै लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अर्थात् जनताका छोराछोरी निर्वाचनका माध्यमबाट राष्ट्र प्रमुख बन्ने स्थिति कसरी आउन सक्छ ? यी विषयहरूमा व्यापक जागरण अभियान, सभा, गोष्ठी, अन्तरक्रिया र छलफलहरू समाजमा सञ्चालन गर्नु जिम्मेवार राजनीतिक दललगायत समाजका सबै पक्षहरूको दायित्व र जिम्मेवारी हुँदाहुँदै पनि हामी महिलाहरू स्वयम् पनि महिलाहरूका बीचमा पुग्नु जरुरी छ। विभिन्न महिला सङ्घ-सङ्गठन, सामाजिक क्षेत्रमा क्रियाशील महिला, बौद्धिक, प्राज्ञिक महिलाहरूले यसको प्रमुख जिम्मेवारी र दायित्व हाम्रो हो भन्ने महसुस गरी लाग्नु आवश्यक छ। महिलाहरूको सहभागितामा पनि वर्गीय, जातीय, भाषिक र क्षेत्रीयताको प्रतिनिधित्वलाई ध्यान दिनुपर्छ। त्यस्तै उत्पादन सम्बन्ध, उत्पादनका साधन र स्रोतमाथि महिलाहरूको अधिकार सुनिश्चित गर्दै, महिलाविरुद्ध हुने सबै प्रकारका विभेद र हिंसाको अन्त्यको प्रत्याभूति हुने गरी वर्तमान अवस्थामा अब महिलालाई आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, सांस्कृतिक र कानुनी क्षेत्रमा हक स्थापित गर्नका लागि राज्यद्वारा विशेष अधिकारहरूको व्यवस्था गर्न सकारात्मक विभेद नीति लागू गर्दै महिलाहरूलाई सशक्तीकरण गर्ने, सीप विकास गर्ने र चेतना अभिवृद्धि गर्ने काममा राज्य, समाज, राजनीतिक पार्टी, बुद्धिजीवी सबैको ध्यान पुग्नु जरुरी छ भने महिलाहरूलाई आफ्नो घरपरिवारका पुरुष सदस्यहरूले सहयोग, प्रेरणा र प्रोत्साहन दिएर बाहिरी हरेक क्षेत्रमा संलग्न हुनलाई सघाउने काम गर्नुपर्छ। त्यस्तै राज्यले शैक्षिक क्षेत्रमा विशेष अवसरहरू दिएर वैज्ञानिक एवम् व्यावहारिक शिक्षामा महिलाहरूको व्यापक उपस्थिति गराई विभिन्न रोजगारीका अवसरसमेत प्रदान गरिनुपर्छ।

समाजले पनि महिलाविरुद्ध भएका विभिन्न कुरीति, कुसंस्कार, कुप्रथाहरूलाई हटाउँदै लैजानुपर्दछ भने अर्कोतर्फ महिलाहरू स्वयम् पनि आफ्नो हकअधिकार प्राप्त गर्नका लागि आत्मबल बढाउँदै अगाडि बढ्नुपर्दछ। त्यसैले अब विभिन्न राजनीतिक दलसँग सम्बन्धित महिलाहरू आ-आफ्नो क्षेत्रबाट महिलाहरूको पक्षमा दृढताका साथ आवाज उठाउने र निर्णय भएका कुरालाई लागू गराउने सवालमा सक्रियतापूर्वक अगाडि बढ्नुपर्दछ। त्यसका लागि अब महिला आन्दोलन आफ्नो अधिकार प्राप्तिका निम्ति एकीकृत ढङ्गले अगाडि बढ्नु जरुरी छ। हालसम्म महिला आन्दोलन आफ्नो हकहित प्राप्तिमा मात्र सीमित नभई राजनीतिक पार्टीका आन्दोलनमा सहायक भएको छ। महिलाहरूलाई राजनीतिमा अधिक सहभागी गराउँदै अरू वर्गको सहायकका रूपमा मात्र नभई निर्णायक स्थानमा निर्णायक ढङ्गबाट आफ्नो हकहित र अधिकारलाई परिभाषित र स्थापित गर्ने ढङ्गबाट एकीकृत महिला आन्दोलनको रूपमा अगाडि बढाउन जरुरी छ। संविधानसभामा नेपाली जनता र महिलाहरूका मुद्दाहरू धेरै छन्। मुख्य कुरा मुलुकलाई स्वतन्त्र, स्वाधीन, शान्त, समृद्ध, समावेशी र लोकतान्त्रिक नयाँ नेपाल बनाउनु नै हो। यो युगीन र ऐतिहासिक दायित्व पूरा गर्नु आजको मुख्य कार्यभार हो।

# श्रमजीवी जनतालाई न्याय दिन सकोस् : चुलाई महरा

'कम्युनिस्ट पार्टी जनताको पार्टी हो। यो पार्टीले नै हामी गरिब र निमुखा जनताको हित गर्छ। शोषण, अन्याय-अत्याचारको अन्त्य गर्छ, त्यसैले हामीले कम्युनिस्ट पार्टीलाई सहयोग गर्नुपर्छ भन्ने आफ्नै गाउँका शिक्षक अशेश्वर यादवको भनाइले म कम्युनिस्ट पार्टीको सम्पर्कमा पुगेँ' भन्नुहुन्छ कमरेड चुलाई महरा।

२००६ सालमा धनुषा जिल्लाको ठेरा कौचरी गाविसमा जन्मनुभएका चुलाई महराले २८-२९ सालतिर पूर्व को.के.बाट पार्टी सम्पर्क पाउनुभयो। कमरेड चुलाईले औपचारिक शिक्षा अध्ययन गर्नुभएको छैन। उहाँ भन्नुहुन्छ- 'म लेखपढ गर्न सक्दिनँ तर पनि मैले निरक्षरताको अनुभूति गर्नुपरेन। पार्टीका प्रकाशनहरू पढ्न सक्ने कमरेडले पढेर सुनाइदिनुहुन्थ्यो, बुझाइदिनुहुन्थ्यो। म त्यसैका आधारमा अरूलाई बुझाउँथेँ। ती प्रकाशनहरू देखाएर अरूलाई पढ्न प्रेरित गर्थें।'

आफ्नो पार्टी कामको जिम्मेवारीका सन्दर्भमा उहाँ भन्नुहुन्छ- 'म पार्टी सम्पर्कमा आएपछि पार्टीका नेता कमरेडहरूलाई सेल्टर दिनु मेरो मुख्य जिम्मेवारी भयो। तत्कालीन पार्टीको राष्ट्रिय महाधिवेशन मेरै घरमा भएको थियो। त्यसखेर अधिवेशनमा ४०-५० जना नेताहरू हुनुहुन्थ्यो। त्यो अधिवेशनको सम्पूर्ण व्यवस्था स्थानीय रूपमा हामीले नै गरेका थियौँ। सेल्टरका लागि

हाम्रो घर असाध्यै सुरक्षित थियो, प्रहरी प्रशासनले पत्ता लगाउन नसक्ने । प्रशासनको गस्तीले त्यस घरमा कहिल्यै छापा मार्न सकेन, कुनै नेतालाई पनि गिरफ्तार गर्न सकेन । गेटमा आइपुग्न दुई-तीन ठाउँ रेडगार्डले छेकेको हुन्थ्यो, त्यो पार गर्न नपाउँदै भित्र भएका नेता अर्को बाटोबाट अर्कै ठाउँमा पुगिसक्ने व्यवस्था थियो ।'

क. चुलाई उत्साहसाथ आफ्नो विगतको स्मरण गर्नुहुन्छ- 'त्यो अनुशासन, प्रतिबद्धता र निष्ठाले मलाई इमानदार पार्टी सिपाही बनाएको थियो । हाम्रो पार्टीको महासचिव माधव नेपाल, नेता ईश्वर पोखरेललगायत धेरै नेताहरू मेरो घरमा भूमिगत बस्नुभएको थियो । पार्टीले दिएको जिम्मेवारी इमानदारीपूर्वक वहन गर्दा आफ्ना श्रद्धेय नेतालाई प्रहरी प्रशासनबाट बचाएर राख्न सफल भएको अनुभव हुन्थ्यो, खुसी लाग्थ्यो ।'

उहाँ थप्नुहुन्छ- 'पार्टीका प्रकाशनहरू वितरण गर्ने जिम्मेवारी पनि त्यतिखेर मलाई नै थियो । नेपालमा प्रकाशित भएका पार्टीका सामग्री, दस्तावेज र चिट्ठीपत्रहरू लिएर भारतका विभिन्न ठाउँमा रहेका नेताहरूलाई पुऱ्याउने र त्यहाँका सामग्री बोकेर नेपाल ल्याउने र विभिन्न ठाउँमा वितरण गर्ने जिम्मेवारी पनि मेरो थियो । पार्टी प्रकाशन र अध्ययन सामग्रीको सङ्कलन-वितरण गर्ने केन्द्रविन्दु मेरै घर थियो । तत्कालीन अवस्थामा मेरा बुबा लक्ष्मी महरा (हाल स्वर्गीय), आमा अनारदेवी ( स्वर्गीय) र पत्नी कमरी देवी सबैबाट मैले धेरै ठूलो सहयोग पाएको थिएँ । मेरो परिवारमा वर्गीय र राजनीतिक चेतना राम्रो थियो । आर्थिक रूपमा हामी निम्नवर्गीय किसान परिवार थियौँ । तर, आस्था र भावना सबैमा बलियो थियो । त्यसैले पार्टीप्रति इमानदार हुनुपर्छ, पार्टीलाई सहयोग गर्नुपर्छ र नेतालाई माया गर्नुपर्छ भन्ने चेतना परिवारका सबैलाई थियो । आफू नखाएर पनि पार्टीका लागि सहयोग गर्नुपर्छ भन्ने अठोट र भावना नै हाम्रो शक्ति थियो ।'

आस्था, बलियो हुन्छ, विचार र भावनालाई कसैले छेक्न सक्दैन भन्ने अनुभूति उहाँलाई आफू गिरफ्तार हुँदा भयो । ०४२ सालतिर उहाँ गिरफ्तार हुनुभयो । त्यसखेर नौ महिना जेलमा रहँदा धेरै मानसिक र शारीरिक यातना पाउनुभयो । तर, त्यो यातना र धम्कीले उहाँलाई गाल्न सकेन । उहाँको चेतना अझ प्रखर भयो । त्यो क्षणको सम्झना गर्दै उहाँ भन्नुहुन्छ- 'मलाई हरेक दिनजसो एक्लै राखेर कुटपिट गर्ने, धम्क्याउने, तर्साउने र गोपनीयता खोल्न दबाब दिने गरिन्थ्यो । तेरो घरमा को-को आउँछन् ? के-के गर्छन् ? कम्युनिस्ट भनेको के हो ? तँलाई कसले कम्युनिस्ट बनायो ? भनेर पटकपटक प्रश्न गर्थे । मलाई थाहा छैन, कोही पनि आउँदैनन्, केही गरेको छैन भनेर म जवाफ दिन्थेँ । उनीहरू त्यो जवाफलाई विश्वास गर्दैनथे र मलाई फेरि धम्की दिँदै भन्थे- 'तैले यो सबै कुरा बताइनस् भने हातखुट्टा भाँचेर मिल्काइदिन्छौँ, तुर्लुङ्गमा जाकी दिन्छौँ र जुनी कटाइदिन्छौँ तर मलाई त्यो कुनै धम्कीले काम गरेन । 'जे गर्छौ गर, मलाई केही थाहा छैन,' सधैँ म यही जवाफ दिन्थेँ । म गिरफ्तार भएको समयमा पनि मेरो घरमा एक गाडी पार्टी सामग्री थिए तर पनि प्रहरीले छापा मारेर लैजान सकेन ।

क. चुलाई महराले पार्टीको सेल कमिटीबाट आरम्भ गरेको जिम्मेवारी जिल्ला सल्लाहकार सदस्यसम्म हुनुभयो । गाउँ पार्टी कमिटी, इलाका कमिटीमा पनि रहेर जिम्मेवारी वहन गर्नुभयो । उहाँ ०५४ सालको स्थानीय निर्वाचनमा ठेटा कौचरी गाविस वडा नं. १ को निर्वाचित वडा अध्यक्ष पनि हुनुभयो । आफ्नै गाउँको विद्यालयको सञ्चालक समितिको अध्यक्ष पनि हुनुभयो । हाल उहाँ ठेरा कौचरी गाउँ पार्टी कमिटीको सचिव र इलाका कमिटी सदस्य हुनुहुन्छ ।

उहाँ २०४६ को जनआन्दोलनपश्चातात् देशमा बहुदल आएपछि आफूलाई असाध्यै खुसी लागेको र २०५४ को छैठौँ महाधिवेशनपश्चात् पार्टी फुट्दा साह्रै दुःख लागेको अभिव्यक्त गर्नुहुन्छ ।

राजनीतिक जीवनयात्राको अप्ठ्यारोलाई सम्झदा उहाँ भन्नुहुन्छ- 'सबैभन्दा गाह्रो त आर्थिक समस्या नै रहेछ । सिद्धान्त, मूल्य-मान्यता र विचार बलियो हुँदाहुँदै पनि आर्थिक समस्याले पिरोल्दा चहऱ्याउँदो रहेछ । ०४६ सालअगाडि मलाई त्यति धेरै महसुस भएन । नेता-कार्यकर्ता माझमा हार्दिकता र माया हुन्थ्यो । सोध-खोज हुन्थ्यो । त्यसले पनि ठूलो सहरा भएझैँ लाग्थ्यो । तर, ०४६ पछि त्यो माया-ममता, विश्वास र सहयोगी भावना हराएजस्तै भएको छ। कहिलेकाहीँ नरमाइलो लाग्छ यो परिस्थितिदेखि ।'

अहिले क. चुलाईका परिवारका सदस्यहरू अर्काको जमिनमा कृषि मजदुरका रूपमा काम गरेर जीविका चलाउँछन् । दुई छोरीहरूको विवाह भइसक्यो, विवाहित दुवै छोराबुहारी सगोलमै छन् । श्रमप्रतिको सम्मान र विश्वास नै हाम्रो जीवनको शक्ति हो भन्ने उहाँको मान्यता छ ।

अहिलेको गाउँको अवस्थालाई विश्लेषण गर्दै उहाँ भन्नुहुन्छ- 'जनतालाई बन्दुक देखाएर साथ लान सकिँदैन, जनताको भावना बुझेर, विश्वास जितेर मात्र गाउँमा पार्टी स्थापित हुन्छ । त्यसैले अहिले डर र धम्की देखाएर बटुलेको भीडले जनताको विचारको प्रतिनिधित्व गर्न सक्दैन । साँच्चै जनताको विचार र आस्थालाई प्रतिनिधित्व गर्ने हो भने हतियारको राजनीति गर्नुहुँदैन ।'

हाल दुई सातादेखि कमरेड चुलाई महरा आफ्नो स्वास्थ्य उपचारका क्रममा काठमाडौँमा हुनुहुन्छ । उहाँ भन्नुहुन्छ- 'पार्टीकै सहयोगमा मनमोहन मेमोरियल अस्पतालमा उपचार गराउँदैछु, पार्टी अफिसमा बसेको छु । पार्टीले मलाई माया गरेको छ, सम्मान गरेको छ र दुःखसुख सुनेको छ, म यसैमा खुसी छु । अब एकपटक पार्टीले बहुमत ल्याओस्, जनताको भावनाअनुसार जनताका पक्षमा काम गरोस् र हामीजस्ता श्रमजीवी जनतालाई न्याय दिन सकोस्, यही चाहना र अपेक्षा छ ।'

क. चुलाई महराको अपेक्षा नै सम्पूर्ण नेपालीको अपेक्षा हो, हामी सबै जुटौँ र साकार पारौँ त्यो अपेक्षालाई ।

**– कमला पराजुली**

# समसामयिक सवालमा विद्यार्थी दृष्टिकोण

## ' खिमलाल भट्टराई, अध्यक्ष- अनेरास्ववियु

यतिबेला अनेरास्ववियु 'लोकतान्त्रिक गणतन्त्रका लागि संविधानसभाको निर्वाचन, जनमुखी र समान शिक्षाका लागि सशक्त विद्यार्थी आन्दोलन' भन्ने मूल नाराका साथ यही असोज १-६ मा चितवनको भरतपुरमा सम्पन्न हुने १८ औं राष्ट्रिय सम्मेलनको सँघारमा उभिएको छ । भर्खर सम्पन्न ऐतिहासिक जनआन्दोलन-२०६२/६३ मा अनेरास्ववियुले अग्रमोर्चामा रहेर खेलेको भूमिका सबैका सामु ताजै छ । आन्दोलन दबाउन प्रतिगामी शाही सत्ताद्वारा अन्तिम अस्त्रका रूपमा काठमाडौं रिङ्रोडभित्र जारी गरिएको कर्फ्यु आदेशको अवज्ञा गर्दै साहसिक रूपमा राजधानीको मुटु मानिने रत्नपार्कमा जुलुस निकालेर अनेरास्ववियुले आन्दोलनमा थपेको ऊर्जा सदा स्मरणीय रहने नै छ । आन्दोलनको बलबाट निरङ्कुश राजतन्त्रले घुँडा टेक्न बाध्य हुनुपरेको छ र जनताको जित भएको छ ।

शासनसत्ताका रूपमा राजतन्त्र सकिएको भए पनि राजसंस्था अझै बाँकी छ र समाप्तिका निम्ति हाम्रो लडाइँ जारी छ । अबको लडाइँमा मुलुकको विकास र समृद्धिका निम्ति सबैभन्दा महत्त्वपूर्ण स्थान राख्ने शिक्षाको एजेन्डासँगसँगै समाधान गर्ने गरी अगाडि बढ्नु अनिवार्य छ । जहिले पनि राजनीतिक परिवर्तनसँगै त्यसअनुरूप शैक्षिक परिवर्तन हुन नसक्नु मुलुकको विडम्बना हो ।

**सबैका लागि शिक्षाको सुनिश्चितताः राष्ट्रिय आवश्यकता**

शिक्षा मानिसको जन्मसिद्ध अधिकार हो, हरेक मानिसलाई शिक्षा दिनु राज्यको दायित्व हो । शिक्षा, स्वास्थ्यजस्ता जनताका आधारभूत आवश्यकताको क्षेत्रमा राज्य उदासीन हुनु सामाजिक न्याय र लोककल्याणकारी राज्यको सिद्धान्तविपरीत हो । २१ औं शताब्दीकै विडम्बना ! लाखौं नेपाली बालबालिकाहरूले विद्यालयको मुखसम्म देख्न पाइरहेका छैनन् । यस अवस्थाबाट शिक्षा क्षेत्रलाई मुक्त गर्नका लागि राज्यसँग कुनै ठोस र जीवन्त योजना छैन ।

आर्थिक विपन्नता, अभिभावकहरूमा रहेको चेतनाको कमी, विद्यालय टाढा हुनु र सामाजिक कुसंस्कार आदि जस्ता गम्भीर कारणहरूले गर्दा बालबालिकाहरू स्कुल नजाने र गएकाहरूले पनि बीचैमा छाड्ने गरेको दुःखद अवस्था हाम्रासामु छ । शिक्षा क्षेत्रलाई यी चुनौतीहरूबाट मुक्त गर्दै सबैका लागि शिक्षाको सुनिश्चितताका लागि न्यूनतम प्राथमिक तहको शिक्षालाई अनिवार्य र पूर्णतः निःशुल्क गरिनुपर्दछ र गरिबीको कारणले बालबच्चाहरूलाई स्कुल पठाउन नसक्नेहरूलाई लक्षित समूह निर्धारण गरी उनीहरूका लागि खाना, कपडा, शैक्षिक सामग्री र अभिभावकहरूलाई समेत आर्थिक सहयोग गर्ने योजना बनाउनु पर्दछ । कक्षा ८ सम्मको शिक्षालाई प्राथमिक तहको शिक्षाको रूपमा पुनःसंरचना गर्दै अनिवार्य रूपमा पढ्नु र पढाउनैपर्ने व्यवस्था गरिनुपर्दछ । प्राथमिक तहदेखि नै नेपाली र अङ्ग्रेजी भाषा विषयको पठनपाठनको व्यवस्था गर्दै मातृभाषामा समेत अध्ययन गर्न पाउने कुरालाई वैधानिकता प्रदान गरिनुपर्दछ । कर्णालीलगायत अति दुर्गम जिल्लाहरूमा सरकारले नै आवासीय विद्यालयहरू सञ्चालन गर्नुपर्दछ । र, सरकारी तथा सामुदायिक विद्यालयहरूमा दुईवर्षे पूर्वप्राथमिक कक्षा सञ्चालन गर्ने व्यवस्था गरिनु पर्दछ । यसरी प्राथमिक शिक्षालाई व्यवस्थित गर्दै सबैका लागि शिक्षाको अवधारणालाई सफल बनाउनुपर्दछ ।

**निःशुल्क र व्यवसायमुखी शिक्षाका रूपमा माध्यमिक शिक्षा**

हाम्रो मुलुकमा माध्यमिक तहसम्मको शिक्षालाई साधारण शिक्षाका रूपमा सञ्चालन गरिँदै आएको छ । सानो उमेरदेखि नै विद्यार्थीहरूमा श्रम र सीपप्रति सकारात्मक मनोविज्ञान निर्माण गर्ने कुरामा यस किसिमको शिक्षाले मात्र योगदान पुऱ्याउन सक्दैन । १४/१५ वर्षको कलिलो उमेरका विद्यार्थीहरूलाई सम्पूर्ण रूपमा व्यावसायिक शिक्षा दिनु उपयुक्त नभए पनि निश्चित प्रतिशत पाठ्यक्रमलाई व्यावसायिक रूपमा सञ्चालन गरी सीप र श्रम उन्मुख शिक्षाका रूपमा यो तहलाई विकास गरिनु उपयुक्त हुनेछ । साधारण र व्यावसायिक दुवै किसिमको मिश्रित शिक्षाका रूपमा मावि शिक्षालाई अगाडि बढाइनुपर्दछ । श्रम र सीपप्रति आस्था र आकर्षण पैदा गर्ने उद्देश्य राखिनुपर्दछ ।

अन्तर्राष्ट्रिय क्षेत्रमा माध्यमिक शिक्षालाई आधारभूत शिक्षा र राज्यको पूर्ण दायित्वको क्षेत्र मान्ने प्रचलन छ । सोही प्रचलनलाई स्वीकार गर्दै यो तहको शिक्षामा आमनेपाली जनताका छोराछोरीहरूको पहुँचको सुनिश्चितता प्रत्याभूत गर्न कुनै पनि लोकतान्त्रिक सरकार तयार हुनैपर्दछ । उन्नत शैक्षिक एवम् भौतिक व्यवस्थापनका निम्ति आवश्यक पर्ने यथेष्ट आर्थिक एवम् अन्य व्यवस्थापकीय कामलाई चुस्त बनाउनुपर्दछ । यसका लागि राज्यले शैक्षिक प्रगतिशील कर प्रणाली (हुनेसँग लिने र नहुनेलाई दिने), लागू गर्दै मठ, मन्दिर आदिबाट प्राप्त हुने दान-दक्षिणाबाट शैक्षिक कोष निर्माण गरी लगानी बढाउन र मदिरा एवम् सूर्तीजन्य पदार्थमा निश्चित शैक्षिक कर लगाउन सक्दछ । यी विभिन्न उपायहरू अवलम्बन गरी माध्यमिक शिक्षालाई निःशुल्क र गुणस्तरयुक्त बनाउन सकिन्छ । वर्तमान लोकतान्त्रिक सरकारले शिक्षालाई आमजनताको पहुँचको क्षेत्र बनाउन र शैक्षिक गुणस्तरका लागि पर्याप्त लगानी र मिहिनेत गर्न जरुरी छ ।

**व्यावसायिक तथा प्राविधिक शिक्षाका रूपमा उच्च माध्यमिक शिक्षा**

यतिबेला च्याउ उम्रेसरी स्थापना गरिएका १०+२ हरूले राष्ट्रको यो आवश्यकतालाई पूरा गर्न नसक्ने कुरा स्वतः सिद्ध छ । हाल खोलिएका उच्च माविहरू मूलतः सहरकेन्द्रित, मुनाफामुखी र साधारण शिक्षाका रूपमा सञ्चालन भइरहेका छन् र शैक्षिक व्यापारीकरणलाई नै मलजल गर्ने काम गरेका छन् । यस किसिमका सहरकेन्द्रित र निजी रूपमा खोलिएका विद्यालयहरूलाई राज्यको दायराभित्र ल्याउँदै राष्ट्रिय उद्देश्यअनुरूप सञ्चालन गरिनुपर्दछ । ऐच्छिक रूपमा साधारण शिक्षाको सानो अंश रहे पनि मूलतः व्यावसायिक र प्राविधिक शिक्षाका रूपमा यो तहको शिक्षालाई अगाडि बढाउनुपर्दछ । औद्योगिक प्रतिष्ठानहरूलाई समेत

संलग्न गराई यस किसिमको शैक्षिक व्यवस्था कायम गरेको खण्डमा उत्पादित जनशक्तिको रोजगारी र आर्थिक लगानीको क्षेत्रमा समेत राज्यले सहयोग प्राप्त गर्न सक्दछ ।

उच्च माध्यमिक शिक्षालाई यो रूपमा विकास गर्नका लागि हाल साधारण शिक्षाका रूपमा विद्यालय खोल्न अनुमति दिने कुरालाई रोक्नुपर्दछ र व्यावसायिक तथा प्राविधिक शिक्षालयको रूपमा विद्यालय सञ्चालन गर्ने नयाँ व्यवस्था गरी सोहीअनुरूप विद्यालय सञ्चालन अनुमति दिने र हाल सञ्चालित विद्यालयहरूलाई क्रमशः त्यो रूपमा विकास गर्ने नीति अवलम्बन गर्नुपर्दछ । अधिकतम् पाँच वर्षको लक्ष्य निर्धारण गरी सो अवधिभित्र यो तहको शिक्षालाई व्यावसायिक तथा प्राविधिक शिक्षाका रूपमा सञ्चालन गर्ने सङ्कल्प लिनुपर्दछ । यसरी उच्च माध्यमिक शिक्षालाई व्यवस्थित गर्न सकिएको अवस्थामा शिक्षाले विद्यार्थीलाई स्वाभिमानी र स्वावलम्वी बनाउँदै राष्ट्रको गम्भीर समस्याका रूपमा रहेको शैक्षिक बेरोजगारीको पनि अन्त्य गर्ने छ ।

**खोज र अनुसन्धानमूलक शिक्षाका रूपमा विश्वविद्यालय शिक्षा**

हाल देशमा पाँचवटा विश्वविद्यालयहरू रहेका छन् र केही खुल्ने क्रममा छन् । विश्वविद्यालय खुल्नु ठूलो कुरा होइन, बरु बिनापूर्वाधार, पुरानै किसिमका विश्वविद्यालयहरू थपिने कुरा मुलुक र जनताका निम्ति बोझ बन्न सक्दछन् । यतिखेर राष्ट्रिय आवश्यकतालाई पूरा गर्नसक्ने विषयगत- कृषि, वन, जलस्रोत, पर्यटनजस्ता विश्वविद्यालयहरू योजनाबद्ध रूपमा राज्यद्वारा सञ्चालन गरिनु उपयुक्त हुन्छ । बिनापूर्वाधार र योजना विश्वविद्यालयहरू खोल्ने र स्वच्छन्द रूपमा कलेजहरूलाई सम्बन्धन दिने कुराले शिक्षा क्षेत्रको उन्नयनमा समस्या खडा गरिरहेको मात्र नभई एक ढङ्गले विष छर्ने काम गरिरहेको छ । यस किसिमको स्वच्छन्द प्रवृत्तिले शिक्षाको गरिमा र महत्त्वलाई किमार्थ बढाउन सक्दैन । न्यूनतम उच्च शिक्षाको गरिमा, महत्त्व र आकर्षण वृद्धि गर्नका निम्ति पनि स्नातकोत्तर तह उत्तीर्ण गरेको विद्यार्थीलाई रोजगारीको सुनिश्चितता प्रदान गरिनुपर्दछ । अन्यथा राज्यद्वारा बेरोजगार भत्ता उपलब्ध गराइनुपर्दछ ।

**शैक्षिक व्यापारीकरणको अन्त्य**

हाम्रो मुलुकको शैक्षिक निजीकरण सेवामुखी नभई मुनाफामुखी रहेको छ । फलस्वरूप शैक्षिक व्यापारीकरणलाई मलजल गर्ने काम गरेको छ । शैक्षिक चापको अनुपातमा राज्यले यस क्षेत्रमा लगानी नगरिरहेको परिप्रेक्ष्यमा शिक्षण संस्था सञ्चालन गरेर निजी क्षेत्रले केही योगदान गरिरहेको जस्तो देखिए पनि यसको दूरगामी प्रभाव भने अत्यन्त नकारात्मक हुने कुरामा कुनै शङ्का छैन । शिक्षामा हुने वर्ग विभाजनले समाजमा जहिले पनि उच्च धनाढ्य वर्गको पकड रहिरहने र पिछडिएको वर्ग र समुदाय हरेक क्षेत्रमा पछाडि परिरहने कुराले सामाजिक द्वन्द्व र विद्रोह जन्माउनेबाहेक केही गर्ने छैन । त्यसैले हामी शैक्षिक वर्ग विभाजनको अन्त्य चाहन्छौँ । यसका लागि शिक्षामा निजीकरण र यसले उत्पन्न गरेको व्यापारीकरणलाई अन्त्य गर्नु आजको आवश्यकता हो । राज्यले यसतर्फ यथाशीघ्र कदम चाल्नुपर्दछ ।

यसका लागि निजी विद्यालयहरूलाई सरकारी अनुदानको व्यवस्था गरी सकेसम्म यसै वर्षदेखि न्यूनतम रूपमा प्राथमिक तह (कक्षा ८) सम्मको शिक्षामा निजी र सरकारीबीचको विभेदको अन्त्य गर्नुपर्दछ र यसरी नै क्रमशः मावि, उच्च मावि एवम् उच्च शिक्षा (साधारण तथा प्राविधिक) गरी सम्पूर्ण शिक्षालाई निजीकरणबाट मुक्त गर्ने राज्यको नीति बन्नुपर्दछ । साथै, उच्च शिक्षालाई समेत सस्तो र सर्वसुलभ बनाउँदै आमजनताका जेहेन्दार छोराछोरीहरूको पहुँचको क्षेत्र बनाइनुपर्दछ । यसले नै समान र जनमुखी शिक्षाको ढोका उघार्ने छ ।

मुख्य शैक्षिक मुद्दाहरूका अलावा केही राजनीतिक मुद्दाहरूका बारेमा पनि विद्यार्थी समुदाय स्पष्ट हुन जरुरी छ । यसका बारेमा अनेरास्ववियु निम्न दृष्टिकोण अगाडि सार्न चाहन्छ :

**राजतन्त्रको समूल अन्त्य**

विश्वजनमानसको समेत ध्यान आकर्षण गर्ने गरी सञ्चालन भएको युगान्तकारी जनआन्दोलन-०६२/६३ का क्रममा सडकहरूमा त्यत्तिकै विद्यार्थीहरूले गणतन्त्रको नारा आकाश थर्काउने गरी गुञ्जायका थिएनन्, त्यो कुनै उत्तेजना र आवेग थिएन । त्यो त राजतन्त्रको आजसम्मको इतिहास र वर्तमानको सूक्ष्म विश्लेषणको निचोडको रूपमा यसको चिहान खन्ने उद्घोष थियो । र, उक्त सही निचोडमाथि आज पनि कुनै धरमर छैन र यो समुदायले घन्काइरहेछ- राजतन्त्र-मुर्दावाद, गणतन्त्र-जिन्दावाद । यसबाट सहजै बुझ्न सकिन्छ- विद्यार्थी समुदायलाई कुनै पनि विशेषणको राजतन्त्र स्वीकार्य छैन ।

मुलुकमा राजतन्त्रको आवश्यकता र औचित्यता कहीँकतैबाट पनि पुष्टि हुँदैन । राजनीतिक रूपमा यो संस्थाले कहिल्यै पनि लोकतन्त्रलाई आत्मसात गर्न सकेन, बरु जनभावना र लोकतन्त्रको हत्या गर्ने कुटिल अपराधीका रूपमा रहँदै आएको छ । राजतन्त्रको अन्त्य गर्दै लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने कुराले राजनीतिक रूपमा राजतन्त्रको मात्र अन्त्य गर्ने नभई यसको आधारको रूपमा रहेको सामन्तवादको समूल अन्त्य गर्ने सारतत्त्वलाई बोकेको छ । आर्थिक उदारीकरणका नाममा सामाजिक न्याय र लोक कल्याणकारी राज्यको अवधारणाविपरीत थोपरिएको साम्राज्यवादी शोषणको नियन्त्रण र नेपाली समाजको विशेषताअनुरूप राज्यको पुनःसंरचना र लोकतन्त्रको समावेशी चरित्रलाई स्थापित गरी जनताको बहुदलीय जनवादको आधार निर्माण गर्दै अगाडि बढ्ने सोच र योजनालाई हृदयङ्गम गरिएको यथार्थ पनि हाम्रा सामु छर्लङ्ग छ ।

**नयाँ संविधानका लागि संविधानसभा**

यतिबेला संविधानसभाको निर्वाचनका पक्षमा सिङ्गो देश एकमत भएको छ । मुलुकका समस्या समाधानका लागि यो अत्यन्त सकारात्मक कुरा हो । कहीँकतैबाट यसका विरुद्ध षड्यन्त्र नहोस् भन्नका लागि होसियारी अपनाउनुपर्दछ । शान्तिपूर्ण,

भयरहित र निष्पक्ष निर्वाचन र दिगो शान्तिको सुनिश्चितताका लागि माओवादी सेना र हतियारको व्यवस्थापन, नेपाली राजनीतिका सबै पक्षहरूले निर्वाचनको परिणामलाई स्वीकार गर्ने प्रतिबद्धता र अन्तर्राष्ट्रियस्तरको निर्वाचन अनुगमन टोलीको आगमनजस्ता कुराहरू पूर्वसर्तका रूपमा रहेका छन् । यी कुराहरूमा प्राथमिकताका साथ लाग्दै यथाशीघ्र संविधानसभा निर्वाचनको मिति घोषणा गर्नु र नखोसिने लोकतन्त्र अर्थात् लोकतान्त्रिक गणतन्त्रको सुनिश्चितताका लागि अगाडि बढ्नु वर्तमान सरकार र सबै लोकतन्त्रका पक्षधर शक्तिहरूको दायित्व हो ।

**सङ्घीय रूपमा राज्यको पुनःसंरचना**

मुलुकको विद्यमान सामन्ती र एकात्मक ढाँचाको राज्य संरचनाले नेपाली समाजको यथार्थताको प्रतिनिधित्व गर्न नसक्ने कुरा छर्लङ्ग भएको छ । भौगोलिक, वर्गीय, जातीय, भाषिक, धार्मिक एवम् लैङ्गिक आदि क्षेत्रहरूमा रहेको बहुलता नेपाली समाजको विशेषता हो । समाजमा बहुलता र राजनीतिमा एकात्मकताका बीचमा रहेको अन्तरविरोधको समाधान नगरी मुलुकको समग्र विकास सम्भव छैन । यसका लागि राज्यको पुरानो ढाँचामा परिवर्तन गर्नु अनिवार्य छ । मुलुकको समानुपातिक विकास र सबै पक्षहरूको आत्मगौरव र विकासका निम्ति सङ्घीय ढाँचामा राज्यको पुनःसंरचना गरिनुपर्दछ । सुरक्षा, आर्थिक एवम् वैदेशिक नीतिजस्ता केन्द्रीय महत्त्वका कुराहरू केन्द्र सरकारको नियन्त्रणमा रहने भए पनि बाँकी सम्पूर्ण अधिकारहरू राज्य/प्रादेशिक सरकारमा रहने गरी सङ्घीय ढाँचाको राज्य पुनःसंरचना गरिनुपर्दछ । यसले नै जनभावनाको प्रतिनिधित्व र स्थानीय साधन र स्रोतको अधिकतम् परिचालन भई मुलुकको समग्र विकासमा टेवा पुऱ्याउनेछ ।

उपरोक्त शैक्षिक एवम् राजनीतिक दृष्टिकोणहरूलाई अगाडि सार्दै हामी सङ्गठनको १८ औं राष्ट्रिय सम्मेलनमा होमिएका छौं । उठाइएका शैक्षिक एवम् राजनीतिक मुद्दाहरूलाई समाधानमा पुऱ्याउनका लागि आवश्यक हुने सशक्त र एकीकृत विद्यार्थी आन्दोलन उठाउने कुरामा अनेरास्ववियु प्रतिबद्ध छ । फेरि पनि मुलुकको राजनीति पछाडि नफर्कियोस्, प्रतिक्रियावादीहरूले षड्यन्त्र गर्न नसकून् र यथास्थितिवादको चङ्गुलमा राजनीति नअल्मलिओस् भन्नका लागि विद्यार्थी आन्दोलनका तर्फबाट खेल्नुपर्ने खबरदारीको भूमिकाका लागि र शैक्षिक पुनःसंरचनाका लागि अनेरास्ववियु निरन्तर क्रियाशील रहनेछ ।

# कसरी सेलायो स्पेनमा कम्युनिस्ट आन्दोलन ?

## ' अग्निशिखा

कम्युनिस्ट पार्टीले आफ्नो वैचारिक धारलाई भुत्ते बनाएपछि, वैचारिक जगलाई भत्काएपछि, वैचारिक पहिचानलाई गुमाएपछि, सत्ताको बाँडफाँटमा नै आफूलाई भुलाएपछि, आफ्ना आधारभूत सोच र मान्यताहरूलाई लत्याएपछि, समर्पणको बाटोमा लागेपछि, पार्टी नेतृत्वको कदम पारदर्शी नभएपछि र पार्टीको सर्वोच्च नेतृत्वले आफ्नो पार्टीका अन्य नेता तथा कार्यकर्तालाई गुमराहमा राखेपछि कसरी कुनै मुलुकको कम्युनिस्ट आन्दोलन सेलाउँदो रहेछ भन्ने तथ्य स्पेनको कम्युनिस्ट आन्दोलनको इतिहास पढ्दा प्रस्टिन्छ । पार्टी नेता सान्टिएको कोरिल्लोले पार्टीलाई मात्र डुबाएनन्, आफ्नो राजनीतिक जीवनसमेत समाप्त पारेका थिए ।

कारिल्लोको जन्म स्पेनको गियोंमा भएको थियो । उनका बाबु स्पेनिस सोसलिस्ट पार्टीका संस्थापकमध्येका थिए । सोसलिस्ट युथको सदस्यता लिएर कारिल्लोले राजनीतिक संलग्नता प्रारम्भ गरे । समाजवादीहरूको सुधारवादबाट निरास भएपछि र मस्कोको भ्रमण गरेपछि उनी १९३६ मा स्पेनिस कम्युनिस्ट पार्टीमा सामेल भए । स्पेनको गृहयुद्धपछि दक्षिण अमेरिकी मुलुक हुँदै पेरिसमा गए र धेरै वर्ष त्यहाँ बिताए । १९७४ मा 'जुन्ता डेमोक्रेटिका एस्पानोला' को स्थापनामा उनी पनि सहभागी थिए । यो सङ्गठनले आंशिक रूपमा भए पनि स्पेनका तानाशाह फ्रान्सिस्को फ्रान्कोको शासनका विरोधीहरूलाई एकताबद्ध गराएको थियो ।

१९७५ मा फ्रान्कोको निधनपछि स्पेनमा परिवर्तनको प्रक्रियालाई तीव्र बनायो । जुलाई १९७६ मा राजा हुआँ कार्लोसले कमै परिचित एडोल्फो स्वारेजलाई प्रधानमन्त्रीमा नियुक्त गरे । कम्युनिस्ट पार्टी (पीसीई) भने अवैध नै रहेको थियो । सरकारले राजधानी म्याड्रिडमा पार्टीको केन्द्रीय कमिटीको बैठक बस्न नदिएपछि कारिल्लोले इटालीको राजधानी रोममा सार्वजनिक रूपमै बैठक बसाएका थिए । आफ्नो मुलुकको राजनीतिक सङ्क्रमणको नेतृत्व आफैंले गर्नुपर्ने महसुस गर्दै नक्कली कागजातसहित नक्कली कपाल लगाएर, आफ्ना एक जना समर्थकको मर्सिडिज गाडीमा सवार भएर उनी स्पेन भित्रिए । सरकार अप्ठ्यारोमा पऱ्यो- न उनलाई गिरफ्तार गर्ने साहस गऱ्यो, न त वैध रूपमा बस्ने अनुमति दिन सक्यो । यस्तो गतिरोधको स्थितिलाई तोड्न कारिल्लोले दस महिनापछि म्याड्रिडमा पत्रकार सम्मेलन गरे । बाह्र दिनपछि उनलाई सरकारले गिरफ्तार गऱ्यो र सात-आठ दिनपछि रिहा गऱ्यो ।

कम्युनिस्ट पार्टी अवैध नै रह्यो भने समाजवादी पार्टी (पीएसओई) लाई जर्मन सोसल डेमोक्रेसीबाट आर्थिक सहयोग प्राप्त भइरहेको थियो र संसदीय निर्वाचनको तयारीमा आफूलाई सङ्गठनात्मक रूपमा बलियो बनाउँदै थियो । २४ जनवरी, १९७७ मा जब खुफिया सङ्गठनको मौन सहमतिमा उग्रदक्षिणपन्थीहरूले कम्युनिस्ट पार्टीप्रति सहानुभूति राख्ने कानुन व्यवसायीहरूको सामुहिक रूपमा हत्या गरे, राजनीतिक स्थिति परिवर्तित भयो । यो हत्या सेनाको हस्तक्षेपलाई उक्साउन गरिएको थियो । तर,

यो हत्याकाण्डविरुद्ध पार्टीको आह्वानमा भएको शान्तिपूर्ण प्रदर्शनमा जनताको विशाल सहभागिता रह्यो । शासनको अत्यन्त प्रतिक्रियावादी तप्काले कडा विरोध गर्ने भए पनि संसदीय शासनमा सङ्क्रमणका लागि कम्युनिस्ट पार्टीलाई पटरीमा ल्याउनुपर्ने कुरामा प्रधानमन्त्री स्वारेज विश्वस्त भए ।

फेब्रुअरी १९७७ मा स्वारेज र कारिल्लोबीच गोप्य बैठक भयो । त्यस बैठकमा भएको गोप्य सम्झौताबाट यी दुई व्यक्ति संसदीय राजतन्त्रतर्फको सङ्क्रमणको मुख्य निर्माता बने पनि अन्ततः यो सम्झौताले कारिल्लोलाई राजनीतिक अवसानतर्फ नै डोर्‍यायो । त्यसै वर्ष कम्युनिस्ट पार्टीलाई सरकारले वैध बनाएपछि पार्टी सदस्यहरू दङ्दास भए । तर, त्यो गोप्य सम्झौतामा पार्टी विधान परिवर्तन गर्न, सर्वहारा अन्तर्राष्ट्रियवाद, साम्राज्यवादविरुद्धको सङ्घर्ष, राष्ट्रिय आत्म-निर्णयको अधिकार र पुँजीवाद तथा जमिनदारी प्रथाको विरोधका सम्पूर्ण सन्दर्भहरू हटाउन कारिल्लो सहमत भएको उनीहरूलाई थाहा थिएन ।

अन्ततः कम्युनिस्ट पार्टीको नेतृत्वमा नाटकीय परिवर्तन आउन थाल्यो र त्यो स्पेनको पुँजीवादको प्रियपात्र बन्न थाल्यो । समाजवाद र लोकतान्त्रिक गणतन्त्रको सङ्घर्षलाई परित्याग गरेपछि कम्युनिस्ट पार्टी अनावश्यक बन्न पुग्यो । अप्रिल, १९७७ को बैठकमा मात्र पार्टीको केन्द्रीय कमिटीले अब पार्टीले राजतन्त्र र त्यसको झन्डालाई स्वीकार गरेको थाहा पायो । पार्टीको परम्परागत सिद्धान्तहरू किन छोडियो भन्नेबारेमा सदस्यहरूसामु कारण त दिइयो तर कारिल्लो र स्वारेजबीच भएको गोप्य सम्झौताबारे बताइएन । स्वाभाविक अनुशासनले गर्दा, पार्टीमा आएको यो परिवर्तनलाई केन्द्रीय कमिटीका सदस्यहरूले स्वीकार गरे । ११ जना अनुपस्थित रहे तर कसैले पनि विरोधमा मत दिएनन् ।

कम्युनिस्ट पार्टी निर्वाचनको तयारीमा जुट्यो । जबकि, यसको पार्टी कार्यक्रम पीएसओईको भन्दा मुस्किलैले भिन्न थियो । त्यतिखेर कम्युनिस्ट पार्टीले आफ्ना डेढ लाख सदस्य रहेको र आफ्नो साप्ताहिक पत्रिकाको बिक्री-वितरण दुई लाख प्रति भन्दा बढी रहेको दाबी गरेको थियो । तर, निर्वाचनमा प्रधानमन्त्री स्वारेजको पार्टीले ३४.३, पीएसओईले २८.५ प्रतिशत मत प्राप्त गरे भने कम्युनिस्ट पार्टीले नौ प्रतिशत मतका साथ संसद्मा बीस सिट मात्र हात पार्‍यो । त्यसपछि श्रमिक आन्दोलनलाई सरकारको सहयोगी बनाइयो र अन्ततः राज्यसम्बन्धी लेनिनवादी सिद्धान्त अनावश्यक बन्न पुग्यो र अन्ततः अप्रिल १९७९ को पार्टी महाधिवेशनलाई 'लेनिनवाद' नै त्याग्न भनियो । फलस्वरूप पार्टीको सदस्यता र गतिविधिमा ह्रास आउन थाल्यो । पार्टीले आफ्नो विचारधारा र कार्यक्रम नै परित्याग गरेपछि पहिचानको सङ्कट भोग्नुपर्‍यो ।

सैनिक कूको हल्लासहित १९८१ मा राजाले निर्वाचित प्रधानमन्त्री स्वारेजलाई राजीनामा दिन बाध्य पारेपछि कारिल्लोले आफ्ना मुख्य मित्र गुमाए । एक महिनाभित्रै सेनाले संसद् भवनलाई आफ्नो कब्जामा लियो र सांसदहरूलाई बन्दी बनायो । कुनै कारणवश राजाले सेनालाई शान्त पारे । उता, पार्टीमा कारिल्लोको नेतृत्वलाई चुनौती दिन थालियो । पार्टी छोड्ने क्रम बढ्यो । अरू पार्टीमा भित्रिने र नयाँ पार्टी बनाउने काम हुन थाल्यो । जसले गर्दा तेस्रो निर्वाचनमा कम्युनिस्ट पार्टीले ३.६ प्रतिशत मतका साथ संसद्को चार सिट मात्र हात पार्‍यो । १९८२ मा भएको पार्टी कार्यकारीको बैठकमा कारिल्लोले महासचिव पद छोड्ने घोषणा गरे । उनी कार्यकारी र संसदीय प्रवक्तामा भने रहिरहे ।

कारिल्लोले पार्टीभित्र गुट बनाए । १९८५ मा उनका १९ जना समर्थकलाई केन्द्रीय कमिटीबाट निष्कासित गरियो । आठ वर्षअघि एक लाख ८० हजार रहेको पार्टी सदस्य सङ्ख्या अब ३५ हजारमा झर्न पुग्यो । अर्को वर्ष कारिल्लोले नयाँ पार्टी पीटीई गठन गरे । त्यसै वर्ष सम्पन्न संसदीय निर्वाचनमा उनको पार्टीले एक सिट पनि जित्न सकेन । पाँच वर्षपछि उनले आफूबाहेक आफ्नो पार्टीका सबै सदस्यलाई पीएसओईमा भित्र्याउन सम्झौता गरे । यसरी, १९६० देखि १९८२ सम्म पार्टीको महासचिव रहेका उनको राजनीतिक जीवन टुङ्गियो ।

# जलप्रवाह

**- वासुदेव अधिकारी -**

तिर्खा झाङ्गिदै थियो माटोमा
शीतलताको चाह बढ्दै थियो मनमा
ह्वात्तै खस्यो समुद्र आकाशबाट
हामीले बलेसीमा थाल थाप्यौँ
पहिलो झर पानीमा आङ थाप्यौँ

कालुसँग शीतलताको एसएमएस गर्दागर्दै
पहाड बोकेर ल्यायो समुद्रले
घर घिसारेर ल्यायो बाढीले
रूखरूखबाट बचेरा झरे

दुःखदुःखबाट प्राण झरे

माटो बग्यो पानीमा
खान्की बग्यो पानीमा
समुद्र खोज्दै हिँड्यो समुद्र
सडक नहर भयो
आँगन तलाउ भयो
हामी बुइँगलमा कुडुलियौँ

बुइँगल चढ्दाचढ्दै
बुइँगल नै हामफाल्यो जमिनमा
धुरी चढ्दाचढ्दै
धुरी नै ओर्लियो बाढीमा
थपियो पानी
थपियो पानीको ऊर्जा
कालु रुन थाली
ठूल्यामाको गाउँ घेरिएको देखेर
सन्जु छटपटायो
माछाजस्तै सानाबा बगेको देखेर
नृशंस बन्दुकेजस्तो अबुझ जलशक्ति !
हामीले भोक निल्यौँ
आँखा चिम्लियौँ
र, उसको पराक्रम हेर्न बन्द गर्‍यौँ

यसपटक
जमिनमा ओर्लिएको समुद्रले घर निल्यो
निम्छरा बस्तीलाई माछा बनायो
ऊ गयो समुद्र भेट्न
लक्ष्मणपुर अग्लियो र बाटो छेक्यो
रिसायो सानो समुद्र
ऊ फर्कियो
र, अर्को गाउँलाई अँगालो हाल्यो
खुब नियालेर हेर्‍यो हेलिकप्टरले
तर, देखेन
बुइँगलवासीको भोक
र, अवरुद्ध जलप्रवाह !

**हालः** नेपालगन्ज
०६३ भदौ १२

# परिवर्तित परिस्थिति र नयाँ राष्ट्रिय-गान

**' अमर गिरी**

नेपाल सरकारले नयाँ राष्ट्रिय गानका निम्ति 'राष्ट्रिय-गान चयन कार्यदल' गठन गरेको छ र त्यसले आफ्नो कार्य प्रारम्भ पनि गरेको छ। सम्भवतः असोज महिनाभरिमा नयाँ राष्ट्रिय-गान चयन गर्ने कार्य सम्पन्न हुनेछ। कात्तिक-मङ्सिरदेखि मुलुकमा नयाँ राष्ट्रिय-गान गाउन र धुन बजाउन सुरु गरिनेछ। यो ऐतिहासिक घटना हुनेछ हाम्रा निम्ति। लोकतन्त्रलाई संस्थागत र सुदृढ गर्न, लोकतान्त्रिक चरित्र, संस्कार र मनोविज्ञानको विकास गर्न नयाँ राष्ट्रिय-गान र धुनको निर्माण महत्त्वपूर्ण सावित हुनेछ।

नेपालमा हिजोसम्म बज्ने गरेको राष्ट्रिय-गान साँचो अर्थमा राष्ट्रिय-गान नै थिएन। यो राजा र राजतन्त्रको स्तुतिगान थियो। सामन्तवादका नायक राजा र त्यसको प्रतिनिधि संस्था राजतन्त्रलाई टिकाउने, बलियो बनाउने र अमर तुल्याउने दृष्टिले यस गानको रचना गरिएको थियो। राजतन्त्रवादी चक्रपाणि चालिसे यस गानका रचनाकार थिए। वर्षौंवर्ष नेपालीले यस गीतलाई राष्ट्रिय गानका रूपमा गाए। अन्तर्राष्ट्रिय सभा-समारोह र मञ्चहरूमा यसकै धुन बजाए। सामन्तवादलाई बलियो देखाउनेतर्फ टेवा पुऱ्याउने उद्देश्यअनुरूप यस गानको रचना गर्न लगाइएको थियो। यस गानको चयन कुनै संयोग थिएन, सुविचारित रणनीतिको परिणाम थियो। सामन्तवादलाई बलियो सांस्कृतिक कवच प्रदान गर्नु यसको प्रमुख उद्देश्य थियो।

नेपालमा मात्र होइन, सबै सामन्तवादी मुलुकमा राष्ट्रिय-गान सामन्तवादको नायक र त्यसको प्रतिनिधि संस्थाको विरुदावलीका रूपमा आउने गरेका छन्। त्यस्ता गानमा राष्ट्र, राष्ट्रियता, सांस्कृतिक पहिचान आदि जस्ता केही कुराहरू परे पनि तिनका प्रमुख सरोकार सामन्तवादी नायक र तिनका प्रतिनिधि संस्थाहरू नै रहने गरेका छन्। त्यस्ता गानका बारेमा अन्य कुराहरूको मूल अभीष्ठ पनि राजालाई राष्ट्रवादी र राजतन्त्रलाई राष्ट्रवादको संरक्षक देखाउनु रहेको पाइन्छ। नेपालमा राजालाई सधैँ राष्ट्रियताको प्रतीक र राजतन्त्रलाई त्यसको संरक्षकका रूपमा देखाउने प्रयत्न गरियो। राष्ट्र र राष्ट्रियताको पर्यायका रूपमा राजा र राजतन्त्रलाई अर्थ्याउन भाट बुद्धिजीवीहरूले यस मुलुकमा धेरै कागज र मसी खर्च गरेका छन्। लोकतन्त्रवादी कयौं वरिष्ठ-कनिष्ठ व्यक्तित्वहरूमा समेत राजा र राजतन्त्रलाई राष्ट्रवादी कोणबाट हेर्ने, व्याख्या र विश्लेषण गर्ने गम्भीर त्रुटिहरू पाइन्छन्। राष्ट्र, राष्ट्रवाद र राजा र राजतन्त्रका बीचको अन्तर्विरोधलाई राम्रैसँग बुझ्न नसकेका मानिसहरूमा नै यसप्रकारको त्रुटि पाइन्छ। राजतन्त्रप्रतिको कुनै न कुनै प्रकारको झुकाव यसप्रकारको दृष्टिकोण निर्माणको मूल आधार बन्दछ। कुरो जे भए पनि यो मूलतः दृष्टिकोणको समस्या हो, जो नेपालको लोकतान्त्रिक आन्दोलनमा रहँदै आएको छ।

राष्ट्र शब्दको अर्थ, यसको विकास-प्रक्रिया र सारतत्त्वलाई बुझ्ने हो भने सामन्तवाद यसको दुश्मन हो भन्ने तथ्य स्पष्ट हुन्छ। राष्ट्र र राष्ट्रियतालाई बाह्य आक्रमण, त्यससँगको सङ्घर्ष र मुलुकको एकीकरणको सन्दर्भमा मात्र हेरिनुहुन्न, त्यसका मर्महरूको समग्रतामा हेरिनुपर्दछ। बाह्य आक्रमण, त्यससँगको प्रतिरोध र एकीकरणका सन्दर्भलाई पनि त्यसका समग्र मर्महरूको परिप्रेक्ष्यमा नै हेरिनुपर्दछ। नेपालका राजा र राजतन्त्र, समष्टिमा भन्नुपर्दा सामन्तवाद सधैँ साँचो राष्ट्रवादको विरोधमा खडा रहँदै आएको छ। राष्ट्र र राष्ट्रियताको डरलाग्दो शत्रु हो सामन्तवाद। सामन्तवादले इतिहासदेखि नै यस्तो संस्कृतिको विकासमा सुविचारित रूपमै जोड दिँदै आयो, जसले सामन्तवादी राज्यसत्ताको स्थायित्वका निम्ति आवश्यक सांस्कृतिक पृष्ठभूमिको निर्माण गर्थ्यो। हिजोको राष्ट्रिय-गान त्यसकै एउटा कडी थियो।

जनताको बलिदानपूर्ण महान् सङ्घर्षपछि सामन्तवादी निरङ्कुश सत्ताले घुँडा टेकेको छ। मुलुक परिवर्तनको अभूतपूर्व प्रक्रियाबाट अघि बढिरहेको छ। राजा र राजतन्त्रको अन्त्यपछि यस प्रक्रियामा विराम लाग्नेछ र मुलुक परिवर्तनको अन्य प्रक्रिया र चरणमा प्रवेश गर्नेछ। परिवर्तित राजनीतिक परिस्थिति नै नयाँ राष्ट्रिय-गान निर्माणको पृष्ठभूमि हो। मुलुकले लोकतान्त्रिक गणतन्त्रको स्थापना चाहेको छ र समग्र आधार र अधिरचनामा पूर्ण परिवर्तन। यसप्रकारको परिवर्तनबिना नयाँ र समुन्नत नेपालको निर्माण सम्भव छैन। राष्ट्र र राष्ट्रियताको मर्मको साँचो सम्मान र कार्यान्वयन पूर्ण लोकतान्त्रिक व्यवस्थामा मात्रै सम्भव हुन्छ। छदम लोकतन्त्रमा यी सबै सम्भव हुँदैनन्। यसका उदाहरणहरू संसारमा धेरै छन्। पूर्ण लोकतन्त्र मात्र होइन, वास्तविक लोकतन्त्र पनि अहिलेका जनताको आकाङ्क्षा हो। जनता यस्तो लोकतन्त्र चाहन्छन्, जो गणतान्त्रिक मात्र होइन, समुन्नतिको आधार पनि होस्, जसले सुन्दर र सुखद भविष्यको निर्माण गरोस्, जसले सामाजिक न्याय र मुक्ति प्रदान गरोस्, सबै प्रकारका विभेद, अन्याय र उत्पीडनका साङ्लाहरू तोडियून्, व्यक्ति वास्तवमै सम्प्रभु होस्। यस्तो लोकतन्त्रले नै राष्ट्रलाई बलियो बनाउँछ, एकताको सूत्रमा बाँध्छ र मानिसमा राष्ट्रलाई साँचो माया गर्ने प्रवृत्तिको विकास हुन्छ।

नेपाल भौगोलिक रूपमा जति विविधतापूर्ण र सुन्दर छ, भाषिक र जातीय दृष्टिले पनि त्यत्तिकै विविधतापूर्ण र समृद्ध छ। यो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक देश हो। तर, सामन्तवादी राज्यसत्ताले सधैँ एक भाषा, एक जाति, एक धर्म, एक संस्कृतिको नीति लियो। अरू भाषा, धर्म, जाति र संस्कृति यस नीतिको उत्पीडनको सिकार बने। एक खास धर्म, संस्कृति, जाति र भाषाले राज्यको प्रश्रय पायो। त्यसैले पुष्पित र पल्लवित हुने अवसर प्राप्त गऱ्यो। यो सामन्तवादी राज्यव्यवस्थाको स्वाभाविक परिणाम थियो। अनेकतामा एकता भ्रमपूर्ण नारा थियो सामन्तवादको। आज सबैले समानताका निम्ति सङ्घर्ष गरिरहेका छन्। लोकतन्त्रले सबैको अस्तित्व र अधिकारलाई समान रूपमा सम्बोधन गर्नुपर्छ भनिरहेका छन्। पृथ्वीनारायण शाहको 'नेपाल चार वर्ण छत्तीस जातको साझा फूलबारी हो' भन्ने भनाइको वास्तविक अर्थलाई आजका नेपालीले ठम्याएका छन्। यो सामन्तवादको यस्तो नक्कली सूत्रात्मक कथन थियो, जसलाई ज्ञानेन्द्रले पनि पटकपटक दोहोऱ्याइरहे। मुलुकलाई एउटा सांस्कृतिक ढाँचामा ढाल्ने सामन्तवादको अभीष्टलाई चकनाचुर पार्न आज समय कस्सिएको छ। नयाँ बन्ने राष्ट्रिय गानलाई हामीले यसै सन्दर्भमा हेर्न र परिभाषित गर्न आवश्यक छ।

राष्ट्रिय-गान राष्ट्रको गान हो। यसमा मुलुकको गौरवमय इतिहास, मुलुकको भौगोलिक विविधता र सुन्दरता, क्षेत्रीय अखण्डता र सम्प्रभुताप्रतिको प्रतिबद्धता, राष्ट्रप्रतिको असीम प्रेम अभिव्यक्त हुनु जरुरी छ। यो देश जनताले बनाएका हुन्, इतिहासको निर्माण पनि तिनैले गरेका हुन्। देशको रक्षाका निम्ति बलिदान पनि उनीहरू नै भएका छन्। त्यसैले हाम्रो गौरवमय अतीतले, हाम्रो देशप्रेम र स्वाधीनताचेतले, हाम्रो सभ्यता र संस्कृतिले हाम्रो राष्ट्रिय गानमा अभिव्यक्ति पाउनैपर्छ तर यति मात्र पर्याप्त छैन। पूर्ण र वास्तविक लोकतन्त्रका आकाङ्क्षी जनताका उदात्त आकाङ्क्षाहरूले पनि राष्ट्रिय गानमा

अभिव्यक्ति पाउनुपर्दछ । प्रत्येक नेपालीका आँखामा स्वप्न र हृदयका धडकनहरू राष्ट्रिय गानमा सजिनु र पोखिनुपर्छ । राष्ट्रिय-गान सबैलाई आफ्नै लाग्ने हुनुपर्छ, सबैले म त्यहाँ छु भन्ने अनुभूति गर्न पाउनुपर्छ । कुनै खास संस्कृति, कुनै खास भाषा, कुनै खास जाति र सभ्यताको बखानले अबको राष्ट्रिय-गान बन्दैन, यसैगरी उडन्ते, भावुक र अन्धविश्वासी कुराले पनि अबको राष्ट्रिय-गान बन्दैन । धर्तीमा टेकेर आकाशतिर उड्ने राष्ट्रिय-गान चाहिन्छ नेपालीलाई । राष्ट्रिय गानमा नेपालीका बलिदान र उनीहरूका संकल्प, साहस र चेतनालाई सलाम ठोकिनुपर्छ । राष्ट्रिय-गान गाउँदा मानिस हृदयबाटै उत्प्रेरित हुनुपर्छ- आफू बसेको ठाउँबाट उठ्न र त्यसलाई गाउन । सिङ्गो देश जुर्मुराउनुपर्छ गान र धुनमा ।

राष्ट्रिय-गान पटकपटक फेरिरहने कुरा होइन । पूर्ण लोकतन्त्र, आफ्नो इतिहास, सांस्कृतिक पहिचान र गन्तव्यलाई आत्मसात गरेर राष्ट्रिय गानको रचना भएको खण्डमा त्यो अजम्मरी हुन सक्दछ । यसको रचनाको कालीगढी स्रष्टासँग सुरक्षित रहन्छ तर त्यस्तो स्रष्टा मात्र सुन्दर राष्ट्रिय-गानको रचना गर्न समर्थ हुन सक्दछ, जो देश र जनताप्रति इमानदार छ, जसले उत्पीडनलाई झेलेको मात्र छैन, त्यसका विरुद्ध आगो पनि ओकेलेको छ । राष्ट्रिय गानको रचना प्रतिभाको कुरा मात्र होइन, प्रतिबद्धताको कुरा पनि हो । निरङ्कुशताका पक्षमा खुला वा मौन रूपमा उभिएकाहरूले राष्ट्रिय गानको रचना गर्न सक्दैनन् । त्यसो गर्नु पाखण्ड हो, बेइमानी हो । राष्ट्रिय गानको रचना तिनै हातहरूले गर्नुपर्छ जसका हातहरूले नयाँ इतिहास कोर्ने जमर्को गरेका छन् । समयको माग पनि यही हो ।

राष्ट्रिय-गान चयन कार्यदलले राष्ट्रिय-गान रचना गरी पठाउन मुलुकभरिका स्रष्टाहरूलाई सार्वजनिक आह्वान गरेको छ । राष्ट्रिय गानका विषयमा राजधानीलगायत मुलुकका विभिन्न भागहरूमा अन्तर्क्रियामूलक कार्यक्रमहरूको आयोजना गरेको छ । राष्ट्रिय गानको निर्माणमा सबैको सहभागिता होस् र सबैका विचारहरू आउन् भन्ने यसको अभिप्रायः हो । लोकतान्त्रिक तरिका पनि यही हो । यो प्रक्रिया अलि कठिन त जरुर छ तर यो लोकतान्त्रिक मर्मले सरोबर छ । कुनै व्यक्ति वा केही स्रष्टाहरूको समूहलाई पनि गानको रचनाका निम्ति आग्रह गर्न सकिन्थ्यो तर यसले राष्ट्रभरका प्रतिभाहरूको असम्मान हुन्थ्यो । सबैलाई राष्ट्रिय गानको रचना गर्ने हक छ र त्यसलाई सम्मान गर्न पनि आवश्यक छ । एक स्रष्टा वा केहीहरूको बीचबाट सबै स्रष्टाहरूको बीचमा राष्ट्रिय गानको रचना लिएर जाने कुरा उत्तम छ र लोकतन्त्रको मर्म अनुकूल पनि । यो प्रतिस्पर्धा गराउन खोजिएको होइन, प्रतिभाका नाममा खडा गर्न खोजिने केन्द्रलाई भत्काउन खोजिएको हो, जसले प्रतिभाहरू अन्त पनि हुन्छन् भन्ने तथ्यलाई जान वा अनजान रूपमा अवज्ञा गर्दछ, जो घुमाइफिराई सामन्तवाद नै हो । जे होस्, अब बन्ने राष्ट्रिय गानले राष्ट्रिय महिमा गाउनुपर्छ र नेपाली जनताका महान् आकाङ्क्षाहरूलाई सम्बोधन गर्नुपर्दछ । त्यसले सम्पूर्ण नेपालीलाई एकताको सूत्रमा गाँस्नुपर्दछ र हामीलाई निरन्तर अघि बढिरहनका निम्ति उत्प्रेरित गर्नुपर्दछ ।

# खबरदारी र साझेदारी नागरिक समाजको भूमिका

' डा. अर्जुन कार्की

यतिबेला मुलुक राजनीतिक रूपान्तरणको दिशातर्फ उन्मुख हुँदैछ । जनआन्दोलन-२०६२-६३ को सफलतासँगै पुनःस्थापना भएको संसद्ले ऐतिहासिक राजनीतिक घोषणा गरिसकेको छ । देशभर संविधानसभाका बारेमा चर्चा भइरहेको छ । राज्यको पुनःसंरचना, समावेशीकरण र लोकतान्त्रीकरणको एजेण्डाले नेपालको राजनीतिक वृत्तमा एक किसिमको तरङ्ग नै ल्याएको छ । यति मात्र होइन, जनआन्दोलन- २०६२-६३ बाट प्राप्त भएको राजनीतिक उपलब्धिले नेपाली जनतालाई आशावादीसमेत बनाएको छ । साथसाथै, अहिलेको आन्दोलनले जस्तोसुकै निरङ्कुश र तानाशाही शासक पनि जनताको शक्तिका अगाडि झुक्नुपर्ने रहेछ भन्ने मान्यतालाई एकपटक फेरि स्थापित गरिदिएको छ । जसका कारण नेपाली जनतालाई थप अधिकारको प्राप्ति र त्यसको रक्षाका निम्ति अझ सङ्गठित हुन उत्प्रेरित गराएको छ । त्यसैले अबका दिन नेपाली जनताका निम्ति शान्त, सुखद र समृद्ध हुनेछन् भनेर आशा गर्न सकिन्छ ।

नेपाली जनता सदैव स्वतन्त्रता, शान्ति र जनअधिकारको पक्षमा रहँदै आएका छन् । सबै खालका दासता, निरङ्कुशता, अन्याय र शोषणबाट सदाका निम्ति उन्मुक्ति चाहन्छन् । चाहे जहानियाँ राणा शासनका विरुद्धमा ००७ सालमा भएको जनक्रान्ति होस्, चाहे तीसवर्षे निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्धमा ०४६ सालमा भएको जनआन्दोलन होस् वा निरङ्कुश शाहीसत्ताका विरुद्ध भर्खरै सम्पन्न भएको जनआन्दोलन-०६२-६३ नै किन नहोस्, यी सबै आन्दोलनहरू देशमा पूर्ण प्रजातन्त्र बहालीका लागि गरिएका आन्दोलनहरू हुन् । अर्थात्, जनतालाई वास्तविक अर्थमा सार्वभौम बनाइ स्वतन्त्रता, शान्ति र जनअधिकार स्थापनाका लागि गरिएका आन्दोलनहरू हुन् । त्यसकारण यस्ता महान् जनक्रान्ति र जनआन्दोलनहरूको ऐतिहासिक महत्त्व हुन्छ । यस्ता ऐतिहासिक महत्त्वलाई कसैले पनि नजरअन्दाज गर्नु हुँदैन । यसमध्येमा पनि भर्खरै सम्पन्न भएको **जनआन्दोलन-२०६२-६३** थप ऐतिहासिक महत्त्वको सावित हुन आएको छ । यति मात्र होइन, अहिलेको जनआन्दोलन आमनेपाली जनताका निम्ति गौरवको गाथासमेत बन्न पुगेको छ ।

शान्तिपूर्ण रूपमा १९ दिनसम्म लगातार चलेको जनआन्दोलन-**२०६२-६३** स्वतन्त्रताप्राप्तिका निम्ति विश्व मानचित्रमा भएका जनआन्दोलन र क्रान्तिहरूभन्दा कम महत्त्वको रहेन । जनआन्दोलनमा प्रकट भएको नेपाली जनताको सहभागिता,

सक्रियता र योगदान एवम् बलिदानी वास्तवमै प्रसंशायोग्य थियो। त्यसैले त संसारका विभिन्न देशमा अधिनायकवाद, निरङ्कुशता, औपनिवेशवाद र रङ्गभेद एवम् जातिभेदका विरुद्ध भएका महत्त्वपूर्ण र उल्लेखनीय महान् क्रान्तिहरूको सूचीमा जनआन्दोलन २०६३ सूचीकृत हुन पुगेको छ। यसकारण यस्तो विशिष्ट महत्त्व बोकेको जनआन्दोलनमा अभिव्यक्त भावनाहरूलाई पूर्ण रूपमा सम्बोधन गर्ने ढङ्गको राजनीतिक रूपान्तरणमा मुलुकलाई लैजानुपर्दछ। ताकि त्यो राजनीतिक व्यवस्थामा जनताका सम्पूर्ण अधिकारहरूको सुनिश्चितता होस्। स्थापित भएका जनअधिकारहरूलाई कसैले कहिल्यै पनि खोस्न र हस्तक्षेप गर्न नसकोस्। विधिको शासन, मानवअधिकारको पूर्ण रूपमा सम्मान, विचार र अभिव्यक्तिको स्वतन्त्रता मात्र होइन, जनउत्तरदायी, समावेशी र सहभागितामूलक लोकतान्त्रिक चरित्रको राज्य निर्माण होस्।

जनआन्दोलन यसरी अभूतपूर्व रूपमा सफल हुनाका पछाडि धेरै कारणहरू छन्। विभिन्न क्षेत्र, तह, वर्ग र पक्षबाट निर्वाह भएको उल्लेखनीय भूमिका, योगदान र बलिदानको परिणामस्वरूप जनआन्दोलन-२०६२- ६३ पूर्ण रूपमा सफल भएको हो। यसमध्येमा केही पक्षलाई उदाहरणका रूपमा लिनुपर्दा नागरिक समाज, लोकतन्त्र र संविधानसभाजस्ता शब्द वा नाम उल्लेख गर्नु सान्दर्भिक हुन आउँछ। किनभने, माथि उल्लिखित तीनवटा शब्दहरू जनआन्दोलनका दौरानमा निकै नै चर्चित र लोकप्रिय हुनपुगे। जनआन्दोलन सफल बनाउनमा यी तीन पक्षले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। वास्तवमा नागरिक समाज, लोकतन्त्र र संविधानसभाः यी तीनवटा शब्द वा भनौँ पक्षकै कारणले आन्दोलनमा जनताको सहभागिता बढाएको थियो। यद्यपि, उल्लिखित तीन पक्षका बारेमा कसैबाट पनि ठोस र सर्वमान्य विश्लेषण हुन सकेको छैन। त्यति मात्र होइन, आमनेपाली जनताले नागरिक समाज, लोकतन्त्र र संविधानसभा भनेको के हो भन्ने सम्बन्धमा पनि प्रस्ट रूपमा बुझ्न पाएका छैनन्। यद्यपि, उनीहरू अग्रगामी परिवर्तन र राजनीतिक रूपान्तरणका निम्ति उल्लिखित तीनैवटा पक्ष अनिवार्य र अपरिहार्य छन् भन्नेमा प्रस्ट मात्र होइन, त्यत्तिकै दृढ पनि छन्।

२०४६ सालमा भएको परिवर्तनले वास्तविक अर्थमा जनअधिकार बहाली गर्न नसकेको र विभिन्न जाति, भाषा, लिङ्ग, धर्म, क्षेत्र आदिलाई राज्यको मूलप्रवाहमा समेट्न नसकेको पृष्ठभूमिमा अहिलेको आन्दोलनले गुणात्मक उपलब्धि हासिल गर्नुपर्छ भन्ने मान्यताका आधारमा लोकतन्त्र र संविधानसभाको एजेन्डा जोडदार रूपमा प्रतिध्वनित भएको हो। सँगसँगै नागरिक समाजको प्रसङ्ग र भूमिका पनि जोडिएर आएको हो।

वास्तवमा अहिलेको आन्दोलनमा नागरिक समाजले निर्वाह गरेको भूमिका निकै नै महत्त्वपूर्ण र उल्लेखनीय रह्यो। यसलाई कसैले पनि नकार्न सक्दैन तर यसो भन्दैमा आन्दोलनमा राजनीतिक दल अर्थात् शक्तिहरूको भूमिका गौण थियो भन्ने होइन। जनआन्दोनमा मुख्य भूमिका राजनीतिक दलहरूले नै निर्वाह गरेका हुन्। जनआन्दोलनको आह्वान र सञ्चालन दलहरूले नै गरेका हुन्। नागरिक समाजले केवल त्यसमा सहयोग मात्र पुऱ्याएको हो। एउटा सचेत नागरिक भएको नाताले समाजका निम्ति गर्नुपर्ने दायित्व पूरा गरेको हो। यद्यपि, अहिलेको आन्दोलनले नागरिक समाजलाई एउटा पृथक् र विशिष्ट स्थानमा स्थापित गरिदिएको जनताले अनुभूत गरिरहेका छन्। यस सन्दर्भमा नागरिक समाज भनेको के हो र राजनीतिक रूपान्तरणमा नागरिक समाजको भूमिका कस्तो हुनुपर्छ भन्नेबारेमा स्पष्ट हुनु जरुरी छ।

नागरिक समाज भनेको समाजकै एउटा वास्तविक अङ्ग हो। यो समाजबाहिरको अर्कै र पृथक् पक्ष होइन। एउटा सिङ्गो समाजको वास्तविक चरित्र र विशेषतामा यो आधारित रहेको हुन्छ। यद्यपि, अहिले यहाँ कतिपयलाई नागरिक समाज भनेको एउटा अलग्गै र पृथक् पक्ष हो भन्नेमा भ्रम परेको हुन सक्छ। कतिपयले नागरिक समाजलाई एउटा छुट्टै ग्रह वा उपग्रहबाट आएको पक्ष हो भनेर बुझ्ने गरेको पनि पाइन्छ। तर, वास्तविकता त्यस्तो होइन। नागरिक समाज भनेको पनि यही समाजभित्रको एउटा असली प्रतिविम्ब हो। जहाँ सबै किसिमका आस्था, विचार र सिद्धान्त बोकेका नागरिकहरू हुन्छन्। जसले सामूहिक रूपमा जनताका अधिकारको बहाली र रक्षाका निम्ति स्वतन्त्र ढङ्गले आवाज उठाउँछ। आवश्यक पर्दा सडक सङ्घर्ष पनि गर्छन्। नागरिक समाजमा पनि राजनीतिक दलकै कार्यकर्ताहरू बढी हुन्छन्। फरक यति मात्र हो, कुनै एउटा राजनीतिक पार्टीमा सो पार्टीप्रति आस्थावान् नेता-कार्यकर्ता मात्र हुन्छन् भने नागरिक समाजमा सबै पार्टीका आस्था बोकेका व्यक्तित्वहरू हुन्छन्। त्यसमा स्वतन्त्र व्यक्तित्वहरू पनि अटाउन सक्छन्। उनीहरू त्यो मञ्चमा रहँदा आफ्नो दलीय स्वार्थभन्दा माथि रहेर विचार प्रकट गर्ने र भूमिका निर्वाह गर्ने कार्य गर्दछन्।

नागरिक समाजले अहिलेको आन्दोलनलाई सफल बनाउने सिलसिलामा तीन तहको आन्दोलन परिचालन गरेको थियो। पहिलो तहअन्तर्गत देशभरिका हजारौं गैरसरकारी सङ्घसंस्थाहरूको माध्यमबाट सामूहिक विद्रोहमा उतार्ने काम गऱ्यो भने दोस्रो तहअन्तर्गत काठमाडौं केन्द्रित सङ्घर्षका अभियानहरू सञ्चालन गऱ्यो। त्यसैगरी तेस्रो तहअन्तर्गत नागरिक समाजले अन्तर्राष्ट्रिय सहयोग र समर्थन जुटाउने काम गऱ्यो। नागरिक समाजले खेलेको उक्त भूमिकाका कारण युरोपियन युनियन, बेलायतको संसद्, संयुक्त राष्ट्र सङ्घ र मानवअधिकारसम्बन्धी विभिन्न संस्था एवम् आयोगहरूले नेपालमा लोकतन्त्र स्थापना हुनुपर्छ भनेर जोडदार आवाज उठाए। आन्दोलनका लागि यो भूमिका ज्यादै महत्त्वपूर्ण रह्यो। यसैगरी, नागरिक समाजले युरोप र अमेरिकाका विभिन्न भाषामा अन्तर्वार्ताहरू दिएर आन्दोलनको पक्षमा समर्थन जुटाउनमा पनि ठूलो भूमिका निर्वाह गऱ्यो।

जनआन्दोलनमा नागरिक समाजको भूमिका ज्यादै उल्लेखनीय र महत्त्वपूर्ण रह्यो। यसमा कुनै शङ्का छैन। तर, अहिले यसैका आधारमा नेकपा (माओवादी) ले राजनीतिक तहमा नागरिक समाजको ३३ प्रतिशत प्रतिनिधित्व हुनुपर्ने आवाज उठाएको छ। वास्तवमा यो तर्क नागरिक समाजको मूल्य र मान्यताका विरुद्धमा छ। राजनीतिक तह भन्नाले सरकार र संसद्को कुरा आउँछ। सरकार र संसद्मा जाने भनेको राजनीति दलका प्रतिनिधिहरू हुन्। नागरिक समाजका प्रतिनिधि बनेर राजनीतिक नेतृत्वमा जानु सान्दर्भिक हुँदैन। नागरिक समाजले राजनीतिमा हिस्सा माग्नासाथ ऊ पनि राजनीतिक दलकै हैसियतमा दरिन

पुग्दछ । नागरिक समाज स्वतन्त्र भएर नै बस्नुपर्छ । नागरिक समाजको आफ्नै सिद्धान्त, मूल्य र मान्यता हुन्छ । नागरिक समाजका व्यक्ति राजनीतिक दायित्व निर्वाहमा समाहित हुनेबित्तिकै ऊ नागरिक समाजको प्रतिनिधित्व हुन सक्दैन, ऊ त राज्यको प्रतिनिधि हुनपुग्छ । यो पक्षलाई नागरिक समाजका व्यक्तिहरूले राम्रोसँग बुझ्नु जरुरी छ । यसको मतलब नागरिक समाजको आन्दोलनमा सक्रिय भएका व्यक्ति कहिल्यै पनि राजनीतिक नेतृत्वमा जानु हुँदैन भन्ने होइन । त्यस्तो व्यक्ति व्यक्तिगत हैसियत वा राजनीतिक आस्थाका आधारमा राजनीतिक नेतृत्वमा जान सक्छ तर ऊ नागरिक समाजको प्रतिनिधि भएकै कारणले हकदार चाहिँ हुन सक्दैन । अर्को कुरा नागरिक समाजमा कोही पनि अगुवा र पछुवा भन्ने हुँदैन । सबै समान हुन्छन् ।

मार्क्सवादी दर्शनशास्त्री एन्टोनियो ग्राम्चीले भनेका छन्-'नागरिक समाज भनेको निरङ्कुशताविरुद्धको सङ्घर्षमा सर्वहाराको स्वतन्त्र राजनीतिक गतिविधि गर्ने विशेष 'न्युक्लियस' हो ।' यसबाट पनि बुझिन्छ, नागरिक समाजबाट सर्वहारा वर्ग पृथक छैन । ४ सय बीसीभन्दा पहिला  नै सिसेरोले नागरिक समाजको व्याख्या गरेका छन् । ग्रीक भाषाको 'सिभिलास सोसाइटास' बाट आएको यो शब्द बजारको अवस्था वा साम्यवादको असफलताले गर्दा आएको हो भन्ने कुरा किमार्थ सत्य होइन । संसारमै सबैभन्दा विवादास्पद यस शब्दावलीको अहिलेसम्म सर्वस्वीकार्य परिभाषा बनेको छैन । तर यसलाई संसारमै स्थायी प्रतिपक्षको रुपमा स्वीकार गरिन्छ ।

नागरिक समाजको भूमिका भनेको समाजको हितका निम्ति काम गर्ने हो । राज्य र राजनीतिक दलहरूले समाजको हितका निम्ति काम गरेका छन् कि छैनन् ? राम्रो काम गरेका छन् भने त्यसको समर्थन गरी सहयोग गर्ने र गलत काम गरेका छन् भने त्यसमा खबरदारी गर्ने दायित्व नागरिक समाजले निर्वाह गर्नु पर्छ । हालैको जनआन्दोलनको मर्म र भावनाविपरीत, दीगो शान्ति र लोकतान्त्रीकरणको प्रक्रियामा परिवर्तनकारी-क्रान्तिकारी शक्तिभन्दा यथास्थितिवादी शक्ति हावी हुँदै गएको प्रश्न उठिरहेको सन्दर्भमा नागरिक समाजको भूमिका भनेको खबरदारी र साझेदारी गर्नु हो । अहिले राजनीतिक रूपान्तरणका निम्ति पनि नागरिक समाजले यही भूमिका निर्वाह गर्नुपर्छ ।

# पेट्रोलियम पदार्थको मूल्यबृद्धिको संकेत

**' कोमल भट्टराई**

राज्यको हरेक निर्णयले राज्यको चरित्र स्पष्ट गर्दछ । राज्यले गरेको निर्णयबाट कुन वर्ग लाभान्वित हुन्छ  या हानीमा पर्छ भन्ने कुराले नै सरकार जनपक्ष या जनतामारा भनेर छुट्याउन पनि सकिन्छ । हुनत, सरकारको एकदुई निर्णयले राज्यको चरित्र त प्रतिबिम्बित हुन सक्दैन तैपनि महशुस गर्न सकिन्छ । यस प्रसंगमा वर्तमान पेट्रोलियम पदार्थको मूल्य कसको हितमा छ भन्ने पत्ता लगाउन जरुरी भएको छ ।

हालको सरकार १९९० पछि विश्वमा चलेको तेस्रो छालबाट स्थापित उदारवादी संसदीय व्यवस्थाको विसंगतिलाई सच्याउन प्रतिबद्ध हुन्छ कि भनी अपेक्षा गरिएको सरकार हो । यस पटकको जनआन्दोलन र हाल आन्दोलित जनताको अपेक्षा वर्तमान सरकारले राज्यलाई लोककल्याणकारी राज्यमा परिणत गरोस् भन्ने पनि रहेको छ । हुनत, हालको पेट्रोलियम पदार्थको मूल्यबृद्धिलाई जनताको शसक्त विरोधका कारण स्थगन गरेर जनमागलाई पूरा गरेको अर्थ लगाइएको छ, तरपनि वर्तमान पेट्रोलियमको मूल्य सूचिलाई विश्लेषण गर्ने हो भने यो सरकार बहुसंख्यक गरिबका हितप्रति प्रतिबद्ध नरहेको र यो लोककल्याणकारी राज्यका स्थापनार्थ सहयोगी हुन नसक्ने पनि संकेत दिएको छ ।

यस महिना बृद्धि गरिएको मूल्यलाई नेपाल सरकारले नेपालमा मध्यमवर्गीय आन्दोलन शसक्त भइरहेका वखत र ती मध्यमवर्गको सक्रिय समर्थनमा शहरी गरीबको शसक्त प्रतिरोधको कारण फिर्ता लिएको छ । यसरी तीन दिनको विरोधका कारण मूल्यबृद्धिको निर्णय फिर्ता लिनु वर्तमान सरकार कमजोर भएर मात्र हो, गरिबप्रति संवेदनशील भएर होइन । सरकार र सवैजसो संचार माध्यमले यस आन्दोलन अवधिभर उदारवादी सिद्धान्त अनुसार "आयल निगमको अव्यवस्थापनको कारण निगम घाटामा गएको", "राज्यले व्यापार गर्नु नहुने" भन्ने तर्क दिदै यस सार्वजनीक संस्थानलाई निजीकरण गर्नुपर्ने सूचना प्रेषित गरिरहे । यस प्रचार अभियानमा सरकार, तेलमाफिया र तेल डिलरमात्र होइन, संचार माध्यम पनि संलग्न रहे । यसैकारण आम जनसमुदायमा आयल निगमलाई निजिकरण गर्नासाथ पेट्रोलियम पदार्थको मूल्य सस्तो हुनेछ भन्ने भ्रम समेत पर्न गएको छ । यस भ्रमलाई चिर्न हालसालै नेपाल आयल निगमले प्रचारमा ल्याएको मूल्यसूचिको राम्ररी अध्ययन गर्नु आवश्यक भएको छ ।

यस सूचिलाई राम्ररी अध्ययन गर्ने हो भने नेपाल आयल निगमको नाममा वितरण हुने पेट्रोलियम पदार्थबाट कसरी कसलाई नाफा र कसलाई घाटा भइरहेको स्पष्ट हुन्छ । यही भाद्र १५ का विभिन्न पत्रिकाहरूमा आयल निगमका कर्मचारी समूहद्वारा प्रचारित विज्ञप्तिमा पनि निगमलाई घाटामा पारेर निजीकरण गर्ने अभिप्रायका साथ यी कामहरू भइरहेका छन् भन्ने दावी गरिएको छ । यस कार्यमा सरकार तेल माफियाको चंगुलमा परेको संकेत पनि दिइएको छ । ती  दावीहरूमा केही सत्यता पनि देखिन्छ ।

सोही विज्ञप्तिलाई आधार मान्ने हो भने सरकारले विभिन्न पटक अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बृद्धि हुँदा समयमा मूल्य समायोजन नगर्दा नेपाल आयल निगमले आ.व. २०५७/५८ सम्म निगमको नगद संचिति रु. ५ अर्ब २० करोड गुमाउनु परेको छ । सो कथनले आ.व. २०२७/५८ सम्म आइपुग्दा निगमसँग नगद शून्य रह्यो । हाल १४ अर्ब ५५ करोड ऋणमा परेको देखाएको छ ।

करीब १५ अर्ब ऋण बोकेको अवस्थामा पनि जनताको सडक आन्दोलनको कारण सरकार खासगरी उदारवादका पक्षधरका अर्थमन्त्रीले तेलको मूल्य बृद्धि फिर्ता लिएका छन् । हाललाई उदारवादी र तेललाई निजीकरण गर्नुपर्ने आवाज मिलाउने तेलमाफियाहरू पनि पराजित बनेका छन् । तर, यसो भनेर अहिले पनि जनताले सुपथ मूल्यमा तेल उपभोग गर्न पाइरहेका छन् भन्ने होइन । अहिलेकै मूल्यसूचि पनि गरिबमारा छ र धनीका लागि उपयुक्त छ ।

वर्तमान कायम मूल्यबाट नेपाल आयल निगम घाटामा गएको भएपनि सरकार प्रशस्त नाफामा छ । हामीले के भुल्नु हुदैन भने आयल निगम सरकारको स्वामित्वको सार्वजनिक संस्थान हो । यसकारण सरकारले तेल बेच्दा पाउने राजस्व र करबाट तेल निगमको घाटा पूर्ति गर्नु पर्दछ । यो लोककल्याणकारी राज्यमा सर्वत्र अभ्यास हुने गरेको छ । यदि राज्यले तेल निगमको घाटा पूर्ति नगर्ने हो भने तेलमा लगाइएको राजस्व र कर असूली रोक्नु पर्दछ । जसरी औषधिमा राजस्व र कर छूट गरिएको छ (यहीकारण पनि नेपालमा अहिलेसम्म औषधिको मूल्य सस्तो पनि छ) त्यसरी नै तेलमा पनि राजस्व र कर छूट दिइनु पर्दछ र तेललाई सुपथ बनाइनु पर्दछ (साथै तेलको वैकल्पिक उर्जाको खोज र प्रयोगका लागि कार्य सुरु गरिनु पर्दछ) । तर, नेपाल सरकारले कर र राजस्व छूट होइन, आयल निगमलाई घाटामा पार्ने मनशायस्वरूप पेट्रोलियम पदार्थमा मट्टितेलमा बाहेक अन्यमा ज्यादै उच्च दरमा करीव ३४ देखि ७१ प्रतिशतसम्म कर तथा राजस्व लिइरहेको छ । त्यसमाथि जनतालाई छूट दिएका छौं भन्नका लागि आयल निगमलाई भार खेप्न लगाइएको छ । जसअनुसार शहरका मध्यम/उच्च वर्गलाई खुसी राख्न सो वर्गको पहुँच भएको र प्रयोग गर्ने ग्यासमा नेपाल आयल निगमलाई ४१.४३ प्रतिशत घाटा बोकाइएको छ भने अरू पदार्थमा सालाखाला २४ प्रतिशत घाटा बेहोर्न लगाएको छ । यदि सरकारले औषधिमा जसरी तेलमा कर र राजस्व नलगाउने हो भने मट्टितेलमा बाहेक अन्यमा घाटा बेहोर्न पर्दैन र पेट्रोलको मूल्यले मट्टितेलको घाटा पूर्ति गर्ने मात्र होइन, निगम राम्ररी नाफामा जान सक्दछ ।

जनतालाई सहुलियत दिन निगमलाई भार खेप्न लगाइएपनि सरकारले तेल डिलरलाई अन्य मुलुकमा प्रचलित मुनाफा भन्दा बढि मुनाफा दिइरहेको छ । सो मुनाफा शाही सरकारले दिएको भने पनि वर्तमान सरकारले खोस्न सकेन । यसरी तेलका डिलरहरूले पेट्रोलियम पदार्थमा प्रति लिटर ३.०५ पैसा नाफा लिइरहेका छन् । र आयल निगम प्रतिसिलिन्डर रु. २६२.७४ घाटामा छ भने ग्यासका डिलर प्रतिसिलिन्डर रु. १८१.२८ लिइरहेका छन् । यो अवस्थालाई रोक्न नसक्नु राज्यको दलाल पूँजिवादी चरित्रको प्रतिविम्व नै हो ।

यस सन्दर्भको उल्लेख गरिरहँदा नेपालका सार्वजनिक संस्थानहरूको अव्यवस्थापनको बारेमा आँखा चिम्लन हुँदैन । यसैगरी हरेक सरकारको भ्रष्टाचार गर्ने थलो यिनै सार्वजनिक संस्थानहरू पनि हुन् भन्ने हेक्का राखिनु पर्दछ । अन्तमा, यस पटकको मूल्य बृद्धिले आयल निगमलाई निजीकरण गर्ने सरकारको प्रयत्न, मौज्दात तेलमा भ्रष्टाचार गर्ने अल्पकालिन स्वार्थ त छदैंछन् त्यो भन्दा बढि हाम्रो सानो मुलुकलाई लोककल्याणकारी राज्य बन्न नदिनमा राष्ट्रिय-अन्तर्राष्ट्रिय उदारवादका पक्षधरको प्रत्यक्ष-अप्रत्यक्ष स्वार्थहरू रहेका छन् भन्ने कुरालाई राम्ररी स्मरण गरिनु पर्दछ ।

# सामुदायिक वन : समस्या र समाधान

**‘ आनन्दप्रसाद पोखरेल**

जनता सार्वभौमसत्ता सम्पन्न छन् । राजकीयसत्ताका स्रोत जनता हुन् । जनप्रतिनिधिहरूको सर्वोच्चता हाम्रो राजनीतिक अभीष्ट हो भने प्राकृतिक स्रोतमाथि जनताको सम्प्रभुता कायम गर्नु पनि सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको नैसर्गिक अधिकार हो । तर, यो अधिकार लोकतन्त्रको अपहरणसँगै अपहरित भएकाले लोकतन्त्रको बहालीसँगै सामुदायिक वन उपभोक्ता महासङ्घले उठाएका मुद्दा सम्बोधन हुनुपर्दछ भन्ने माग उठिरहेको छ ।

०४६ को जनआन्दोलनले सीमित प्रजातान्त्रिक अधिकार बहाली गऱ्यो भने ०४९ को वन ऐनले वन स्रोतमाथिको अधिकार, पहुँच र स्वामित्व स्थानीय उपभोक्तामा हस्तान्तरण हुनुपर्छ भन्ने नयाँ मान्यता ल्यायो । त्यही मान्यताले सामुदायिक वन विकासको सुरुवात गऱ्यो । जनताको हातमा अधिकार र जिम्मेवारी आएपछि उजाड पाखाहरू छोटो अवधिमा नै हराभरा हुँदै गए । सामुदायिक वनको अवधारणापछि ‘हरियो वन नेपालको धन’ भन्ने नारा ‘सामुदायिक वन समुदायको धन’ मा परिणत हुन थालेको छ । प्रजातान्त्रिक अभ्यासमा सामुदायिक वन उपभोक्ता समूह अघि बढिरहेका छन् ।

आज समूहमा मालिक र नोकर छैनन्, सबैको समान हैसियत छ । महिला, पुरुष, जनजाति, दलित सबैले सम्मान पाउन थालेका छन् । समुदायिक वन समावेशी प्रजातान्त्रिक अभ्यासमा राज्यसत्ताभन्दा अब्बल ठहरिँदैछ । सार्वभौमसत्ता र स्वशासनको सवालमा सामुदायिक वनको भूमिकालाई लोकतान्त्रिक पद्धति मान्न सकिन्छ । प्रजातन्त्र, सुशासन, मानवअधिकार र पारदर्शिताको अनुपम नमुनाका रूपमा सामुदायिक वनले मुलुकभित्र मात्र होइन, बाहिर पनि चर्चा पाउँदै आएको छ । नीति निर्माताले समेत सामुदायिक वनलाई दृष्टिगत गरी योजना बनाउन थालेका छन् ।

जब सामुदायिक वन उपभोक्ताहरू सशक्त हुँदै गए, तब सामुदायिक वनविरोधीहरूले सामुदायिक वनमाथि नाङ्गो हमला सुरु गरेका छन् । मुलुकमा राजाले प्रजातान्त्रिक अभ्यास अवरुद्ध पारेपछि सामुदायिक वनका हक अधिकार खोसिने क्रम सुरु भएको थियो । सार्वभौमसत्ता खोसिएपछि मुलुक जनप्रतिनिधिविहीन मात्र बनेन, गरिब समुदायले दुःखसाथ संरक्षण गरेको वनको

आम्दानीमा कर लगाउने कानुनसमेत ल्याइयो । उपभोक्ताहरूमा हस्तान्तरण गरी संरक्षित गरेको जङ्गलबाट साल र खयरमा अझै पनि १५ प्रतिशत कर लगाउने निर्णय गरेर सरकारले उपभोक्ताहरूको प्राकृतिक स्रोतमाथिको सार्वभौमिकतामा आर्थिक हस्तक्षेप गरेको छ । समूहहरूलाई आर्थिक लागाम लगाउने सरकारमा समूहविरोधी रवैया देखा पर्‍यो र तराईका वनका लागि साझेदारी वन व्यवस्थापनका चिप्ला कुरामा उपभोक्ताहरूलाई अल्झाउने प्रयास गरी घुमाउरो पाराले उपभोक्ताहरूको वनमाथिको अधिकार सङ्कुचन गरेको छ । वनमाथि चरणबद्ध आक्रमणको नमुनाका रूपमा उपभोक्ता समूहको खाता रोक्ने र जनताको अनुमतिबिना जनताले जोगाएको वन सुरक्षा निकायले फडानी गर्नेलगायतका काम भएका छन् ।

विगत १२ वर्षदेखि सशस्त्र द्वन्द्वरत माओवादी विद्रोहीले स्थानीय नयाँ सत्ताका नाममा जनसरकारलाई वन संरक्षण र व्यवस्थापनको जिम्मा दिइएको छ । उपभोक्तालाई केवल संरक्षण गर्ने खेताला र भरियाका रूपमा परिभाषित गर्न खोजिएको छ । समूह र सहयोगीलाई काम गर्न दिइएको छैन । यसबाट विगतका मालिक विस्तारै सर्वसाधारण बन्ने प्रयत्नमा रहे पनि पुनः उनीहरूलाई चारैतिरबाट मालिक नै बनाउन उद्दत रहेको पुष्टि हुन्छ । वन हस्तान्तरण प्रक्रिया अवरुद्ध गराइएको छ, जसबाट सामुदायिक वन उपभोक्तामा नैराश्यता छाउन थालेको छ । विगतमा नभोगेको अप्ठ्यारो सामुदायिक वन समूहले अहिले भोगिरहेका छन् । पुरानो र नयाँ सत्ताको भाषाशैली फरक देखिए पनि समुदायहरूले एकै किसिमको अनुभव गर्न थालेका छन्, जसको असर प्रत्यक्ष रूपमा गरिबीको रेखामुनि रहेका उपभोक्तामाथि नै परेको छ ।

**लोकतान्त्रिक आन्दोलन र सामुदायिक वन**

समुदायिक वन उपभोक्ता महासङ्घले सामुदायिक हकअधिकर तथा वनमाथिको स्वमित्वका लागि मात्र आन्दोलन गरेन, सात राजनीतिक पार्टीको पूर्ण लोकतन्त्रको बहालीको आन्दोलनमा मुलुकभरका लाखौं सामुदायिक वन उपभोक्ताहरूले आफ्नो छुट्टै पहिचानका साथ आन्दोलनमा उत्रन आह्वान गरेअनुसार देशभरि नै सशक्त र प्रभावकारी ढङ्गले आन्दोलनमा सहभागी भएका छन् । उनीहरूले नेतृत्व गरेका छन्, जेल भरेका छन् र प्रहरी दमनको सिकार भएका छन् । यसपटकको जनआन्दोलनमा सामुदायिक वन समूह परिचालन गर्ने योद्धाहरू लोकतान्त्रिक आन्दोलनको अगुवा र नेता भएका छन् ।

लोकतन्त्र पुनःबहालीको क्रमसँगै बनेको नयाँ सरकारले सामुदायिक वन उपभोक्ता महासङ्घले लोकतान्त्रिक आन्दोलनको समयमा उठाएका सवालहरू पूरा गर्नु आन्दोलनकारी शक्तिहरूको दायित्व र महासङ्घको अधिकार भएको तथ्यलाई कसैले पनि बिर्सनुहुँदैन । यसका लागि सामुदायिक वन उपभोक्ता महासङ्घले सामुदायिक वनविरोधी साझेदारी वन व्यवस्थापन दिग्दर्शन-०६०, जिल्ला वन समन्वय समितिको सञ्चालन निर्देशिका-०६२ खारेजीको माग गरेको छ । साझेदारी वनलाई बलियो बनाउन भूमिका खेलेका यी प्रावधानसहित ३४ सूत्रीय माग राखी सामुदायिक वन उपभोक्ता महासङ्घले आन्दोलन गरिरहेका छन् । गत साउन १८ गते आफ्ना मागसहित सिंहदरबार घेराउ कार्यक्रम राखेपछि वर्तमान सरकारका वन राज्यमन्त्रीले सामुदायिक वन उपभोक्ता महासङ्घले उठाएका साझेदारी वन व्यवस्थापन दिग्दर्शन-०६० र जिल्ला वन समन्वय समितिको सञ्चालन निर्देशिका-०६२ खारेज गर्नेलगायत आठ सूत्रीय माग तत्काल पूरा गर्ने सहमति गरेका थिए । तर, सामुदायिक वनविरोधी वन मन्त्रालयका वन माफिया, परियोजनाका कर्मचारी, वन तस्कर तथा केही तराई र पहाडबीच भ्रम फैलाउने तत्त्वहरूको विरोधका बहानामा सामुदायिक वन उपभोक्ता महासङ्घसँग सम्झौता गरेको दुई साता पनि बित्न नपाउँदै सो सहमति खारेज गरी वन मन्त्रालयले साझेदारी वन पक्षधरहरूसँग नयाँ सम्झौता गर्‍यो । मुलुकमा साझेदारी वन भनेको तराईको र सामुदायिक वन पहाडको भन्ने भ्रम सिर्जना गर्न वन मन्त्रालयले नेतृत्व गर्‍यो । तर, यथार्थमा सामुदायिक वन उपभोक्ताहरूको र साझेदारी वन राज्यको हो । सरकारले जनताको हातबाट वन अधिकार खोसी वनलाई राज्यको बनाउन तराई र पहाडको मुद्दा खडा गर्नु जति नालायकी, गैरजिम्मेवार र जनद्रोही कार्य अरू हुन सक्दैन । सामुदायिक वन उपभोक्ता महासङ्घले सरकारको गलत निर्णयको विरुद्धमा भदौ १ गतेदेखि मुलुकव्यापी शान्तिपूर्ण आन्दोलन गरिरहेको छ । यदि सरकारले महासङ्घको मागलाई समयमा नै सम्बोधन नगरे ७३ जिल्लामा सङ्गठित उपभोक्ताहरूको सङ्गठित शक्ति भोलि आफ्नो अधिकारका लागि लोकतान्त्रिक सरकारको विरुद्ध उत्रन सक्नेछ ।

**सामुदायिक वनको योगदान**

सामुदायिक वनले वनको हैसियत र क्षमताको मात्र विकास नगरी सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, सांस्कृतिकलगायतका क्षेत्रहरूमा योगदान पुर्‍याएको छ । यसले वनको क्षमता र हैसियतमा वृद्धि, सहभागितामूलक निर्णय प्रक्रियाको थालनी, विकासमा समूह परिचालनलगायतका काम गरेको छ । साथै, सामाजिक विकासका लागि समूहले आफ्नो आम्दानी खर्च गरी १६ वटा मन्त्रालयले गर्ने काम सामुदायिक वन उपभोक्ता समूहले गरेको तथ्य अनुसन्धानले देखाएको छ । राज्यले अहिलेसम्म अभ्यास नगरेको समावेशी लोकतन्त्रको अभ्यास उपभोक्ता समितिमा ५० प्रतिशत महिला र १५ प्रतिशत दलित राखेर गरिएको छ । गरिब तथा विपन्नमुखी विकास अवधारणाको थालनी भएको छ । प्रजातन्त्र भनेको सुनिने र देखिने मात्र नभएर प्रत्यक्ष सहभागितामूलक हुनुपर्छ भन्ने मान्यतालाई वन उपभोक्ता महासङ्घले आत्मसात गरेको छ । हरेक तहमा नेतृत्व विकासको अवसर र विकेन्द्रीकरणको कार्यान्वयन, सुशासन, पारदर्शिता, जवाफदेहीताजस्ता उदाहरणीय प्रजातन्त्रका नमुना सामुदायिक वनमा पाइन्छ । यस अर्थमा, सामुदायिक वन सामुदायिक सद्भाव र एकता, सामाजिक न्याय र समानताका लागि नेतृत्व गर्ने सङ्गठनको रूपमा स्थापित छ ।

**सामुदायिक वनमाथिको आक्रमण**

सामुदायिक वन नेपालका लागि मात्र राम्रो नभई विश्वका लागि पनि जनसहभागिताको अनुपम नमुना हो । यसमा १४ हजार समूहअन्तर्गत ९० लाख जनता सङ्गठित भई वन संरक्षण, व्यवस्थापन र उपयोग गरेका छन् । राष्ट्रिय तथ्याङ्कलाई हेर्ने हो भने अहिलेसम्म २० प्रतिशत वन मात्र उपभोक्ताहरूलाई हस्तान्तरण गरिएको छ, बाँकी ८० प्रतिशत जङ्गल सरकारको हातमा छ । उपभोक्ताको मागअनुसार वन हस्तान्तरण भएको छैन ।

राम्रोबीच नराम्रो र नराम्रोबीचमा राम्रो हुनु नै वस्तुहरूको अस्तित्व र परिवर्तनको द्योतक हो । सामुदायिक वनका राम्रा पक्षहरूभित्र केही नराम्रा पक्ष हुनु स्वाभाविक हो । यसमा केही नीतिगत र व्यवहारगत समस्याहरू रहेका छन् । नेपालका दक्षिणको तराईमा बस्ने जनता वन स्रोतबाट क्रमशः विमुख हुने अवस्था सिर्जना गराइएको छ । त्यसैले उनीहरूलाई स्रोतको नजिक रहेका उपभोक्तासरह वा केही कम हिस्सामा वन स्रोतमाथिको अधिकार पाउनुपर्छ । यो नपाइरहेको र सरकारले समूहलाई उपयुक्त व्यवस्था गर्न नदिएको अवस्थामा स्रोतबाट वञ्चित जनताले स्रोतमाथिको अधिकारको दाबा गर्नु अत्यन्त जायज छ । यसो हुनुमा वन मन्त्रालयको केन्द्रीकृत सोच, जनताको अधिकार खोसी वन सरकारको बनाउने बहाना, मुलुकमा देखापरेको द्वन्द्व, राजनीतिक अस्थिरता र वन माफिया तस्करको चलखेल नै कारक हो । यसलाई सच्याउन नजिकका उपभोक्ताहरूलाई 'क' वर्ग र केही टाढाका उपभोक्तालाई 'ख' वर्गमा विभाजन गरी वन स्रोतलाई लगानी र सहभागिताका आधारमा वन पैदावारको निर्बाध आपूर्ति उपभोक्ताहरूमा गरिनुपर्छ । बाँकी वनपैदावार मात्र जिल्लाबाहिर बिक्री-वितरण गरिनुपर्छ । त्यसबाट आउने मुनाफाको हिस्सेदार दुवै समूहमा पुग्नुपर्दछ । यसो गरेमा कुनै समस्या नै रहँदैन । सरकारले यसो गर्नुको बदला स्रोतभन्दा टाढा भएका जनतालाई भड्काउने गरी पहाड र तराईको मुद्दा खडा गर्ने उपभोक्तालाई विभाजन गर्ने, वनलाई सरकारीकरण गर्न मनसायले साझेदारी वनको नाटक रची वन सबैको भनी नौटङ्की प्रदर्शन गर्ने र दक्षिण तराई तथा वनबाट टाढा रहेका उपभोक्ताहरूलाई वन पैदावारबाट विमुख हुनुमा सामुदायिक वनलाई दोष दिई आफू मुक्त हुने सरकारी रवैयाका कारण मुलुकमा सामुदायिक वन र साझेदारी वनको मुद्दा खडा गराइएको हो । यो मुद्दा वन मन्त्रालयका केही कर्मचारी, वन तस्कर, काठका डिपोवालाहरू, केही दाताहरू, तराई र पहाडको सद्भाव देख्न नचाहने केही तत्त्वहरू र भ्रष्ट मनोवृत्तिका व्यक्तिहरूले उछालेका छन् । यसैको बहकाउमा स्वयम् लोकतान्त्रिक सरकारका वनराज्यमन्त्री पनि हिस्सेदार बनेका छन् ।

सामुदायिक वनको अभियानमा केही गलत अभ्यास पनि भएका छन् । सीमित सामुदायिक वनको नेतृत्वले प्राप्त अधिकारको दुरूपयोग गर्दै कार्ययोजनाविपरीत कर्मचारी, ठेकेदार र समूहका नेता मिली वन फडानीमा संलग्न हुने र वनबाट प्राप्त आर्थिक स्रोतलाई निजी स्वार्थमा प्रयोग गर्नेजस्ता कार्य डडेल्धुरा, बाँके, मकवानपुर, उदयपुर र सप्तरी जिल्लामा केही उपभोक्ता समूहको नेतृत्वबाट भएको व्यापक चर्चा छ । महासङ्घमा टाठाबाठा र पहुँचवाला मात्र निर्वाचित हुन गलत संस्कारको सुरुवात भएको पनि गुनासो रहेको छ । विपन्न र पछाडि पारिएका वर्ग त्यहाँ पनि पछाडि नै पारिएको कुरा थोरै मात्रामा सुन्न पाइन्छ । महासङ्घले यी प्रवृत्तिगत गलत कुरालाई निरुत्साहित गरी तत्कालै सम्बोधन गरिनुपर्छ । सामुदायिक वनको मूल्य र मान्यताविपरीत जाने समूह र नेतालाई कारबाही गर्ने, सदस्यता खारेजी गर्ने, समूह निलम्बन गर्ने र भ्रष्टलाई सामाजिक बहिष्कार गर्नेलगायतका कारबाही अगाडि बढाए यो समस्या सामुदायिक वनमा आउनै सक्दैन । केवल यी सानातिना समस्याहरू सामुदायिक वन अभियानको उत्कृष्टताका अगाडि निकै सामान्य हुन् । यी हाम्रो समाजमा विद्यमान वर्गीय उपजका रूपमा विकसित भएका गलत र भ्रष्ट प्रवृत्ति सामुदायिक वनमा प्रकट मात्र भएका हुन् । यसको विरुद्ध समूहले जनअभियान, दण्ड र जरिवानाको संस्कृतिको विकास गरिनुपर्छ न कि सामुदायिक वनको विरुद्धमा साझेदारी वनको विकल्प ।

विडम्बना प्राकृतिक स्रोतमाथि जनताको निर्बाध स्वामित्वको माग गर्दै नयाँ संविधानमा यसको व्यवस्था गर्नुपर्छ भन्ने जोडदार आवाज उठेका बेला स्वयम् वनराज्मन्त्रीले सामुदायिक वनका विरुद्धमा साझेदारी वनको पक्षमा फैसला दिई नेपाली जनताई स्रोतको अधिकारबाट वञ्चित गरी पञ्चायतकालमा अगाडि सारिएको भरिया नीतिलाई अङ्गीकार गरी प्राकृतिक स्रोतमा जनअधिकारमा सरकारले ठाडो हस्तक्षेप गरेको छ । साझेदारी वनका नाममा सबै जनतालाई सबै वन भन्दै वनमाथिको अधिकार जनताबाट खोसिएको छ । यसबाट नेपाली वन उपभोक्ता मात्र होइन, सामुदायिक वनलाई माया गर्ने विश्व जनमत वर्तमान लोकतान्त्रिक सरकारका वनमन्त्रीका विरुद्धमा उभिएको छ । जनताको वनमाथिको अधिकार खोसेको ३० साउन २०६३ लाई वन उपभोक्तहरूले इतिहासमा कालो दिनका रूपमा अङ्कित गरेका छन् । समूहका अधिकारद्रोही वनराज्यमन्त्रीलगायत सबैको राजीनामा र बर्खास्तीको माग गरेका छन् ।

**नेपाली जनताको अभिभारा**

नेपाली जनतालाई लोकतन्त्र, मानवअधिकार र सामाजिक न्यायका पक्षमा सचेत गराउने सामुदायिक वन उपभोक्ता समूहहरू आफ्नै अधिकारबाट छेउ लागेका छन् । स्रोतमाथिको निर्बाध स्वामित्वका लागि ३० साउनको कालो दिनको विरुद्ध भदौ १ गतेबाट अधिराज्यव्यापी शान्तिपूर्ण सडक आन्दोलनमा उत्रेका छन् । वन मन्त्रालयको दम्भ घटेको छैन, वनमन्त्री र उनका कम्पनीहरू नाजायज लाभ लिन परिचालित छन् । वन मन्त्रालयको सामान्य क्रियाकलाप बुझ्ने विज्ञहरू सात दल र सरकारमाथि प्रश्न उठाइरहेका छन् । वन मन्त्रालयको जनविरोधी क्रियाकलापलाई रमिते बनेर हेर्ने प्रतिनिधिसभा र वातावरण समितिलाई औंलो ठड्याएका छन् । मुलुकमा राजतन्त्र एउटा मात्र छ भनेको तर त्यस्ता राजतन्त्र धेरै रहेछन् । अहिले वनमन्त्रीले त्यही राजतन्त्रको दम्भ प्रदर्शन गरिरहेका छन् । मुलुकमा संविधानसभामार्फत गणतन्त्र स्थापना गर्न जसरी जनता आन्दोलित छन्, त्यसैगरी वन उपभोक्ता महासङ्घ पनि वन मन्त्रालयभित्रको राजतन्त्रको अन्त्यका लागि र १६ साउनको सम्झौता कार्यान्वयन गरी बाँकी २६ सूत्रीय माग पूरा गराउन कटिबद्ध छ । यो आन्दोलन प्राकृतिक स्रोतमाथिको जनताको अधिकार पक्षधर र विपक्षहरूको बीचको आन्दोलन हो । त्यसैले यो आन्दोलन स्वत: लोकतन्त्र, मानवअधिकार, मौलिक हकसँग जोडिएको आन्दोलन हो । प्राकृतिक स्रोतमा जनताको स्वामित्व कायम गर्न लड्ने सबै नेपाली जनताको आन्दोलन हो । जल, जमिन, जङ्गल, ऊर्जा, खनिज, जडीबुटीमाथि जनताको पहुँच कायम नभएसम्म यो आन्दोलन जारी रहनेछ । वन उपभोक्ता महासङ्घ मात्र होइन, उपभोक्ताका पक्षमा काम गर्ने विभिन्न महासङ्घहरू नागरिक समाज र राजनीतिक दलहरूसमेतले आन्दोलनमा सहभागिता जनाउनुपर्छ । यदि वर्तमान लोकतान्त्रिक सरकार जनअधिकारको पक्षपाती हो भने वन मन्त्रालयमा हस्तक्षेप गरी यो समस्या तत्कालै समाधान गरिनुपर्छ ।

# घर छ/घर छैन

' विष्णु रिजाल

कैयौँ दिनसम्म रमेश एकान्तमा घोरियो । आफ्नो विवेकले भ्याएसम्म के गर्दा राम्रो होला भनेर उसले दिमाग खियायो । तर, निष्कर्ष उस्तै निस्कियो । अगाडिका सबै विकल्पहरू एकपछि अर्को गर्दै बन्द भएपछि विदेशिनुबाहेक उसले कुनै उत्तम उपाय भेटाएन । "दुई-तीन वर्ष त दुःख हुने हो नि ! त्यसपछि त आफ्नो गाउँ-ठाउँ छँदैछ ।"- मन नपरेको निष्कर्षमाथि उसले कठोरतापूर्वक साहस भऱ्यो । र, त्यो कठोर निष्कर्ष आमालाई सुनायो ।

आमाको मायालु मन निकै अमिलियो । आँखाभरि आँसुको दह सँगालेर आमाले रमेशको मुखतिर हेर्दा ऊ पनि कम भावुक देखिएको थिएन । आमाले केही भन्न नपाउँदै रमेशले आफैँ मुख खोल्यो- "धेरै कमाउन सकिएन भने पनि लागेको ऋण मात्रै तिर्न पाइयो भने कति आनन्द हुन्थ्यो ! फेरि म सधैँभरिका लागि जान पनि कहाँ लागेको हुँ र !"

रमेशको अनुहारमा छचल्किएको जिम्मेवारीबोधको भारले आमाको वाक्य नै फुटेन । बाबाले लगाएको ऋण तिर्न नसकेर छोराको जुनी अभावैअभावमा बित्ने भयो भन्ने चिन्ताले आमाको मन पनि नकुँडिएको होइन । केही नबोलेर आमा भान्सातिर लागेपछि रमेशले अनुमति पाएको निष्कर्ष निकाल्यो ।

तर, रमेश त्यो रातभरि सुत्न सकेन । मानसिक अन्तरद्वन्द्वको तुँवालोमा ऊ निकै अल्मलियो । के ठीक, के बेठीक ? छुट्याउन नसकेर ऊ छट्पटियो । त्यो गाउँका लागि विदेश भन्नु नै भारत हो भन्ने रमेशले बुझेको थियो । भारतका अल्मोडा, हल्दुवानी, नैनीताल, मनाली, रानीखेतलगायतका ठाउँहरू नै बाहिरिने युवाहरूका गन्तव्य हुन् । कहिल्यै नगएका तर जीवनमा कैयौँपटक सुनेका यी नामहरूका बारेमा उसले अनेक कल्पना गऱ्यो । कस्तो होला, के होला भन्ने जिज्ञासाले उसको निद्रालाई पनि पराजित गरिदियो ।

रमेशको मन त्यतिबेला झन् द्रवित भयो, जतिबेला उसको मनमा घरको भयावह तस्बिर आयो । सम्भावित दुर्घटनाका पूर्वकल्पनाहरूबाट ऊ कहालियो । तर, ऊ ती अनिष्टहरूबाट जतिजति भाग्न चाहन्थ्यो, तिनले उसलाई त्यतित्यति लखेटिरहन्थे ।

ooo

वास्तवमा ऊ यो परिवारमा नजन्मिँदो हो त घर, परिवार र व्यवहारका बारेमा उसले यति धेरै चिन्ता लिनुपर्ने बेला नै थिएन यो । भर्खर १८ वर्ष काटेको किशोरले व्यावहारिक जीवनको म्याराथनमा यसरी कुद्नु स्वाभाविक घटना थिएन । तर पनि, यसो नगर्ने हो भने कि उसले आत्महत्या गर्नुपर्थ्यो कि त जोगी हुनुपर्थ्यो । यी दुवै विकल्प उसका लागि प्रिय थिएनन् ।

रमेशले औपचारिक शिक्षाका नाममा तीन बर्ष मात्रै खर्चेको थियो । तर, पनि ऊ चाउरिँदै गएको आमाको अनुहार दिनदिनै पढ्थ्यो । त्यो अनुहारमा ऊ बाबुसमेतको जिम्मेवारी निर्वाह गर्दा आमाले भोग्नुपरेका पीडा, व्यथा र दुःखको सागर भेटाउँथ्यो । "आमाको यो मुहार खुसी बनाउन पाए........" कल्पनाले मात्रै पनि ऊ मनमनै रोमाञ्चित हुन्थ्यो ।

तर वास्तविक जीवनको बाटो उसले गरेको कल्पनाभन्दा निकै परैबाट छुटिन्थ्यो । आफूले पढ्न नपाएको घाटा ऊ भाइबाट पूर्ति गराउन चाहन्थ्यो । अझ बहिनीलाई पनि दुई-चार अक्षर पढाउन पाएको भए आफ्नो जीवनको सार्थकता पूरा हुने उसको अपेक्षा थियो । समग्रमा यही लक्ष्य पूर्तिका लागि ऊ आफ्नो माटो छोड्ने अप्रिय निष्कर्षमा पुगेको थियो ।

घर छोड्ने अघिल्लो रात उसको मनमा अनेक तर्कनाहरूको सागर नै उल्टियो । आफ्नो बाल्यकाल, साथीभाइ र गाउँघरको सम्झनाले ऊ भावविह्वल बन्यो । घर छोड्ने मन त उसको पनि थिएन । तर, असमयमै बाध्यताको कोलमा पेलिएको रमेशका लागि त्यसभन्दा सुगम कुनै अर्को बाटो थिएन । उमेर ढल्कँदै गरेकी आमा र हाँस्ने-खेल्ने उमेरका अबोध भाइबहिनीको भविष्यको जिम्मेवारी काँधमा राखेर उसले आफ्नो निर्णयमा प्राण भऱ्यो ।

घर छोड्ने बेलामा आमाको आँखाबाट बर्सिएका आँसुले उसको मन नपग्लिरहन सकेन । जति कठोर हुन्छु भने पनि उसको मन ढुङ्गाको थिएन । जन्मेदेखि काख नछोडेको छोरालाई विरानो ठाउँमा पठाउँदा कुन आमाको मन थामिएला र ? उसकी आमा पनि अपवाद हुन नसक्नु स्वाभाविकै थियो । भाइबहिनीले पनि आफूलाई वास्तविक टुहुरा त्यसै दिन ठाने । रमेशले घरभन्दा माथिको सिन्दुरे डाँडा काट्न्जेल उनीहरूले उसकै पदचिन्ह हेरिरहे ।

रमेशले घर छोडेको साँझ त्यो घर घोर सन्नाटाको घेराबन्दीमा पऱ्यो । न चुल्होमा आगो बल्यो न त कसैलाई भोक नै लाग्यो । आमाको चिन्ताग्रस्त अनुहारले बाँकी भाइबहिनीको भोक पनि हरायो । धेरै कुरा नबुझे पनि सँगै जन्मे-हुर्केको दाजुले घर छोड्दा उनीहरूलाई पनि खपिनसक्नुको पीडाबोध भयो । नयाँ नाना र किताबको माग ब्यर्थैमा किन गरेछौँ भन्ने ग्लानिले बालअनुहार रातो भयो ।

"बहिनीलाई अप्ठेरोमा घाँस काट्न नपठाउनू" भन्ने रमेशको भनाइले आमा झनै विह्वल बनेकी थिइन् । यो उमेरमा पनि अभिभावकीय जिम्मेवारीको यस्तो नमूना देखेर आमाको मनमा रमेशप्रति झनै श्रद्धा जागेर आएको थियो ।

"विरामी हुनुभयो भने सरसापट गरेर भए पनि औषधी गर्नुहोला, म आएपछि तिर्छु । चिठी पठाउँछु, मेरो चिन्ता नलिनुहोला ।" आफूलाई आश्सस्त पार्न रमेशले भनेका यी शब्दहरू आमाको कानमा बारम्बार झङ्कृत भइरहँदा उनको मन

किन थामिन्थ्यो र ? बेलुकी सुत्ने बेलामा हेर्छिन्- गुँड त्यही छ, चरी छैन । रमेश सुत्ने खाली चौको देखेर आमाले डाको छोडेर मातृत्व पोखिन् । कहाँ जाला, के खाला, कसले बाटो देखाइदेला र के गर्ला भन्ने चिन्ताले आमाको मायालु मनभरि हुण्डरी ल्याइदियो । वास्तवमा उनले यति धेरै पीडा त आफ्नो सिउँदोको सिन्दुर पुछिँदा पनि महसुस गरेकी थिइनन् ।

०००

रमेश परदेशिएपछि आमाको दुःखको आयतन बढ्न थाल्यो । घरपरिवारको जिम्मेवारी आफ्नो कलिलो काँधमा लिँदा रमेशले कति दुःख पाएको रहेछ भन्ने कुराको वास्तविकता त उनले बल्ल महसुस गरिन् । तर, वल्लतल्ल छ महिनामा रमेशको चिठी पाउँदा भने उनले आफ्ना सारा दुःख, पीडा र वेदना बिर्सिन् । "आराम छु, सोही चाहन्छु । भगवान केदारनाथले साथ दिए भने आउँदो दशैंमा आउनेछु" भन्ने बेहोराको रमेशको चिठीले त्यो दशैं पनि निकै टाढाभैँ लाग्यो उनलाई ।

तर दशैं पनि बाटो हेर्दाहेर्दै निराशा छोडेर बित्यो । गाउँका अरू कालापारेहरू फर्किंदा पनि रमेश नफर्केकोमा आमाको मनमा एकै पटक आशंका र हुण्डरीको कालो बादल मडारियो । दमले गाँजिएकी बूढी आमाप्रति ऊ यति धेरै लापरवाह त नबन्नुपर्ने हो भन्ने आमाको निष्कर्ष थियो । तर, आफ्नो निष्कर्षमाथि पर्दा हाल्दै परदेशको कुरा हो, विदा मिलेन होला भनेर उनले मन बुझाउने प्रयत्न गरिन् । नभन्दै दशैंको पूर्णिमाको दिन बिदा नमिलेको र छ महिनाको कमाई नमिलेको बेहोराको चिठी आइपुग्यो । खल्लो र नीरस हुँदै त्यो दशैंले पनि आफ्नो बाटो समात्यो ।

०००

रमेशको छटपटी पनि कम थिएन । कहिल्यै नदेखेको र नजानेको विरानो देशमा उसलाई दिन पनि रातजस्तै लागेको थियो । मान्छेहरूको भीड भएको त्यो शहर उसलाई शून्य, निर्जन र उजाड लागेको थियो । एक दिन उसका लागि एक महिना भएर तेर्सिन्थ्यो । उसको भौतिक शरीर मनालीको कुल्ली र चौकीदारीमा थियो । तर, मन, मष्तिष्क र कल्पना भने घर, आमा र भाइबहिनीसँगै थियो । बिहान झिसमिसेदेखि रातिको अन्धकारसम्म काम गर्दा पनि जस नपाउने नियतिको सामना गर्न नसकेर ऊ कैयौं पटक आजित भएको थियो ।

"जे सुकै होस्, बरु गाउँकै कान्लामा कोदो रोपेर पनि परिवार पाल्छु, यी धोतीहरूको चाकरी गर्दिनँ"-उसले यो निष्कर्ष एक पटक होइन, अनेक पटक निकाल्यो । तर, पनि ऊ परिस्थितिको दास बनेको थियो । आमालाई "आराम छु, सोही चाहन्छु" भनेर खबर पठाए पनि वास्तवमा न उसको मनमा आराम थियो न त तनमा नै । त्यसभन्दा पनि मुख्य कुरा नोकरीमा लागेदेखिको ज्याला उसले एक सुको पनि पाएको थिएन । ऊ विलखबन्दमा पऱ्यो- काम छोडौं, घर फर्किने खर्च छैन । नछोडौं खाई न पाई यहीँ जुनी बित्ने भयो ।

अन्ततः बर्ष दिनको पसिनाको माया मारेर उसले मनाली छोड्यो । अब यही मुख लिएर कसरी घर जाउँ भन्ने लाजले उसले हल्दुवानीमा काम खोज्यो । बल्लबल्ल ढुङ्गा बोक्ने काम पायो । तर, यस पटक भने साहूले नठग्दै ऊ थला पऱ्यो । साहूलाई केको माया ? एक महिना पनि नपुग्दै ऊ कामबाट निकालियो । "अस्पतालको बाहिर एक जना नेपाली बेवारिसे छ" भन्ने सुनेर त्यही काम गर्ने नेपालीहरूको संस्थाले गरेको सहयोगले ऊ निकै दिनपछि तङ्ग्रियो । तर, काम गर्नका लागि न उससँग बल थियो न त उत्साह नै । र, पनि ऊसँग एउटा कुरा थियो-बाध्यता । उसले बृद्धा आमा र आशामुखी भाइबहिनीको सपाट अनुहार सम्झ्यो र भाँडा माझ्ने निम्नस्तरको काममा जोतियो । आज पीडा पिएर भोलि सुख चुम्ने रहरका लागि उसले कति दुःखलाई आँसुका माध्यमबाट पचायो, कति पीडालाई नभोगेझैं गरी लत्यायो ।

आमाको संसार खुम्चिँदै थियो । ओरालो लाग्दै गरेको उमेर र उकालो लाग्दै गरेको निराशाले आमाको मानसिक मात्र होइन, शारीरिक क्षमतामा समेत ह्रास ल्याइरहेको थियो । यही मौका छोपेर आमामाथि विस्तारै दमले आफ्नो साम्राज्य विस्तार गऱ्यो । आमाको आँखाको नानीवरिपरि रमेशको अनुहार चौवीसै घण्टा नाच्न थाल्यो । उसले काम गर्ने ठेगानामा जति पटक चिठी पठाए पनि प्रत्युत्तर नआउँदा आमाको छट्पटी र निराशामा झनै मलजल पुग्यो । बूढेशकालमा हेरचाह गर्ला भनेको छोराले काजक्रिया पनि गर्न नपाउने भयो भन्ने चिन्ताले आमालाई झन् गाल्न थाल्यो ।

०००

अन्ततः जे नहुनुपर्ने हो, त्यही भयो । रमेशले घर छोडेको साढे दुई बर्षमा आमाले संसार छोडिन् । आमाका ती निर्जीव आँखा शायद रमेशकै बाटो हेर्नका लागि खुला थिए । अन्तिम सास फेर्ने बेलामा पनि छेउमा बसेका दुई छोराछोरीलाई सुम्सुम्याउँदै आमाले सोधिन्-"दाजु आएन ?" शायद उनले नकारात्मक जवाफ सुन्ने धैर्यता गर्न सकिनन् । र, आशावादी आँखा खुल्ला राख्दै उनी निर्जीवतामा रूपान्तरित भइन् ।

एउटा सुन्दर फूलवारी हेर्दाहेर्दै भताभुङ्ग भयो । पन्ध्र-सोह्र बर्षका दाजुबहिनीको न समाउने हाँगो थियो न टेक्ने जमिन नै । रमेशको अनुपस्थितिमा त्यसै उजाड बनेको उनीहरूको सपना आमाको असामयिक निधनले झन् क्षतविक्षत भयो । दाजुले परदेशबाट खर्चपानी पठाउनु त कहाँ हो कहाँ ! झन् विदेशिंदा लिएको रिनका कारण उनीहरू घरबाट निकालिनुपऱ्यो । त्यसपछि पढाइको त के कुरा, के खाने र कहाँ बस्ने भन्ने चिन्ताले उनीहरूलाई गाँजिरह्यो ।

एक दिन बिहानै गाउँभरि हल्ला फैलियो-रमेशका भाइबहिनीलाई त हिजो राति आउने हूलले साथमै लिएर गयो रे ! निश्चितै थियो-उनीहरूको खोजी गर्ने र उनीहरूप्रति चासो राख्ने कोही थिएन ।

"बहिनी त जान्न भनेर रुन्थी रे ।"

"दाजुले पनि बरु कसैको हली बनेर खान्छु, तिमीहरूसँग जान्न भन्थ्यो रे ।"

"एउटाले पछाडिबाट लात्तीले हानेको हाम्रा घरकाले राति देखेछन् ।"

पधँरामा एक-दुई दिन यस्तै चर्चा चल्नुबाहेक उनीहरू सबैबाट ओझेल परे । हेर्दाहेर्दै एउटा इतिहास विनाकारण पुरियो ।

०००

बल्लबल्ल रमेशले बाटो खर्च जुटायो । औँला भाँच्दै जाँदा उसले एक हजार रुपियाँ बच्ने हिसाबकिताब निकाल्यो ।

"आमालाई सारी, बहिनीलाई कुर्ता-सुरुवाल र भाइलाई सर्ट-प्यान्ट !"

ऊ निकै रोमाञ्चित भयो । खर्चको फाँटवारीसँग ऊ त्यति असन्तुष्ट भएन । के पर्छ, कसो पर्छ भन्दै थप एक जोर लुगा लैजाने निष्कर्षसहित उसका छरिता पाइला घरतिर लम्किन हतारिए ।

पाँच बर्षमा रमेशलाई घर फर्किने संयोग मिलेको थियो । नेपालगन्ज पुगेर उसले आफ्नो कपालमा कालो दल्यो । भारी बोक्दा रङ नै खुइलिन थालेका रौँलाई टिलिक्क टल्काउँदै ऊ गाउँतिर सोझियो ।

तर जतिजति गाउँ नजिकियो, ऊ त्यतित्यति आश्चर्यमा भास्सिदै गयो । कहाँ जाँदैछु भनेर उसले कैयौँ पल्ट आफैँलाई सोध्यो । ठाउँठाउँमा सोधपुछ ! ठाउँठाउँमा सुरक्षा-जाँच ! के भइरहेको छ भनेर उसलाई छुट्याउनै मुस्किल पऱ्यो ।

रमेश आफ्नो गाउँको मुखमा पुग्दा आफ्नो-विरानो नचिनिने गरी साँझ भुइँमा ओर्लिसकेको थियो। तीन जना हतियारधारीसँगको आकस्मिक जम्काभेटले ऊ तर्सियो ।

"रोक्नुहोस !"

"किन ?"

"को हो ? कहाँबाट आएको ? कहाँ जाने ?"

प्रश्नहरूको निरन्तरको झम्टाइले ऊ रन्थनियो ।

"म आफ्नो घर जाँदैछु-सिम्पानी ।"

अगुवाजस्तो देखिने केटो झस्कियो । उसले नियालेर मुखमा हेऱ्यो र केही नभनेर अगाडि बढ्न दियो ।

जब रमेश घर पुग्यो, त्यहाँ कुनै घर थिएन, घरको अवशेष मात्र थियो । आगोले मूल स्वरूप डढिसकेको त्यो भग्नावशेष देखेर रमेशले डाँको छोड्यो ।

अँध्यारो रातमा पछाडिबाट कोही फुस्फुसायो-"भाइबहिनी हिँडेपछि गाउँ पसेका सरकारी हतियारधारीले आगो लगाए ।"

रमेशले पृथ्वी भासिएको अनुभूति गऱ्यो र लखतरान जीउलाई खरानीको थुप्रोमा थ्याच्च थचाऱ्यो ।

*६ भदौ, ०६१*
*बल्खु, काठमाडौँ*

# स्वप्निल सहर वैचारिक अन्तर्दृष्टि

राजनीतिक धरातलमा टुसाएका विसङ्गत चिन्तन र कर्महरूलाई भित्तै पुऱ्याएर आलोचना गर्ने खुबी उपन्यासकार प्रदीप नेपालको लेखकीय सफलताको सम्भ्रान्त पाटो हो । राजनीतिलाई शिखर-वृत्तमा राखेर लेखिएका उनका उपन्यासहरूले राजनीतिका उज्याला र अँध्यारा खुट्किलाहरू सहजै ठम्याउने क्षमता मात्र बोकेका छैनन्, नेपाली राजनीतिका आन्तरिक समस्या बुझ्ने र केलाउने आधारस्तम्भ पनि खडा गरेको प्रतीत हुन्छ । आख्यानकार नेपालको ताजा उपन्यास 'स्वप्निल सहर' नेपालको वामपन्थी राजनीतिको एउटा अंश र प्रवृत्तिलाई चिन्ने दस्तावेज बन्न पुगेको छ ।

'स्वप्निल सहर' २५ वर्षको राजनीतिक उतारचढावको साहित्यिक दस्तावेज हो । त्यो २५ वर्ष पञ्चायती राजनीतिको अति कठिन घडी २०२५/२६ सालदेखि तन्किएर त्यस्तै ०५३/५४ सालमा आएर पूर्णविराम लागेको छ । पूर्वी पहाडको भोजपुरबाट उच्च शिक्षाका निम्ति काठमाडौँ आएका स्वाभिमानी किशोर अनन्तको जीवनका ऊर्जावान् वर्षहरूको सेरोफेरोमा उपन्यासले फन्को मारेको छ । तीन दशकभन्दा पहिले नै अध्ययनका निम्ति काठमाडौँ टेकेका एक किशोरले आधुनिकताको जन्जालमा नफसिसकेको तत्कालीन काठमाडौँ देखेर र भोगेर आफूमा कस्तो अनुभूति सँगाल्छ ? यही प्रश्न उभ्याउँदै अगाडि बढेको उपन्यास त्यसयताका राजनीतिक विकासक्रमहरूसँगै प्रवाहमान हुँदै बगेको छ । पञ्चायतका अँध्यारा खण्डहरू, ०३६ सालको जनआन्दोलनको उभार, ०३७ को जनमतसङ्ग्रह, ०४२ को बमकाण्ड, ०४६ को जनआन्दोलन हुँदै ०५१ मा नेपालमा पहिलोपटक वामपन्थीको सरकार बनेको क्षणसम्मलाई उपन्यासले आफ्नो विषयवस्तु बनाएको छ । अनन्त केन्द्रविन्दुमा रहे पनि अनन्तकी जीवनसाथी अनिता, राजनीतिका थुप्रै तिक्त अनुभव सँगाल्दै पहिलो वामपन्थी सरकारमा मन्त्रीसमेत बन्न पुगेका प्रचण्ड र उनका जीवनसाथी रजनी र अन्य थुप्रै सहायक पात्रहरू उपन्यासलाई जीवन्तता दिन आ-आफ्नो भूमिका र कर्तव्य

बोकेर उभिएका छन् । अनन्त र प्रचण्ड एउटै समय र चेतनाले युक्त पात्रहरू भए पनि प्रवृत्तिगत रूपमा फरक छन् । अनन्त राजनीतिभन्दा साहित्यलाई रुचाउँछ र प्रचण्डचाहिँ राजनीति नै सर्वोपरि ठानेर हिँडेका हुन्छन् । पञ्चायतका क्रूर समयावधिमा धेरैपटक जेल-जीवन भोगिसकेको हुन्छ प्रचण्डले । र, देशमा प्रजातन्त्र स्थापना भएपछि उसले मन्त्री बन्ने सौभाग्य पनि बटुल्दछ । तर, धेरै नै उतारचढावमय भए पनि प्रचण्डको जीवन भने सशस्त्र युद्धको बाटोबाट हटेर शान्तिपूर्ण जनआन्दोलनको मार्गमा हिँड्ने पार्टीको नीतिसँगै परिवर्तित हुन्छ । यसले कुनै बेला सशस्त्र क्रान्तिको बाटो रोज्दै हतियार उठाउने झापालीहरूको राजनीतिक स्वप्न र कथाव्यथाहरूलाई राम्ररी केलाउने जमर्को गरेको छ । प्रचण्डमा जागेको बन्दुकप्रतिको वितृष्णा उपन्यासको एक खण्डमा एक पात्र गिरीशसमक्ष व्यक्त यी विचारले पुष्टि गर्दछ- 'तर, कलममा कहिल्यै खिया लाग्दैन । गोली एकपल्ट पड्किएपछि सदाका लागि मर्छ तर तिम्रो गीत हजारपटक गाए पनि ओइलिँदैन । त्यो मर्ने त कल्पनै गर्न सकिँदैन । तीन हजार वर्ष पुराना गीतहरू अहिले पनि हामी ओम् भुर्भूवस्व तत्स वितुर्वरेण्यम् भर्गो देवस्य धी मही धियो यो न प्रचोदयात भनेर भाका फेरिफेरि गाइरहेका छौँ । तर, खै कहाँ छ अर्जुनको गाण्डिव धनु कुरुक्षेत्रमा । कुरुक्षेत्र बाँचेको छ व्यासको कलममा । तर, महाभारतका युद्धोन्मत्त महापुरुषको अस्तित्व खै कहाँ छ ? वाल्मीकि नभएका भए न सीता हुन्थिन्, न राम हुन्थे । तर, रामको धनुष नहुँदा पनि वाल्मीकि हुन्थे । त्यसैले गिरीश बन्दुक अस्थायी हो, क्षणिक हो र हो त्यो विनासको अर्को नाम । बन्दुकबाट परिवर्तन खोज्नु लासहरूमा जीवन खोज्नुजस्तै हो ।'

'स्वप्निल सहर' को प्रारम्भ अनन्तको निष्कपट, निश्छल र निर्बन्ध जीवनयात्राबाट सुरु भए पनि बीटमराइ भने अनन्त र प्रचण्डको सौहार्दपूर्ण अन्तरविरोधमा जेलिएको छ । अन्तरविरोधको केन्द्रमा प्रचण्ड मन्त्री हुँदा कामगराइको शैली रहेको छ । तत्कालीन सरकारले जनताका पक्षमा राम्रा कामहरू गरे पनि केही व्यक्तिहरूको कारण सरकार र पार्टी बदनाम बनेको यथार्थ पक्षलाई उपन्यासमा ठाउँ दिइएको छ । अनन्तको चित्त सरकारमा रहनेहरूले गलत मान्छेलाई प्रोत्साहन दिन थाल्यो र जनताप्रति बेवास्ता गऱ्यो भन्नेमा दुखेको छ । अनन्त भन्छ पनि- 'जेका लागि तिमीहरूले जीवन दिने प्रण गरेका थियौ, त्यो अब कतै रहेन । तिम्रा ठूला नेताहरू यतिबेला जनताका शत्रुको हातको खेलौना बनिसकेका छन् । तिमीहरू सुन भरियाका मतियार बनिसकेका छौ । तिमीहरू भ्रष्ट, पतीत र कमिसनखोरहरूको संरक्षक बनिसकेका छौ ।' हुन त नेपाली राजनीतिका विसङ्गत तस्वीरहरू देखेर प्रचण्डलाई आत्मग्लानिबोध हुन्छ र पार्टी राजनीतिबाट अलग हुने विचार पनि राख्छ तर लामो बहस र संवादपछि अनन्तकै जोडमा फेरि राजनीतिक जीवनलाई सुचारु राख्ने पक्षमा उभिन्छ । 'स्वप्निल सहर' ले बोकेको कथासार यत्ति नै हो ।

'स्वप्निल सहर' राजनीतिक यथार्थको भावुक रिपोर्टिङ् मात्र बन्न पुगेको छैन, राजनीतिक सत्यको एक भरपर्दो अङ्गसमेत बन्न पुगेको छ । उपन्यासमा व्याप्त संवेदनशील दृष्टि र संशिष्ट शिल्पको सहाराका कारण यो उपन्यास शक्तिशाली मानवीय भावको रेखाङ्कन कोर्न सक्षम देखिएको छ । शब्दका चुस्त खेलाडी उपन्यासकार नेपालले आफ्नो कलात्मक र वैचारिक अन्तर्दृष्टिलाई 'स्वप्निल सहर' मा भरपूर उपयोग गरेका छन् ।

**– विवश वस्ती**